सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

लभगुरू रेखा थापा पृष्ठ ११ मा



• वर्ष १३ • अंक ४ • काठमाडौं, शुक्रबार, जेठ २५, २०६४ • SAPTAHIK • Nepali National Weekly • Friday, June 8, 2007 • ...३ • मूल्य रु. ८/-





## लाहुरे बन्ने दौडमा युवतीहरू

शिव शर्मा

पोखरा- अब लाहुरे बन्ने दौडमा युवाहरू मात्र हैनन्, युवतीहरू पनि अघि बढेका छन्। सखारै हूलका हूल युवतीहरू लाहुरे बन्ने प्रशिक्षण लिन पोखरा रंगशालामा जुट्छन्। सिर्जनाचोकको १७ वर्षीया मनिका श्रेष्ठ आँखा मिच्दै सेटअप गर्दै थिइन्। अमरसिंह उच्च मा.वि.मा कक्षा ११ मा अध्ययनरत श्रेष्ठको शारीरिक बनौट पनि लाहुरे हुन लायक छ। बेलायत सरकारले नेपाली युवतीहरूलाई पनि भर्तीमा लिने कुरा थाहा पाएपछि उनले यो प्रशिक्षण लिन थालेकी हुन्।

पहिलो पटकमै लाहुरे बन्छु भन्ने आशा छ, मनिकाले भनिन्– 'मेरो उद्देश्य नै ब्रिटिस आर्मी बन्नु हो।' मनिका मात्र हैनन्, उनीजस्ता धेरै युवती एक महिनादेखि लाहुरे बन्नका लागि विभिन्न तालिम लिइरहेका छन्। युवाहरूकै हाराहारीमा उनीहरू प्रशिक्षणमा कस्सिएका छन्। विनातालिम भर्तीका लागि जाँदा असफल बन्ने सम्भावना प्रबल भएकाले पनि यहाँ लाहुरे बन्नेहरूका लागि विभिन्न संघ-संस्थादेखि व्यक्तिगत रूपमा पूर्व लाहुरेहरूले तालिम दिइरहेका छन्। युवाहरूजस्तै युवतीहरूको पनि फुर्ती देखेर पूर्व सिंगापुरे लाहुरे टोपबहादुर गुरुङ दंग छन्। आफ्नै छोरीले लाहुरे बन्न रुचि देखाएपछि उनी आफै रंगशाला आएर निःशुल्क तालिम दिइरहेका छन्।

गुरुङ भन्दै थिए- 'अब उनीहरू युवाहरूजत्तिकै बलिया भैसकेका छन्।' अभिरुचिपूर्वक तालिम लिएका युवतीहरू देखेर रंगशालामा एक्सरसाइज गर्न आउनेहरू पनि छक्क पर्छन्। युवाहरूको भन्दा कम जोस छैन उनीहरूमा, रंगशालामा दौडिरहेका शिवकुमार श्रेष्ठले भने- 'युवतीहरूबीच पनि ठूलै प्रतिस्पर्धा होलाजस्तो छ।'

बेलायत सरकारले पहिलो पटक नेपाली युवतीहरूलाई पनि भर्ती लिने भएपछि यहाँका लाहुरे परिवार हर्षित छन्। नहुन् पनि किन ? यहाँको संस्कार नै लाहुरे छ। छिनेडाँडा पोखराकी बविता गुरुङको पारिवारिक पृष्ठभूमि नै लाहुरेमय छ। ५ फिट ५ इन्च अग्ली १९ वर्षीया बबिताले भर्खर प्लस टु सकेकी छिन्। परिवारको सपोर्ट र मेरो आफ्नै रुचिका कारण प्रयास गरेकी हुँ उनले भनिन्- 'लाहुरे भएपछि टोल र समाजका लागि केही नयाँ काम पनि गर्नेछु।'

लाहुरे बन्ने युवतीहरूले युवाहरूकै हाराहारीमा सबै एक्सरसाइज गर्नु पर्दैन। उनीहरूलाई केही छुट त अवश्य हुन्छ, तर उमेरको हकमा भने १७ वर्षदेखि २१ वर्ष नकटेको हुनैपर्छ। सामान्यतः हाइट पनि ५ दशमलव २ फिट आवश्यक छ। त्यस्तै वेट ४५ किलोग्रामभन्दा माथि चाहिन्छ। अहिले रंगशालामा युवाहरूसँगै तालिम लिने युवतीहरू २ सयभन्दा बढी भैसकेका छन्। हामीकहाँ मात्र २० जनाभन्दा बढी युवतीले तालिम लिइरहेका छन्, लोट्स ट्रेनिङ सेन्टरका सञ्चालक किशन थापा भन्छन्- 'आउन त धेरै आउँछन् तर कोही उमेर बढी भएर त कोही हाइट, वेट आदि नपुगेर फर्कन्छन्।' युवाहरूजस्तै युवतीहरूमा पनि यस्तो आकर्षण किन ? तालिम लिइरहेका युवतीहरू भन्छन्- 'हामी पनि आफ्नो खुट्टामा उभिन सक्छौं। बेलायती सेनामा भर्ती भएपछि सामान्य तलब सुविधा गरेर मासिक १ लाख आम्दानी हुन्छ।'

इन्द्रचोक पोखराकी १९ वर्षीया अनिता गुरुङलाई लाहुरे तालिम लिएका टोलका आफ्ना दाजुभाइहरू धमाधम ब्रिटिस आर्मीमा भर्ती भएको देख्दा अत्यन्तै लोभ्याउँथ्यो। लाहुरे हुनका लागि पुरुष नै हुनुपर्दो रहेछ भन्ने थकथक लाग्थ्यो उनलाई। अहिले उनको थकथक मेटिएको छ। महिलाका लागि पनि भर्ती खुल्यो भन्दा म धेरै खुसी भएँ, रंगशालामा तालिमका क्रममा गुरुङले भनिन्- 'पुरुषजतिकै हामीले गर्न सक्छौं भनेर देखाउनका लागि पनि तालिम लिन आएकी हुँ।' तालिमका लागि पोखरामा स्थानीय मात्र होइनन् तनहुँ, स्याङ्जा, लमजुङ, गोर्खा, म्याग्दी, पर्वत आदि जिल्लाबाट पनि युवतीहरू आएका छन्। युवाहरूसँग तालिमका लागि शुल्क लिइए पनि युवतीहरूसँग भने लिइएको छैन।

महिला पनि केको लाहुरे हुनुपरेको भन्नेहरूलाई चोटिलो जवाफ फर्काउँदै रत्नचोककी १८ वर्षीया प्रकृति गुरुङ भन्छिन्- महिला-पुरुष बराबरीको नारा केका लागि ? महिला पनि लाहुरे हुन किन नसक्ने ? पुरुषजत्तिकै आफूलाई बलियो भएको प्रमाणित गर्न उनी कसरत गरिरहेकी छिन्। यो वर्ष बेलायत सरकारले नेपाली युवतीहरूको क्षमता कस्तो छ भनेर ट्राइल टेस्ट लिन्छ, प्रशिक्षक यमबहादुर गुरुङ भन्छन्- 'अर्को वर्ष बल्ल युवतीहरूलाई भर्तीमा लिनेछ।

लाहुरे बन्न चाहने युवतीहरूका लागि जेठ १८ देखि नै फारम खुलिसकेको छ। आवेदन फारम बुझाउनुपर्ने अन्तिम मिति साउन १५ हो। बुद्धचोककी २१ वर्षीया मनीषा राना भन्दै थिइन्- लाहुरे भए ठीकै छ, हुन सकिएन भने अध्ययन त छँदैछ। बीबीएसकी छात्रा मनीषाका लागि यो पहिलो र अन्तिम प्रयास हो। अर्को पटक त उमेर नै बढी हुन्छ। पहिलो पटकमा सम्भावना अलि बढी हुन्छ, -उनले बताइन्। ब्रिटिस सेनाका लागि युवाहरूको छनौट प्रक्रिया सबै नेपालमै भए पनि युवतीहरूका लागि प्रारम्भिक चरणपछि अरू सबै छनौट बेलायतमै हुने प्रशिक्षकहरूले बताए।

## धरानमा पनि होड

झन्डै सवा दुई सय वर्षअघि सुरु भएको ब्रिटिस गोर्खा भर्तीमा पुरुष युवा मात्र होइनन्, अब युवती पनि भर्ती हुन जाने होड सुरु भएको छ। युवतीहरू पनि के कम ? भर्ती लायक तन्नेरीसरह युवतीहरू पनि हिजोआज धरानका गल्ली–गल्लीमा दौडिरहेका भेटिन्छन्। उनीहरू दैनिक शारीरिक अभ्यासमा व्यस्त हुन्छन्। नेपाली युवतीका कोमल हात बेलायती बन्दुक र बम खेलाउन आतुर देखिन्छन्। 'ब्रिटिस आर्मीमा भर्ती भए धेरै ज्ञान र धन आर्जन गर्न सकिन्छ,'– यसपालिको ट्रायल भर्तीमा सहभागी हुने तयारीमा रहेकी सुजाता राईले बताइन्। २० वर्षीया युवती सुजाता धरान कलेज अफ म्यानेजमेन्टमा बीबीए तेस्रो वर्षमा अध्ययनरत छिन्। सुजाता भन्छिन्– 'सानो छँदैदेखि ठूलो भएर आर्मी हुने संकल्प गर्दै आएकी छु।' भारतीय आर्मीका सुबेदार–मेजरकी छोरी सुजाता कम्ब्याट क्रेजी हुन्। कक्षा १२ को नतिजाको पर्खाइमा रहेकी विराट चोक, मोरङकी सुमन राई पनि प्रत्येक दिन बिहान–बेलुका युवकहरूसँगै दौड मात्रै गरिरहेकी छैनन् ह्याभिङ, सेटअपजस्ता शारीरिक कसरतहरू पनि गरिरहेकी छिन्। शारीरिक अभ्यास र शिक्षामा अब्बल राई यसपालि प्रतिस्पर्धाको फाइनल चरण पुग्ने कुरामा ढुक्क छिन्।

बाँकी पृष्ठ ७ मा

साइबर गर्ल

नसिम



मध्यपृष्ठमा

उषा पौडेल

## क्यासेट

### बल्लाडस्




गायक एड्रियन प्रधानको नयाँ गीतिसंग्रह 'बल्लाडस्' श्रोतामाझ आएको छ। आठवटा पप-रक गीत समाविष्ट यो संग्रहलाई ताल म्युजिक सेन्टरले बजारमा ल्याएको हो। अल्बर्ट गुरुङ, रोबर्ट सुब्बा, सोहन मानन्धर, मापन भुषालले संग्रहका शब्द रचना एवं संगीत तयार गरेका छन् भने शब्द रचना राजेश लिम्बू र विक्रम केसीको छ। त्यसैगरी सुरज माली र शरण जोशीले दुई गीतमा संगीत दिएका छन्।

### वनमा फुल्यो फूल




गायिका आगन्तुक खरेलको पहिलो गीतिसंग्रह 'वनमा फुल्यो फूल' दर्शक-श्रोतामाझ आएको छ। रियाज म्युजिक सेन्टरले बजारमा ल्याएको यो गीतिसंग्रहमा चलचित्र कसमको वनमा फूल्यो फूलको गीतलाई रिमिक्स बिटमा प्रस्तुत गरिएको छ। गीतिसंग्रहमा शब्द रचना शम्भुजित बाँस्कोटा, राहुल प्रधान, अनिल शाही, वीरेन्द्र पाठक, हिमाल भट्ट, रमी श्रेष्ठ, पुष्पा सुनवार, धनबहादुर थापाको छ। त्यसैगरी संगीत शम्भुजित बाँस्कोटा, राहुल प्रधान, अनिल शाही, राजु सिंह तथा लक्ष्मण पुनको छ। वनमा फुल्यो फूललाई राजन इशानले रिमिक्स तथा फिचरिङ गरेका छन् भने सतिज श्रेष्ठले मेलोडीमा साथ दिएका छन्। त्यसैगरी एउटा गीतमा गायक दीपेशकिशोर भट्टराई र दुई जना गायिकाको आवाज छ।

### फूलको थुङ्गा

एएनएस म्युजिकले लोकदोहोरी गीतिसंग्रह 'फूलको थुङ्गा' बजारमा ल्याएको छ। गीतिसंग्रहको भाग १ मा नराख्नु मनमा खाँट्टी कुरो चैं... र भाग २ मा मेरो मुटु लग्यौं सानु चट्ट चुँडेर.... गीत समावेश छन्। संग्रहमा रामप्रसाद न्यौपाने, नरहरि प्रेमी, जुना प्रसाईं, माण्डवी त्रिपाठीको स्वर छ भने शब्द संकलन महेश बूढाथोकी र तुलसी पराजुलीको छ। संग्रहमा समाविष्ट गीतको लय संकलन नरहरी प्रेमीले गरेका छन्।

## रंगमञ्च

- गत बुधबार नाट्यगृह नेपाल उदयपुरले गाईघाटको मुख्य चौकमा 'कचहरी' शीर्षकको सडक नाटक प्रर्दशन गरे। गुरुकुल (आरोहण) का गुरु सुनील पोखरेलको प्रमुख आतिथ्यमा प्रदर्शित उक्त नाटक हेर्न हजारौं सर्वसाधारण मध्याह्नको चर्को घामको पनि परवाह नगरी उपस्थित थिए। एउटी सासूले विवाह गरेर ल्याएकी नयाँ बुहारीलाई कतिसम्म काममा दलेर आ□नो हैकम चलाउँछिन् र छोरालाई उचालेर बुहारीलाई कतिसम्म कुटपिट गर्न लगाउँछिन् भन्ने विषयलाई उजागर गरिएको उक्त नाटक हेर्न विशेष गरी महिलाहरूकै उपस्थिति बढी थियो।

-आधुनिक नाटकका पिता नर्वेली नाटककार हेनरिक इब्सेनद्वारा लिखित नाटक 'अ डल्स हाउस' को नेपाली रूपान्तर 'पुतलीघर' लाई आरोहण-गुरुकुलले एक सय पचासौं पटक मञ्चन गरेको छ। गत मंगलबार मञ्चित उक्त नाटकले सोही दिन एक सय पचासौं प्रदर्शनको यात्रा तय गरेको हो। नाट्यकर्मी सुनील पोखरेल निर्देशक रहेको उक्त नाटक मञ्चन भएपछि नाटकका कलाकारहरूलाई स्मृतिचिह्न प्रदान गरिएको थियो।

-पाठ्यक्रम विकास केन्द्रको आयोजनामा सत्रौं उपत्यकाव्यापी एकांकी नाटकलेखन प्रतियोगिता सम्पन्न भएको छ। उपत्यकाका विभिन्न विद्यालयका ६० विद्यार्थी सहभागी रहेको उक्त प्रतियोगितामा उत्कृष्ट हुने तीन एकांकी नाटकलाई आगामी असार १८ गते एक कार्यक्रमका बीचमा नगदसहित पुरस्कृत गरिने बताइएको छ। काठमाडौंको भीएस निकेतन, ललितपुरको लिटिल एन्जेल्स तथा भक्तपुरको एभरेस्ट स्कुलमा आयोजना भएको उक्त नाटकलेखन प्रतियोगितामा काठमाडौंबाट ३३, ललितपुरबाट २० र भक्तपुरबाट ७ जना विद्यार्थी सहभागी थिए।

-गैरसरकारी संस्था स्वाती नेपालको आयोजनामा भ्रष्टाचारविरुद्ध जनचेतना फैलाउने उद्देश्यले गत बुधबार पाटनको कृष्णमन्दिर परिसरमा सडक नाटक मञ्चन गऱ्यो। महिला सशक्तीकरणका लागि सक्रिय यो संस्थाले भ्रष्टाचारका कारण माथि उठ्न नसकेको नेपाली जीवनशैलीको विषयवस्तुलाई आधार बनाएर नाटक प्रस्तुत गरेको थियो।

## ग्यालरी

-कलाकार सञ्जित महर्जनको पहिलो एकल चित्रकला प्रदर्शनी गत आइतबार सम्पन्न भएको छ। काठमाडौं विश्वविद्यालयमा स्नातक तह दोस्रो वर्षमा अध्ययनरत महर्जनको 'रङ्गसितको आत्मीयता' शीर्षकको उक्त प्रदर्शनीका चित्रहरूमा तैलीय चित्रमा नीलो रङ्गको प्रयोग गरिएको थियो, जसमा भक्तपुरका विभिन्न भू-दृश्यलाई उतारिएको छ।

-नेपाल प्रज्ञा-प्रतिष्ठानको स्वर्णजयन्तीमा आयोजना हुने कला महोत्सवमा भाग नलिन ललितकला लोकतान्त्रिक अभियानले कलाकारहरूसँग आग्रह गरेको छ। अभियान संयोजक किरण मानन्धरले जारी गरेको प्रेस विज्ञप्तिमा जनआन्दोलन २ को सफलतापछि ललितकला प्रज्ञा-प्रतिष्ठान, संगीत नाट्य प्रतिष्ठान, भाषा-साहित्य प्रज्ञा-प्रतिष्ठान स्थापना गर्ने छुट्टाछुट्टै विधेयक अन्तरिम संसद्मा पेस भैसकेको अवस्थामा प्रज्ञा-प्रतिष्ठानको स्वर्ण महोत्सवको औचित्य नभएको बताइएको छ।

- कलाकार कैलाशकुमार श्रेष्ठको एकल चित्रकला प्रदर्शनी गत बुधबारदेखि नेपाल आर्ट काउन्सिल बबरमहलमा प्रारम्भ भएको छ। उद्योगपति राजेन्द्र खेतानले उद्घाटन गरेको उक्त प्रदर्शनी आगामी मंगलबारसम्म सञ्चालन हुनेछ। काठमाडौं विश्वविद्यालयका विद्यार्थी श्रेष्ठको उक्त चित्रकला प्रदर्शनीको शीर्षक 'अ सिफ्ट अफ भिजन राखिएको छ।

- कलाकार नागेनसिंह 'सिंह प्रभात' को चौथो एकल चित्रकला प्रदर्शनी नेपाल आर्ट काउन्सिल बबरमहलमा गत आइतबार सम्पन्न भएको छ। 'अस्वीकृत कला' शीर्षकको उक्त चित्रकला प्रदर्शनीमा खुला शैलीमा आधारित नाङ्गा चित्रहरू प्रदर्शनीमा राखिएका थिए। ०४८ साल यताका १ सय २ थान चित्र प्रदर्शनीमा थिए। जेठ १८ गते शुक्रबार प्रारम्भ भएको उक्त प्रदर्शनीमा 'चित्रकलाप्रति राजनीतिकर्मीको दृष्टिकोण' शीर्षकमा अन्तर्क्रिया कार्यक्रम आयोजित गरिएको थियो भने वीरेन्द्र हमालद्वारा निर्देशित नाटक 'मृगतृष्णा' समेत मञ्चन भएको थियो।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

सुरुमा आम्दानीसँगै खर्च पनि बढ्ने हुँदा धन सञ्चित हुने देखिँदैन। मन दुविधाग्रस्त रहनेछ। काममा बाधा-व्यवधान खडा हुनसक्छ। कुरा काट्नेहरू बढ्नेछन् भने अरूको काममै समय बिताउनुपर्नेछ। सोमबार तथा मंगलबार मानसम्मान एवं काममा सफलता मिल्नेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। सप्ताहान्तितिर पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### वृष

समष्टिमा साता राम्रो छ। बोलीको प्रभाव एवं सोच्ने शक्ति बढ्नेछ। मानसम्मानका साथै काममा सफलता पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूबाट सहयोग पनि पाउनुहोला। यात्रा हुनसक्छ। व्यवसायमा सफलता देखिन्छ। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### मिथुन

उतारचढावको सामना गर्नुपरे पनि निरन्तर प्रयास गरे सफलता मिल्नेछ। मानसम्मान पाइनुका साथै धन आर्जन गर्न सकिनेछ। विवाद भए पनि तपाईंको सत्यताले विजय प्राप्त गर्नेछ भने सोच्ने शक्ति बढ्नेछ। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ताले सताउने तथा काममा अवरोध आउने योग छ। शत्रु पनि सक्रिय रहनेछन्।

### कर्कट

सुरुमा स्वास्थ्य बिग्रनेछ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। खर्च एवं विवाद बढ्नेछ। समयमा निर्णय गर्न नसक्दा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। विश्वास गरेकाहरूले धोका दिनेछन्। सोमबारदेखि मानसम्मान तथा काममा सफलता मिल्नेछ। धन पनि कमाउनुहोला। भेटघाटमा रमाउने अवसर जुट्नेछ।

### सिंह

सुरुमा यात्रा हुनेछ। खर्चका साथै आम्दानी पनि बढ्नेछ। आफन्तहरूबाट सहयोग मिल्नेछ। शनिबारदेखि मंगलबारसम्म स्वास्थ्यमा समस्या देखा पर्ने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने देखिन्छ। शरीरमा चोटपटक अनि झूटा आरोप लाग्न सक्छ। बुधबार तथा बिहीबार मानसम्मान मिल्ने, काममा सुधार आउने एवं प्रसन्नता बढ्ने योग छ।

### कन्या

सुरुमा परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। पराक्रम एवं व्यवसाय बढ्नेछ भने अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने योग छ। यात्रा हुन सक्छ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### तुला

सुरुमा सोच्ने शक्ति बढ्नेछ भने काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। भाग्यले पनि साथ दिनेछ। सजिलै अरूको मन जित्न सकिनेछ। मानसम्मान पनि प्राप्त होला। यात्रा हुनसक्छ। बुधबार तथा बिहीबार स्वास्थ्य गडबड रहने तथा काममा अवरोध आउने देखिन्छ। कुरा काट्नेहरू बढ्नेछन्। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ।

### वृश्चिक

सुरुमा गलत विचार एवं चिन्ता बढ्नेछ भने काममा अवरोध आउनेछ। स्वास्थ्य गडबड रहन सक्छ। घरेलु समस्याले सताउनेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। सोमबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा पनि हुनसक्छ। अध्ययनमा सुधार आउनेछ।

### धनु

काममा सुधार आए पनि घरेलु समस्याले सताउनेछ। रोग एवं शत्रुका साथै चिन्ता बढ्नेछ। समयमा निर्णय नहुँदा काममा अवरोध खडा हुनसक्छ। गलत विचारले दुःख दिन सक्छ। बुद्धिले बेलामा काम नगर्दा अरूबाट आलोचित हुनुपर्नेछ। शुक्रबार, बुधबार तथा बिहीबार परिश्रम गर्दा काममा सफलता मिल्ने अनि आम्दानी एवं यात्रा हुने योग छ।

### मकर

सुरुमा बोलीको प्रभाव, पराक्रम एवं सोच्ने शक्ति बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। मानसम्मान पनि मिल्नेछ। भेटघाटमा प्रसन्नता बढ्ने योग भए पनि सोमबारदेखि घरेलु समस्याले सताउनेछ। शत्रु सक्रिय रहनेछन्। स्वास्थ्यले पनि साथ छोड्नेछ। काममा अवरोध आउनाले चिन्तित हुनुपर्नेछ।

### कुम्भ

साता मध्यम रहनेछ। सुरुमा मानसम्मान मिल्नेछ भने भोजभतेरमा संलग्न हुने अवसर पाइनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने योग छ। राम्रै आम्दानी हुनसक्छ। सोच्ने शक्ति बढ्नेछ। शनिबार, आइतबार तथा बिहीबार विवाद एवं चिन्ता बढ्नुका साथै काममा अवरोध आउने योग छ। शत्रु सक्रिय रहनेछन्। घरेलु समस्याले सताउन सक्छ।

### मीन

सुरुमा खर्च एवं विवाद बढ्नेछ। काममा अवरोध आउनुका साथै चिन्ता पनि बढ्नेछ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। धनमाल हराउन सक्छ। शनिबार, आइतबार, बुधबार तथा बिहीबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अरूको विश्वास जित्न सकिनेछ भने यात्रा हुनसक्छ। भाग्यले पनि साथ दिनेछ। भोजभनतेरमा संलग्न हुने अवसर जुट्नेछ।

### यो साताको पञ्चाङ्ग

जेठ २८ गते : पनौती स्नान, मष्टा पूर्णिमा व्रत

# अझै स्पष्ट भएन माओवादी आर्थिक नीति

**साप्ताहिक समाचार**

काठमाडौं, गत साता जिल्ला-जिल्लाबाट राजधानीमा भेला भएका सयौं उद्योगी-व्यवसायीहरू त्यसबेला निरास भए जब उनीहरूको मागअनुसार माओवादीले आफ्नो आर्थिक नीति स्पष्ट पार्न सकेन । नेकपा माओवादीले सम्पूर्ण व्यवसायी जम्मा भएका बखत आफ्ना आर्थिक नीतिबारे सविस्तार जानकारी गराउने अपेक्षा व्यवसायीहरूले राखेका थिए । व्यवसायीहरूका अनुसार माओवादीको आर्थिक नीतिबारे जानकारी गराउन अध्यक्ष प्रचण्ड तथा नेता बाबुराम भट्टराई उपस्थित थिए । यद्यपि दुवै नेताहरूले व्यवसायीहरूको चित्त बुझाउन सकेनन् । व्यवसायी अच्युत प्रसाईंले साप्ताहिकसँग भने, 'मैले दुवै नेतालाई वाईसीएलले आर्थिक क्षेत्रमा गरेको हस्तक्षेप, ट्रेड युनियनको बढ्दो माग तथा वैदेशिक लगानीका बारेमा प्रश्न गरेको थिएँ तर उहाँहरूले यस्तो प्रश्नबाट निरास भएको बताउनुभयो ।'

उक्त भेलामा अध्यक्ष प्रचण्डले आफ्नो दलको नीतिलाई असहयोग गरेको भनी व्यवसायीहरूको आलोचना गरेका थिए । व्यवसायीहरूका अनुसार दुवै नेताले राष्ट्रिय लगानीलाई प्रोत्साहन गर्ने, वैदेशिक पुँजी भित्र्याउँदा राष्ट्रिय स्वार्थअनुसार भित्र्याउने जानकारी दिएका थिए । यही कार्यक्रममार्फत् माओवादीले राष्ट्रिय पुँजीको सुरक्षा गरिने, राष्ट्रिय पुँजिपतिलाई सहुलियत दिने तथा राष्ट्रिय उद्योगलाई वार्षिक ५ प्रतिशत ब्याजमा ऋणको व्यवस्था गर्ने आफ्नो दलको नीति सार्वजनिक गरेको छ । माओवादीले ९० प्रतिशत उद्योगधन्दा निजी व्यवसायीहरूले गर्ने तर १० प्रतिशत व्यवसाय सरकारले चलाउने बताएको छ । व्यवसायीहरूले भने माओवादीको यो नीति अमूर्त भएको बताएका छन् ।

माओवादीभित्र अर्थनीतिका विश्लेषकका रूपमा चिनिएका स्थानीय विकास मन्त्री देव गुरुङ अनुपस्थित उक्त कार्यक्रममा नेता भट्टराईले माओवादी अर्थनीति प्रस्तुत गरेका थिए । नेता भट्टराईले सामान्तवादको पूर्ण अन्त्य, पुँजीवादी औद्योगिक क्रान्ति तथा नेपाली श्रम एवं पुँजीको अधिकतम उपयोग गर्ने आफ्नो दलको नीति भएको बताए । नेपाली सामग्रीको अधिकतम उत्पादन गरी निकासीमार्फत् व्यापार घाटा कम गर्ने योजना रहेको पनि उनले बताए । यसका लागि कृषि क्रान्ति गर्न व्यवसायीलाई सहयोग गर्ने योजना रहेको उनको कथन थियो । कृषिसँग सम्बन्धित उद्योगलाई बढी ग्राह्यता दिने उनले बताए । भट्टराईले अन्य उद्योग तथा कलकारखानालाई अपहेलना नगरिने नीति रहेको पनि भट्टराईले दोहोऱ्याए ।

'लगानीकर्तालेे पाँच प्रतिशत ब्याजमा ऋण पाउने व्यवस्था गर्छौं डा भट्टराईले माओवादी आर्थिक नीति बुझाउने क्रममा भने, 'अहिले अर्थमन्त्रालय, उद्योग मन्त्रालय पुरानै सोचमा चलेका कारण क्रान्तिकारी कदम चाल्न अप्ठ्यारो भएको छ ।' माओवादी अर्थनीति अमूर्त खालको भएको टिप्पणी व्यवसायीहरूको छ । व्यवसायी चिरिञ्जीविनिधि तिवारी भन्छन्, 'माओवादी आर्थिक नीति चीन वा भारतको पश्चिमबंगाल जस्ता कम्युनिस्ट शासन भएका स्थानको जस्तै हो कि भन्ने भान पऱ्यो तर अझै स्पष्ट भएन ।'

उक्त कार्यक्रममा माओवादीका अध्यक्ष प्रचण्डले ऊर्जा, सडक, सञ्चार, शिक्षा एवं स्वास्थ्य क्षेत्रमा राज्यको लगानी हुने आशय व्यक्त गरे । यसबाट निजी क्षेत्रबाट प्रारम्भ भएका लघु जलविद्यूत, विद्यालय-क्याम्पस, अस्पताल एवं सञ्चार क्षेत्र प्रभावित हुने हुन् कि भन्ने त्रास व्यवसायीमा रहेको छ । व्यवसायीहरूले भने बद्लिंदो परिस्थितिमा राज्यले सुरक्षा, परराष्ट्र, विकास व्यवस्थापनबाहेक अन्य कुरामा लगानी गर्न नहुने बताएका छन् ।

## संविधानसभा — व्यक्ति-अभिव्यक्ति

फेरि आठ दलका नेताहरूबाट गल्ती भएको हो कि भन्ने लागेको छ । मंसिरमा संविधानसभाको निर्वाचन गर्ने भनेर जुन कुरा गरिएको छ, त्यो भनेर मात्र हुँदैन । शान्ति-सुरक्षाको अवस्था यस्तै हो भने कसरी हुन्छ मंसिरमा संविधानसभाको निर्वाचन ? माओवादीहरूको कुटपिट, धम्की, त्रास कायम हुन्जेलसम्म संविधानसभा निर्वाचन हुन सक्तैन ।

**शेरबहादुर देउवा, सभापति, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)**

संसारमा द्वन्द्व नभै कतै पनि शान्ति आएको छैन । अशान्ति भयो भन्दैमा निर्वाचन पनि रोकिएको छैन । त्यसैले सानातिना आन्दोलन भयो भन्दैमा संविधानसभाको वातावरण बनेको छैन भन्न मिल्दैन । आन्दोलन भयो, अशान्ति भयो भनेर निर्वाचनको मिति पर सार्दै जाने हो भने जनआन्दोलन-२ मा जनताले दिएको म्यान्डेट सकिन्छ । हामीले संविधानसभा निर्वाचन गर्ने दायित्व आफ्नो काँधमा लिएपछि जसरी पनि यो निर्चाचन हुनुपर्छ ।

**लीलामणि पोखरेल, उपाध्यक्ष, जनमोर्चा नेपाल**

सबैले आजभोलि मंसिरमा संविधानसभाको निर्वाचन गर्ने कुरा गर्छन् । म छक्क परिरहेको छु । किनभने राजा रहुन्जेल मंसिरमा त के अर्को जेठमा पनि संविधानसभाको निर्वाचन हुन सक्तैन । यसको उदाहरण हामीले पहिले नै देखिसकेका छौं । यति थाहा भएपछि पहिले राजा हटाउने कुरा गर्नुपऱ्यो । देशमा गणतन्त्र आएपछि संविधानसभाको निर्वाचन गरौंला ।

**कृष्णबहादुर महरा, सञ्चारमन्त्री**

मंसिरमा चुनाव हुन्छ कि हुँदैन भनेर अलमलिने होइन, इमान्दारिताका साथ सबैले चुनाव गर्नुपर्छ भनेर लाग्ने हो भने त्यो असम्भव छैन । संविधानसभाको निर्वाचन गराउने क्रियाकलाप अघि बढ्दा जसले बीचमा भाँजो हाल्छ, त्यसलाई कारबाही गर्नुपर्छ । यसका लागि प्रधानमन्त्री कोइरालाको डिक्टेटरसिप मान्न पनि तयार हुनुपर्छ ।

**ओमकार श्रेष्ठ, नेता, नेपाली काङ्ग्रेस**

## हट हेडलाइन

### बैठक बस्न नसक्दा भागबन्डा रोकियो

स्थानीय निकायहरूमा रिक्त रहेको पदहरूलाई मनोनयनमार्फत् भागबन्डा गर्ने सरकारको प्रयास आठ दलको बैठक बस्न नसक्दा रोकिएको समाचार साप्ताहिक विमर्शले प्रकाशित गरेको छ। समाचारअनुसार विदेश भ्रमणमा रहेका स्थानीय विकास मन्त्री देव गुरुङको तर्फबाट सूचना तथा सञ्चारमन्त्री एवं सरकारका प्रवक्ता कृष्णबहादुर महराले प्रस्तुत गरेको भागबन्डा विवरणअनुसार नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादीले १८/१८ जिल्ला सभापति पाउनेछन्। अन्य दलको हकमा नेपाली कांग्रेस प्रजातान्त्रिकले ९, नेमकिपा, जनमोर्चा, सद्भावना (आनन्दीदेवी) र वाममोर्चाले ३/३ वटा जिल्ला सभापति पद पाउने भएका छन्। त्यसैगरी ५८ नगरपालिकामध्ये कांग्रेस, एमाले र माओवादीले १२/१२, नेपाली कांग्रेस प्रजातान्त्रिकले ६ र अन्य साना दलले ३/३ नगरपालिका पाउने गरी भागबन्डाको प्रस्ताव गरिएको छ।

### माओवादी मन्त्रालयमा राजावादी

गणतन्त्रको पक्षमा उभिँदै आएको नेकपा माओवादीको मातहतमा रहेको स्थानीय विकास मन्त्रालयअन्तर्गत रहेको गुम्बा व्यवस्थापन तथा विकास समितिको अध्यक्ष पदमा राजावादी र विवादास्पद व्यक्ति ङवाङवासेर लामालाई नियुक्त गरिएको कुरा साप्ताहिक छलफलले जनाएको छ। समाचारअनुसार लामाले उक्त पदका लागि स्थानीय विकासमन्त्री देव गरुङलाई आफ्नो प्रभावमा पारेका हुन्। मौसमअनुसार रंग फेर्ने कलामा माहिर मानिने लामा कट्टर राजावादी ताम्ला उक्यावका खास मानिस भएको बताइएको छ।

### विवाह गरेपछि निष्कासन

संगठनको अनुमतिबिना विवाह गरेको आरोप लगाउँदै नेकपा माओवादीको भ्रातृसंगठन अनेरास्ववियु (क्रान्तिकारी) ले आफ्ना दुई केन्द्रीय सदस्य गुणराज अधिकारी तथा सुदीप नेपाललाई संगठनबाट निष्कासित गरेको सामाचार साप्ताहिक देशान्तरले प्रकाशित गरेको छ। समाचारअनुसार ती दुई केन्द्रीय सदस्यमाथि संगठनको अनुशासन भङ्ग गरेको आरोप लगाइएको छ, तर यो विषयमा क्रान्तिकारीका अध्यक्ष लेखनाथ न्यौपानेले उनीहरूलाई कुनै आरोपमा निष्काशित गरिएको नभई उनीहरूले घरायसी कारण देखाई दिएको राजीनामा स्वीकृत गरिएको बताएका छन्।

### राजा राख्न जासुसहरू सल्बलाए

नेपालको बदलिंदो राजनैतिक परिस्थितिलाई विश्लेषण गर्दै आएको भारतीय जासुसी संस्था 'र' ले नेपालमा राजतन्त्रको स्थितिका बारेमा हालै एक सर्वेक्षण गरेको समाचार साप्ताहिक साँघुले प्रकाशित गरेको छ। समाचारअनुसार 'र' ले गरेको सर्वेक्षणअनुसार ४५ प्रतिशत नेपाली राजालाई कुनै न कुनै स्थान दिनुपर्ने पक्षमा छन्। ४३ प्रतिशत नेपाली नेपालमा राजालाई कुनै स्थान दिन नहुने र अन्य १२ प्रतिशत नेपाली अनिर्णयको स्थितिमा रहेको बताइएको छ। सर्वेक्षणले ७५ प्रतिशत जनतालाई संविधानसभाका बारेमा कुनै जानकारी नभएको र ५२ प्रतिशत जनताले राजनैतिक दलमाथि विश्वास नभएको विचार व्यक्त गरेको बताएको छ।

### नाति ठीक हजुरबा बिरामी

ठेउलाले ग्रस्त नवयुवराज हृदयेन्द्रको स्वास्थ्यमा सुधार आउँदा-नआउँदै राजा ज्ञानेन्द्रको स्वास्थ्य खराब भएको समाचार साप्ताहिक घटना र विचारले प्रकाशित गरेको छ। समाचारअनुसार अहिले नवयुवराज हृदयेन्द्र स्वस्थ भएर विद्यालय जान थालेका छन् तर राजा ज्ञानेन्द्रको स्वास्थ्यमा खराबी देखिएपछि चिकित्सकहरूले उनलाई पूर्ण आराम गर्न सल्लाह दिएका छन्। प्राप्त जानकारीअनुसार राजा ज्ञानेन्द्रको छातीमा समस्या देखिनुका साथै कलेजोमा बढी बोसो देखिएको छ। चिकित्सकहरूले राजा ज्ञानेन्द्रलाई हल्का शारीरिक कसरत गर्ने सल्लाह पनि दिएका छन्। यसका साथै चिकित्सकहरूले उनलाई तनावमा नरहन, खानामा चिल्लोको मात्रा घटाउन र मदिरापान नगर्न सल्लाह दिएका छन।

### कुमारीहरूबीचको कोलाहल

धार्मिक अनुशासनका नाममा यौनकार्यलाई पूर्ण रूपमा बर्जित गरिएको ब्रह्मकुमारी राजयोग नामक धार्मिक संस्थाको ठमेलस्थित ठमेलमा ब्रह्मकुमारीहरूसँग यौन दुर्व्यवहार भएको समाचार साप्ताहिक जनआस्थाले प्रकाशित गरेको छ। समाचारअनुसार गत सोमबार प्रहरीले ब्रह्मकुमारी राजयोगको ठमेलस्थित केन्द्रमा छापा मार्दा उक्त रहस्य खुलेको हो। समाचारमा प्रहरीले राजयोग केन्द्रबाट मुक्त गरेको ब्रह्मकुमारी लक्ष्मी अधिकारीको हवाला दिँदै भनिएको छ- लक्ष्मी अधिकारीलाई सुरतबहादुर ऐरले यौनशोषण गर्दै आएका थिए। ऐरले अन्य ब्रह्मकुमारीहरूको यौन शोषण गरेको आरोप छ। त्यस्तो यौन शोषण विरुद्ध बोल्ने ब्रह्मकुमारीहरूलाई ठमेल राजयोगकी निर्देशक राजदिदीले मानिस लगाएर कुटाउँथिन्। यौनशोषणको आरोप लागेका खानेपानीका इन्जिनियर सुरतबहादुर अहिले फरार छन्। लक्ष्मी अधिकारीका अनुसार ऐरलाई राजदिदीले भगाएकी हुन्।

## मेरो विचार

### संविधानसभाको प्रक्रिया र महत्व

जनताको मतदानबाट प्रतिनिधि चयन भएर अर्थात् निर्वाचित भएर आउने प्रतिनिधिहरूबाट संविधानसभाको गठन हुन्छ। संविधानसभाको गठनका लागि संविधानसँग सम्बन्धित विषयहरूमा छलफल, अन्तरसंवाद गर्ने एवं उन्मुक्त वातावरणमा संविधानसभाका बारेमा जान्न र बुझ्न पाउने अधिकार आमनागरिकमा निहित रहन्छ, जसमा विभिन्न क्षेत्रका व्यक्ति, समुदाय, भाषा एवं लिंगका आधारमा व्यक्ति, दल, सामाजिक वा नागरिक समूहलाई चित्त बुझ्ने साझा विन्दुमा पुग्नु अनिवार्य हुन्छ।

आपसी मतभेद, झैझगडा, दलीय स्वार्थ, राजनैतिक अनमेल, वादविवाद आदिले संविधानसभासम्म पुग्न रोक लगाउन सक्छ। संविधानसभामा शक्तिशाली व्यक्ति, संघसंस्था एवं दलहरूको प्रभावबाट नभै अल्पसंख्यक, अतिसीमान्तकृत, अधिकारबाट वञ्चितहरूको अत्यधिक सहभागिता हुनुपर्छ।

संविधानसभाबाट देशको मूल कानुन बनाइने भएकाले सरकार र नागरिक दुवै गम्भीर हुनुपर्छ। कुनै पनि मुलुकको इतिहासमा संविधानसभाको निर्वाचन बारम्बार सम्भव नहुने भएकाले यसमा सरकारी पक्षबाट अनुगमन तथा मूल्यांकन गरी सबै क्षेत्रबाट समान प्रतिनिधित्व गराउन सक्नुपर्छ। त्यस्तै निर्णय प्रक्रियामा सहभागी भै नीति-नियम बनाउने र कार्यान्वयन गर्ने काममा निर्णायक भूमिका खेल्नु नागरिकहरूको अधिकार एवं कर्तव्य हो। संविधान निर्माण प्रक्रियामा आमजनता तथा सबै सरोकारवालाबीच सहभागिता र सहमति आवश्यक भएकाले मुलुकको हितअनुकूल कार्य गर्न राज्यलाई खबरदारी गर्दै महिला, दलित, आदिवासी, जनजाति आदिलाई समावेश गराउने एवं आमनागरिक तथा संविधानसभाका लागि जुटेकाहरूसँग बारम्बार अन्तर्क्रिया हुनुपर्छ। त्यस्तै सरकारले चाहेको संविधानसभाको परिकल्पना स्पष्ट हुनुपर्छ। कसैको बहकाउ वा दबाबमा नपरी ठीक-बेठीक छुट्याउने काम सरकारको दायित्वभित्र पर्छ। संविधानसभाको निर्वाचन भयमुक्त बनाउन नागरिकले ऐक्यबद्ध भएर आवाज उठाउँदै जानुपर्छ।

**केशव कुलुङ, सेकछा, सोलुखुम्बु**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा-अड्चनहरू के-के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के-के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। प्रत्येक अंकमा एउटा उत्कृष्ट सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## संविधान सभा जिज्ञासा

**पूर्णमान शाक्य**
**संवैधानिक कानुन विशेषज्ञ**



**प्रश्न : संविधानसभाको निर्वाचनका लागि राजनैतिक दलहरूको भूमिका कस्तो हुनुपर्छ ? के हाम्रा राजनैतिक दलहरूले अहिले संविधानसभाका लागि सही रूपमा आफ्नो भूमिका निर्वाह गरिरहेका छन् ?**

**–जगन्नाथ तिवारी, सल्यान**

**उत्तर** : संविधानसभाको निर्वाचनका लागि राजनैतिक दलहरूले सत्तासंघर्ष गर्नुहुँदैन। राज्यको पुनर्संरचना गर्ने सन्दर्भमा चिन्तन-मनन एवं आमजनतासँग परामर्श गर्न दलहरूले आ-आफ्ना कार्यकर्ताहरूलाई गाउँगाउँमा पठाई संविधानसभाका लागि आवश्यक जनचेतना बढाउने काम गर्नुपर्छ, तर यी सबै कुरा सोचेजस्तो भएका छैनन्।

**संविधानसभाको अगामी निर्वाचनलाई मध्यनजर गर्दै साप्ताहिकले पाठकहरूको जिज्ञासा समाधान गर्ने व्यवस्था मिलाएको छ। पाठकहरूको जिज्ञासालाई नेपाल ल क्याम्पसका सहप्राध्यापक एवं संवैधानिक कानुनका ज्ञाता पूर्णमान शाक्यले समाधान गर्नुहुनेछ।**

## अपराध

# पोखरा हत्याकाण्डका अभियुक्त काठमाडौंमा पक्राउ

गत वर्षको असार ३० गते पोखराको पुरानो बसपार्कस्थित हिमालयन होटलमा दामोदर भट्टको हत्यामा संलग्न अभियुक्त काठमाडौंमा पक्राउ परेका छन् । डलर सटही गरी ठगी गरेको आरोपमा पक्राउ परेका सिन्धुपाल्चोक घर भएका २२ वर्षीय फुदोर्जे शेर्पालाई केरकार गर्दै जाँदा पोखरामा भट्टको हत्यामा समेत संलग्न भएको स्वीकार गरेको महानगरीय प्रहरी अपराध महाशाखाका प्रहरी वरिष्ठ उपरीक्षक उपेन्द्रकान्त अर्यालले बताए ।

फुदोर्जे हनुमान ढोका प्रहरी र फुर्बा बौद्ध प्रहरी कार्यालयको हिरासतमा रहेको पनि एस.एस.पी. अर्यालले बताए । पक्राउ परेका दुवैले आफूहरूसहित अन्य सात जना मिलेर बैतडी घर भई पोखरामा बस्दै आएका भट्टको हत्या गरेको स्वीकार गरिसकेको पनि अर्यालले बताए ।

काठमाडौंमा गरेको अपराधका बारेमा यही अनुसन्धान हुन्छ, प्रहरी वरिष्ठ उपरीक्षक अर्याल भन्छन्– 'त्यसपछि पोखरामा भएको अपराधको अनुसन्धानका लागि पोखरा पठाइनेछ ।'

पक्राउ परेका दुवैले आफूहरूसहित सात जना मिलेर भट्टको हत्या गरेको बयान प्रहरीसमक्ष दिएका छन् । प्रहरी



स्रोतका अनुसार ती व्यक्तिलाई काठमाडौंको सोह्रखुट्टे प्रहरीचौकीका प्रहरी निरीक्षक सुरेन्द्र सिटौलाको नेतृत्वको टोलीले पक्राउ गरेको हो ।

पोखराकै एक जना व्यक्तिको ३ लाख रुपैयाँ साट्ने निहुँमा पैसा लिएर भागेको अभियोगमा उसलाई पक्राउ गरिएको हो । सिटौलाले टेलिफोनमार्फत भने– 'पछि केरकार गर्दै जाँदा पोखरामा दामोदर भट्टलाई झ्यालमा अडाएर टाउकोमा हानेर पोखरामा हत्या गरेका हौं भन्यो ।'

भट्टको हत्याका बेला आफ्नो भागमा दस हजार रुपैयाँ परेको पनि पक्राउ परेका व्यक्तिले स्वीकार गरेका छन् । आफूसमेत अन्य सात जनाले भट्टको हत्या गरेको बयान पक्राउ परेका व्यक्तिले दिएकाले अरू अपराधी भाग्न सक्ने भन्दै प्रहरीले उनीहरूको नाम भने बताउन चाहेन ।

भट्ट गत वर्षको असार ३० गते घरबाट ग ३ प ३०५९ नम्बरको मोटरसाइकलमा ३ लाख रुपैयाँ लिएर निस्किएकोमा बसपार्कको हिमालयन होटलको एक सय चार नम्बर कोठामा मृत अवस्थामा फेला परेका थिए ।

पोखराको न्युरोडमा मोडल हेल्थ केयर सञ्चालन गरी बस्ने ३० वर्षीय भट्टले तीन लाख रुपैयाँ बराबरको डलर साटेर केही बढी रकम पाउने आशामा पैसा लिएर गएको र पछि उनको डलर साट्ने गिरोहले नै हत्या गरेको हुन सक्ने प्रहरीले जनाएको थियो ।

यसअघि कास्की प्रहरीमा तत्कालीन समयमा कार्यरत प्रहरी निरीक्षक नरेन्द्र चन्दको टोलीसमेत भट्टको डलर सटही गर्ने गिरोहले नै हत्या गरेको, निष्कर्षमा पुगेर काठमाडौंमा अनुसन्धान गर्न गएकोमा त्यस बेला कुनै उपलब्धि हात पारेको थिएन । पक्राउ परेका व्यक्ति अहिले प्रहरी प्रधान कार्यालयको केरकार शाखामा रहेको प्रहरी स्रोतले जनाएको छ ।

हाल काठमाडौंमा रहेको पश्चिम क्षेत्रका डिआईजी रमेशकुमार श्रेष्ठ तथा कास्कीका प्रहरी प्रमुख रमेशकुमार भट्टराईले अभियुक्तलाई पोखरा ल्याउने विषयमा छलफल भैरहेको बताएका छन् ।

अभियुक्तलाई पक्राउ गर्न, यसअघि प्रहरी अञ्चल कार्यालयमा कार्यरत तत्कालीन प्रहरी नायव उपरीक्षक दीपक थापा तथा जिल्ला प्रहरी कार्यालय, कास्कीका प्रहरी निरिक्षक नरेन्द्र चन्दको नेतृत्वमा अनुसन्धान टोली गठन गरिएको भए पनि दुवै जनाको पोखराबाट सरुवा भएपछि अनुसन्धान प्रक्रिया अघि बढ्न सकेको थिएन ।

**–त्रिभुवन पौडेल**

## हाम्रो नेपालमा

### प्रेमिकासँग दाइजो

प्रेम अन्धो हुन्छ, प्रेममा परेपछि मानिसले केही पनि चाहँदैन भन्ने परम्परागत मान्यतालाई चुनौती दिँदै सप्तरी जिल्लाको हर्दिया गाविसका कासिन्द्र यादवले प्रेमिकासँग दाइजो मागेर प्रेमको उपहास गरेका छन् । विगत एक वर्षदेखि कासिन्द्रले विवाहको सपना देखाउँदै एक युवतीसँग यौनसम्बन्ध राख्दै आएका थिए । अहिले कासिन्द्रले विवाहका लागि दाइजोलाई सर्त बनाएपछि ती युवती छाँगाबाट खसेसरह भएकी छिन् । आफ्नो नाम सार्वजनिक गर्न नचाहने ती युवतीका अनुसार प्रेम र दाइजोको कुरालाई चर्चामा ल्याए ती युवकले युवतीसहित तिनको पूरै परिवारलाई ज्यान मार्ने धम्कीसमेत दिएका छन् ।

### बलात्कार कि सहमति ?

सामान्यत सुरक्षाकर्मीलाई देख्नेबित्तिकै मानिसहरू आफूलाई सुरक्षित सम्झन्छन् तर गाईघाटकी एक विवाहिता युवती सुरक्षाकर्मीबाट बलात्कृत भएपछि अहिले सुरक्षाकर्मीहरूप्रति स्थानीय मानिसको विश्वासमा ठेस पुगेको छ । प्राप्त समाचारअनुसार उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नम्बर १ बासबारी निवासी १९ वर्षीया युवतीलाई घरमा सुतिरहेको अवस्थामा दुई सैनिकले साँझ ८ बजेतिर बलात्कार गरेका थिए । उदयपुरस्थित नन्दबक्स गणमा कार्यरत दुई सैनिकले त्यस्तो कुकर्म गरी भाग्न लागेको अवस्थामा स्थानीय गाउँलेहरूले उनीहरूलाई पक्राउ गरेका थिए । पक्राउ परेपछि ती सैनिकद्वयले आफूहरूले सहमतिमा यौनसम्पर्क गरेको तर गाउँलेहरूले थाहा पाएपछि ती युवतीले बलात्कारको आरोप लगाएको बताएका छन् ।

### यौनशोषणको आरोप

स्थानीय प्रशासनले यौनशोषण गरेको आरोपमा तारेखमा राख्दै आएको वीरगन्जका व्यापारी रतनलाल बंगलाई दैनिक हाजिरीमा राख्न र जबरजस्ती कागजसमेत नगराउन पुनरावेदन अदालत हेटौंडाले स्थानीय प्रशासनका नाममा अन्तरिम आदेश जारी गरेको छ । प्राप्त समाचारअनुसार वीरगन्ज उपमहानगरपालिका वडा नम्बर १३ बस्ने श्रीमती कनन हल्दरले स्थानीय प्रशासनमा रतनलाल बंगविरुद्ध दिएको उजुरीका आधारमा जिल्ला प्रशासन कार्यालयले बंगलाई दैनिक तारेखमा राख्दै आएको थियो । आफ्नो उजुरीमा हल्दरले बंगले विगत १५ वर्षदेखि उनको यौनशोषण गर्दै आएको आरोप लगाएकी थिइन् । त्यस्तो यौनशोषणबापत बंगले एउटा घर र मासिक खर्चसमेत उपलब्ध गराएको कुरा हल्दरले आफ्नो उजुरी पत्रमा उल्लेख गरेकी छन् तर बंगले ती सबै आरोप अस्वीकार गर्दै श्रीमतीको नाममा रहेको घरमा भाडामा बस्दै आएकी हल्दरसँग घरभाडा माग्न जाँदा त्यस्तो आरोप खेप्नुपरेको बताएका छन् ।

### बलात्कारीको पक्षमा

सिरहा जिल्लाको गोविन्दपुर गाविस वडा नम्बर ५ झुटकी गाउँकी एक नाबालिगलाई बलात्कार गर्ने व्यक्तिलाई बचाउन खोजेको आरोप स्थानीय प्रशासनले बेहोर्नुपरेको छ । उक्त गाउँकी १३ वर्षीया एक बालिकालाई सोही गाउँका २२ वर्षीय ध्यानी चौधरी कलबारले बलात्कार गरेको आरोप छ । आफूले गरेको उक्त कुकर्मलाई कलबारले प्रहरीसमक्ष स्वीकार गरे पनि स्थानीय प्रशासनले कलबारविरुद्ध कुनै पनि किसिमको कानुनी कारबाही नगरी त्यसै छाडिदिएको आरोप स्थानीय बासिन्दाहरूको छ । स्थानीय बासिन्दाले पीडित बालिकाको स्वास्थ्य जाँच गर्ने चिकित्सकले समेत स्थानीय प्रशासनको दबाबमा गलत प्रतिवेदन तयार गरेको र सोही प्रतिवेदनका आधारमा कलबार छुटेको आरोपसमेत लगाएका छन् ।

**र अन्तमा ....**



मिलन जहिले भए पनि त्यो सुखद हुन्छ भन्ने उदाहरण एकपटक फेरि प्रमाणित भएको छ । प्राप्त समाचारअनुसार धनकुटा नगरपालिका वडा नम्बर १ निवासी ८६ वर्षीय कमलबहादुर घिमिरे तथा उनकी पत्नी ७८ वर्षीया इन्दिरा घिमिरेको ४८ वर्षपछि पुनर्मिलन भएको छ । ४८ वर्षअघि श्रीमती घिमिरे श्रीमान् कमलबहादुरविरुद्ध इज्जत-आमद अनुसार खान-लाउन नदिई घरबाट निकालेको आरोप लगाउँदै २ महिनाको गर्भसहित आफ्नो माइतीको शरणमा गएकी थिइन् ।

## कान्तिपुर समाचार डायरी

### पौने दुई करोड मतदाता

संविधानसभा निर्वाचनमा १ करोड ७६ लाख नेपाली मतदाताले आफ्नो मताधिकार प्रयोग गर्न पाउने भएका छन् । यो जानकारी निर्वाचन आयोगले दिएको हो । प्रारम्भिक तथ्यांकअनुसार मुलुकभर ९ हजार ७ सय ठाउँमा मतदान केन्द्र रहनेछन् । त्यसैगरी १ हजार मतदाता बराबर एउटा मतपेटिका कायम गरिनेछ । निर्वाचनमा भाग लिन ६२ वटा राजनैतिक दलले निवेदन दिएका छन् । निवेदन दिनेमध्ये ४७ वटा दलले अन्तरिम संविधानमा व्यवस्था भएबमोजिम १० हजार मतदाताको हस्ताक्षरसहितको नामावली दल दर्ताका लागि बुझाएका छन् । संविधानसभा निर्वाचनका लागि विभिन्न मित्रराष्ट्र तथा दातृनिकायबाट करिब ३५ करोड रुपैयाँ बराबरका सामान सहयोगस्वरूप आयोगलाई प्राप्त भैसकेको आयोगले जनाएको छ ।

### आफ्नै साथीलाई हेप्ने प्रवृत्ति बढ्न थाल्यो

विद्यालयका विद्यार्थीहरूमा आफ्नै साथीलाई हेप्ने प्रवृत्ति नेपालमा पनि डरलाग्दो किसिमले बढिरहेको एक अनुसन्धानले देखाएको छ । द न्यू इरा करियर डेभलपमेन्ट इन्स्टिच्युटले गरेको अध्ययनअनुसार यस्तो हेपाइले विद्यार्थीको मानसिक तथा बौद्धिक विकासमा प्रत्यक्ष असर पार्ने भए पनि विद्यालय प्रशासनले बद्नामीको डरले यस विषयमा खुलस्त कुरा गर्न चाहँदैनन् । कुल विद्यार्थीको ४० प्रतिशत यस्तो हेपाहा प्रवृत्तिबाट पीडित भएको तथ्य अनुसन्धानले देखाएको छ । अध्ययनअनुसार बलिया वा वरिष्ठले हेप्ने क्रममा कमजोर तथा कनिष्ठ विद्यार्थीलाई हिर्काउने, छिड्की लगाएर लडाइदिने जस्ता व्यवहारका साथै नीच शब्दले बोलाउने, खाना खाइदिने, पैसा खोसिदिने, सामान लुकाइदिनेजस्ता दुर्व्यवहार पर्छन् ।

### बर्दियामा ३१ गैंडा

बर्दिया राष्ट्रिय निकुञ्जमा गरिएको पछिल्लो गणनाअनुसार त्यहाँ ३१ गैंडा छन् । तीमध्ये १८ वटा वयस्क, ६ वटा अर्धवयस्क तथा ७ वटा केटाकेटी छन् । बर्दियामा पछिल्लो पटक गरिएको गणनाअनुसार त्यहाँ ७०/८० वटा गैंडा रहेको अनुमान थियो । सन् २००० यता व्यापक रूपमा गैंडाको चोरी सिकार बढेपछि बर्दिया राष्ट्रिय निकुञ्जको बबई उपत्यकामा भने गैंडाको संख्या शून्यमा झरेको छ । सन् २००० भन्दाअघि बर्दियामा १ सयको हाराहारीमा गैंडा रहेको अनुमान गरिएको थियो ।

### सुर्ती सेवनबाट बर्सेनि १५ हजारको मृत्यु

नेपालमा बर्सेनि १५ हजार मानिस सुर्ती सेवनका कारण अकालमा मृत्युवरण गर्न पुग्छन् भने ४९ प्रतिशत पुरुष तथा २९ प्रतिशत महिलाले धूम्रपान गर्छन् । नेपाल अर्बुद रोग निवारण संस्थाद्वारा जारी पछिल्लो प्रतिवेदनमा उक्त कुरा उल्लेख छ ।

### नेपाल हुँदै वन्यजन्तुको अंग व्यापार

नेपाल दुर्लभ तथा प्रतिबन्धित वन्यजन्तुका अवशेषहरूको ओसारपसारको 'पारवाहन विन्दु' बन्दै गएको पछिल्लो पटक प्रस्तुत एक प्रतिवेदनले पुष्टि गरेको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अधिकृत टीकाराम अधिकारीद्वारा सार्वजनिक एक प्रतिवेदनमा तातोपानी, रसुवा, दार्चुला, वीरगन्ज एवं महेन्द्रनगरका नेपालका भारत तथा चीन सीमा सबैभन्दा बढी वन्यजन्तुको अवशेषको अवैध व्यापारको विन्दुका रूपमा उल्लेख छन् । ती सहरहरूमध्ये काठमाडौं सबैभन्दा बढी कारोबार हुने स्थानमा परेको छ । दोस्रो स्थानमा हेटौंडा छ । बाघ र चितुवाको छाला तथा हड्डी, हात्तीको दाह्रा, बिना, भालुको पित्त र बाघको नंग्राजस्ता अवशेषहरूको अवैध व्यापार हुने गरेको कुरा उक्त प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार यस्ता वन्यजन्तुका अवशेष नेपालको भूमि हुँदै तिब्बत पुग्छ । वन्यजन्तुका अवशेषहरू परम्परागत चिनियाँ औषधीमा प्रयोग हुने भएकाले तिब्बत वन्यजन्तुका अवशेषहरूको अवैध व्यापारको केन्द्र बन्न पुगेको बताइन्छ ।

# अबको विद्यालय शिक्षा

• एसएलसी परीक्षामा विद्यमान कक्षा ९ र १० बाट प्रश्न सोधिने व्यवस्था हटाई यो वर्षदेखि कक्षा १० बाट मात्र प्रश्न सोध्ने व्यवस्था गरियो। यही पद्धतिबमोजिम यो वर्षको परीक्षा सम्पन्नसमेत भैसकेको छ।

• हाल राष्ट्रिय पाठ्यक्रम परिषद्ले नेपाली, अंग्रेजी, गणित, विज्ञान र सामाजिक शिक्षामा मात्र उत्तीर्ण भएका र अन्य विषयमा उत्तीर्ण हुन नसकेकालाई समेत एसएलसीमा उत्तीर्णको मान्यता दिने तयारी गरेको छ।

• अब अंग्रेजीलाई कक्षा ४ देखि मात्र पढाइनेछ। यसभन्दा अघि मातृभाषामा समेत अध्ययन गर्न सकिनेछ।

• कक्षा ७ सम्म अब कुनै पनि विद्यार्थीलाई अनुत्तीर्ण गराइनेछैन। उदार कक्षोन्नतिअनुसार यो व्यवस्था गर्न लागिएको हो।

केही समयअघि यस्ता विभिन्न विषय शीर्षकका समाचारहरू लगातार आइरहे। एसएलसीमा कक्षा १० बाट

शिक्षा

मात्र प्रश्न सोध्ने पद्धतिबमोजिम यो वर्षको परीक्षा सम्पन्नसमेत भैसकेको छ। शिक्षासम्बन्धी तीनवर्षे अन्तरिम कार्ययोजना निर्माण भैरहेको सन्दर्भमा यस्ता समाचारहरू आएका हुन्। विद्यालय तहको शिक्षालाई प्राथमिकतामा राखेर शिक्षा मन्त्रालयले शिक्षाको तीनवर्षे अन्तरिम योजनाको खाका तयार गरेको छ। यही योजनाबमोजिम अवको विद्यालय शिक्षा कक्षा १२ सम्मको हुनेछ। यसो हुन सके एसएलसी बोर्ड र उच्च माध्यमिक शिक्षा बोर्ड पूर्ण स्वायत्तताका साथ राष्ट्रिय परीक्षा बोर्डमा रूपान्तरित हुनेछन्।

अब कक्षा १० को परीक्षा क्षेत्रीय स्तरमा सञ्चालन गरिनेछ र यसको प्रमाणपत्र राष्ट्रिय परीक्षा बोर्डमार्फत प्रदान गरिनेछ। कक्षा १२ लाई विद्यालय तहको अन्तिम परीक्षा मानिनेछ। यो परीक्षाको सञ्चालन तथा व्यवस्थापन राष्ट्रिय परीक्षा बोर्डले गर्नेछ।

तर के यी सवै व्यवस्थाबाट शिक्षाको गुणस्तरमा सुधार आउला ? यस विषयमा गम्भीर बहस गर्नुपर्ने आवश्यकता छ। मुख्य कुरा कार्यान्वयनको हो। योजना बनाएर त्यसलाई व्यावहारिक रूप दिन सक्नु नै बहादुरी हो। यही कुरामा शिक्षाविद् तीर्थ खनियाँको पनि समर्थन छ। खनियाँ भन्छन्– शिक्षामा विकेन्द्रित धारणा ल्याउन खोजिए पनि खाका केन्द्रीकृत प्रणालीमा छ। विगतका योजनाका असफलताबाट पनि शिक्षा मन्त्रालयले केही सिक्न नसकेको आरोप खनियाँको छ। उदार कक्षोन्नतिको अवधारणा २०५५ को उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले पनि ल्याएको थियो।

उक्त आयोगका सदस्य तथा अभिभावक संघका अध्यक्ष सुप्रभात भण्डारी पनि कक्षा ७ सम्मको उदार कक्षोन्नतिको व्यवस्थालाई सैद्धान्तिक



रूपमा स्वीकार गर्न सकिने बताउँछन्, तर यसो भन्दैमा गुणस्तर भने पुऱ्याउन सक्नुपर्ने उनको मान्यता छ।

कतिपय विद्यालयमा आवश्यक विषयगत शिक्षकको समेत अभाव छ। यो अवस्थामा हुनेखानेका लागि भन्दा पनि हुँदा खानेका लागि गुणस्तरीय शिक्षाको व्यवस्था गर्नुपर्ने तर्क भण्डारीको छ। अंग्रेजी कक्षा ४ देखि मात्र पढाइने कुरालाई पनि उचित मान्न नसकिएला। हाल अंग्रेजी अन्तर्राष्ट्रिय भाषाका रूपमा विकसित भएको छ। पुरानो पुस्ताका विद्यार्थीले अंग्रेजीमा कमजोर भएकै कारण प्रतिस्पर्धामा उत्रन नसकेको गुनासो गरिरहेको पाइन्छ।

अहिलेकै अवस्थामा पनि सरकारी विद्यालयका विद्यार्थी सुविधासम्पन्न निजी विद्यालयका विद्यार्थीसँग प्रतिस्पर्धामा उत्रन नसक्नुको प्रमुख कारण कमजोर अंग्रेजी नै हो। यो अवस्थामा अझ विषयका रूपमा यसलाई हटाउँदा कस्तो परिणति आउला ? डा. जयराज आचार्य यो व्यवस्थालाई २०२८ सालतिर फर्कने कार्यको संज्ञा दिन्छन्। अघि बढ्नुपर्नेमा पछाडि फर्कन खोजेको देखिन्छ। खाली परीक्षामा पास गराउने एक मात्र उद्देश्य राख्ने कि अन्य गुणस्तरतिर पनि ध्यान दिने ? एसएलसी परीक्षाको उत्तीर्ण प्रतिशत हेर्ने हो भने मुलुकको शिक्षास्थिति लाजलाग्दो छ।

गत वर्षको नतिजा हेर्दा कुल परीक्षार्थीमध्ये थोरै उत्तीर्ण भएका थिए। यसमा पनि सरकारी विद्यालयका अझ धेरै विद्यार्थी उत्तीर्ण भएका थिए। त्यसभन्दा अघिका वर्षका नतिजा त अझ कहालीलाग्दा छन्। नेपालभरि एसएलसीभन्दा तल्लो स्तरका कक्षाका नतिजा पनि यस्तै छ।

१४ देखि १६ वर्षसम्मका किशोरकिशोरीका लागि ८ सय पूर्णांक धेरै हो भन्ने तर्क अन्तर्राष्ट्रिय मापदण्डअनुरूप छ। विश्वविख्यात ओ लेवल पनि ५ सय पूर्णांककै हुन्छ। शिक्षाविद् गोपीलाल न्यौपानेका अनुसार ५ सय पूर्णांकको एसएलसी संसारका सबै कलेजले मान्यता दिने न्यूनतम अंक भार हो, तर पूर्ण स्वतन्त्रताका साथ यस्तो व्यवस्था गर्नु हुँदैन। यसमा केही सर्त भने अवश्य राख्नुपर्छ।

नेपाल राष्ट्रिय शिक्षक संगठनका महासचिव बाबुराम अधिकारीले यो प्रस्ताव सकारात्मक भएको बताए। अधिकारीका अनुसार अन्तर्राष्ट्रिय प्रयोगलाई हेर्दा पनि ऐच्छिक विषय उत्तीर्ण हुनैपर्छ भन्ने छैन, तर ऐच्छिक विषय उत्तीर्ण हुनु नपर्ने भएपछि विद्यार्थीहरू बहकिन सक्छन्। उनीहरूमा यी विषय पढ्नै नपर्ने मान्यता हुन सक्छ र आकर्षण घट्न सक्छ, तर यसमा पनि केही आवश्यक सर्तको व्यवस्था गर्नुपर्छ। सन् २००६ मा नेपालीलाई सबैभन्दा बढी तनाव दिने घटनासम्बन्धी अध्ययनको निचोड निकालियो। अध्ययनमा ४९ वटा घटना दर्ता गरिए, जसमा एसएलसी दोस्रो स्तरको पीडादायक घटनाका रूपमा प्राप्त भयो। पहिलो पीडादायक घटनामा आमाबाबुको मृत्युलाई लिइयो। यसबाट नेपालीमा एसएलसीप्रति कति संवेदनशीलता छ भन्ने कुरा थाहा हुन्छ।

एसएलसीलाई एउटा पासवर्डका रूपमा बुझ्ने चलनको विकास भएको छ। यो पासवर्ड प्राप्त गरेपछि जिन्दगीका सबै क्षेत्रमा हात हाल्न सकिन्छ। जिन्दगीमा बहारैबहार आउँछ, तर यो पासवर्ड प्राप्त गर्न असाध्यै सास्ती खेप्नुपर्ने मान्यता समाजले नै बनाएको छ। यो व्यवस्था अन्त्य गर्ने आवश्यक वातावरणको निर्माण सरकारी पहलबाटै हुनु आवश्यक छ, तर योजना बनाएर मात्र पुग्दैन। त्यसको कार्यान्वयन हुन सक्नुपर्छ। यसका लागि शिक्षासम्बन्धी बहस गर्ने कार्यको अन्त्य हुने वातावरण निर्माण हुनुपर्छ। त्यसो हुन सक्यो भने विद्यार्थीले पनि आवश्यक शिक्षा सजिलैसँग प्राप्त गर्न सक्नेछन्।

–एकराज सुबेदी

# धरानमा पनि होड





पृष्ठ १ बाट जारी

बिहान उज्यालो नहुँदै ३ बजे उठेर अभ्यास गर्न करिब ३० किलोमिटर दूरी पार गर्दै मोटरसाइकलमा दैनिक धरान आउने सुमन भन्छिन्- 'केटाहरूले गर्न सक्ने काम हामी किन गर्न सक्दैनौं। अवसर पाए केटाहरूले मात्रै होइन, हामी पनि राम्रो काम गरी आम्दानी गर्न सक्छौं। नयाँ अनुभव र इज्जत कमाएर देखाउन चाहन्छौं।'

सुजाता र सुमन मात्र होइनन्, धरानमा अहिले दैनिक ६ घण्टाभन्दा बढी कडा शारीरिक अभ्यास गरिरहेका देखिन्छन्। वर्षामा च्याउ उम्रिएसरह टोलटोलमा खुलेका भर्ती तयारीसम्बन्धी तालिम दिने संस्थाहरूमा युवतीहरूको लस्कर नै देखिन्छ। घरमै रहेर तयारी गर्नेहरू पनि थोरै छैनन्। उच्च शिक्षा हासिल गरेका, सम्पन्न परिवारका तथा नाम र दाम कमाइरहेका युवतीहरू पनि बेलायती सेनामा भर्ती हुने तयारीमा छन्। लाहुरे घरका धेरै छोरी भर्तीको तयारी गरिरहेका छन्। भर्ती भिड्ने तयारीमा रहेकी १८ वर्षीया सुमन सितेरियो कराँतेका ब्ल्याक बेल्ट पहिलो डान मात्र होइनन्, चक्रवर्ती हबी नर्सिङ कलेज, काठमाडौंकी बास्केटबल प्रशिक्षक पनि हुन्।

यो वर्ष अर्थात् सन् २००७ मा भने ट्रायलका रूपमा मात्र युवतीहरूको प्रतिस्पर्धा गराइने धरानस्थित ब्रिटिस गोर्खा वेलफेयरका मेडिकल प्रमुख प्रेम कुमार तामाङ बताउँछन्। प्रमुख तामाङ भन्छन्- 'युवती भर्तीको मापदण्ड निर्धारण गर्नका निम्ति यसपालिको प्रतिस्पर्धा प्रभावकारी हुनेछ।' उनका अनुसार सन् २००८ अर्थात् आगामी वर्षदेखि मात्रै बेलायती सेनामा नेपाली युवतीहरूले प्रवेश पाउनेछन्। 'यसपालि भर्ती नलिए पनि हाम्रा लागि नयाँ अनुभव हुनेछ,' सुजाता र सुमनले एकै स्वरमा भने– 'अर्को वर्ष भर्ती भिड्न सहज हुनेछ।' २५ अक्टोबरदेख ७ नोभेम्बरसम्म हुने पहिलो चरणको क्षेत्रीय छनौट पार गरेका प्रतिस्पर्धीहरूले २५ नोभेम्बरदेखि २१ डिसेम्बरसम्म हुने अन्तिम चरणमा सहभागी हुन पाउनेछन्।

विज्ञान

# सगरमाथामा बालबालिकाको परीक्षण

काठमाडौं– एक जना ब्रिटिस वैज्ञानिकले परीक्षणका लागि बालबालिकालाई सगरमाथा क्षेत्रमा लाने योजना बनाएका छन् । यो अभियानको नाम द स्मिथ मेडिकल योंग एभरेस्ट एक्स्पेडिसन राखिएको छ । अभियानमा उनका ४ जना छोराछोरीसमेत सामेल छन् । युनिभर्सिटी कलेज लन्डनका प्रोफेसर मोन्टी माइथनले यो अभियानको नेतृत्व गर्दैछन् । उनका साथमा १३ वर्षीय प्याट्रिक, ११ वर्षीय चार्लोट, ८ वर्षीय एलिस र ६ वर्षीय टोम रहनेछन् । यसबाहेक अन्य ५ जना बालबालिका पनि छन् । उचाइ क्षेत्रमा अक्सिजनको मात्रामा कसरी कमी हुन्छ र त्यसलाई कसरी सामञ्जस्य गर्न सकिन्छ भन्ने कुरा अध्ययन गर्नु उनीहरूको प्रमुख उद्देश्य हो ।



यो अभियानको समयमा उनीहरूले नौलो प्रयोगका रूपमा लाइफ भेस्टको पनि परीक्षण गर्नेछन् । उक्त लाइफ भेस्ट लगाए अस्पताल नगई घरमै उपचार गर्न सकिन्छ । उनीहरूको यो अभियानमा ग्रेट अर्मोन्ड अस्पतालको समेत संलग्नता रहनेछ । त्यहाँ ती बालबालिकाको रक्तचाप, मुटुको गति, फोक्सोको कार्य तथा सुताइका सम्बन्धमा अध्ययन गरिनेछ । यसको अध्ययनबाट गर्भ तुहिने, कोषका रोगी, सिस्टिक फाइब्रोसिस तथा कन्जेनिटल फोक्सोका बिरामीको उपचारमा सहयोग पुग्नेछ ।

बालबालिकासहितको यो पर्वतारोहण टोली कमसेकम नाम्चे बजारसम्म पुग्नेछ । नाम्चे बजारको उचाइ ३ हजार ५ सय मिटर छ । उनीहरू विमानबाट लुक्ला र लुक्लाबाट नाम्चेसम्म हिंडेर जानेछन् । त्यहाँ उनीहरूले प्रयोगशाला स्थापना गर्नेछन् । त्यसको दुई दिनपछि उनीहरू सगरमाथा नेसनल पार्क गएर त्यसको अवलोकन गर्नेछन् ।

उनीहरूको स्वास्थ्यले साथ दिए उमेर पुगेका बालबालिका ५ हजार ४ सय मिटर उचाइमा रहेको सगरमाथा आधार शिविरसम्म जानेछन् । अभियान टोलीमा समाथा सोनाप्पा पनि सामेल छिन् । उनी बालरोग विशेषज्ञ हुन् । उनको ६ वर्षीय छोरो मायांक पनि समूहमा संलग्न छन् । माइथनका अर्का साथी जनेट स्टक पनि यो समूहमा छन् । उनी ग्रेट अर्मोन्ड स्ट्रिट अस्पतालमा बालबालिकाका लागि रेस्पिरेटरी फिजियोलोजीका प्रोफेसर हुन् ।

प्रोफेसर माइथनले एउटा ठूलै अभियानका रूपमा यो कार्यलाई अघि बढाएका छन् । उनले यस्ता विभिन्न परीक्षणमा आफ्नो रगत पनि खर्च गरेका छन् । यही साहसिक कार्यका लागि नै आफ्ना बालबालिकालाई पनि यो अभियानमा सामेल गरेको कुरा उनले बताएका छन् ।

माइथन भन्छन्– 'मैले गरेका साहसिक परीक्षणलाई पछ्याऊन् भन्ने उद्देश्यले नै मैले आफ्ना छोराछोरीलाई पनि यस्ता कार्यमा प्रोत्साहन गरेको हुँ । फेरि यसमा आत्तिनुपर्ने कारण पनि छैन ।'

यसबाहेक सगरमाथामा अर्को परीक्षण पनि हुँदैछ । युनिभर्सिटी कलेज लन्डनकै चिकित्सक टोलीको सक्रियतामा उक्त परीक्षण हुँदैछ । यसको नाम एक्स्ट्रिम एभरेस्ट मेडिकल प्रोजेक्ट राखिएको छ । यो समूहमा डा. हफ मन्टगोमरी, डा. सन्दीप ढिल्लो, माइक ग्रकोट, डा. रोगर म्याकमोरो, डा. केभिन फोङ तथा डा. डेनी लेभिट छन् । यी सबै हाइ अल्टिच्युडसम्बन्धी विभिन्न रोगका विशेषज्ञ हुन् ।

मोबाइल फोनका अरबपति व्यापारी माइक काउडेल यो अभियानमा गिनी पिग बन्न तयार भएका छन् । उनको शरीरमा लाग्न सक्ने विभिन्न रोगका बारेमा शिखर नजिक अनुसन्धान गरिदैंछ । आधार शिविरभन्दा माथि पनि विभिन्न स्थानमा प्रयोगशाला निर्माण गरिएको छ । यो प्रयोगशाला ८ हजार मिटर उचाइको हाराहारीमा समेत हुनेछ । यो सबै अभियानमा ४० जना चिकित्सक र २ सय जना स्वयंसेवक संलग्न छन् ।

–एकराज सुवेदी

# धरानमा पहिलो आईटी सेमिनार

धरान- सूचना प्रविधिलाई नेपाली समाजमा पूर्ण व्यावसायिक रूपमा लागू गर्ने संकल्प गर्दै दुई दिने आईटी सेमिनार आइतबार सम्पन्न भएको छ । उक्त सेमिनारमा सुनसरी, मोरङ, झापा र धनकुटाका करिब ३ सय जना सूचना-प्रविधि व्यवसायी तथा प्रशिक्षार्थीहरूको सहभागिता थियो ।

सेमिनारमा अत्याधुनिक तथा नवीन सूचना प्रविधिलाई हाम्रो परम्परागत समाजमा उपयोग गर्न सकिने तरिकाहरू प्रस्ट्याउँदै सूचना-प्रविधिविज्ञहरूले कार्यपत्रहरू प्रस्तुत गरे । पूर्वी नेपालबाट सूचना-प्रविधिको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न यो सेमीनार उपयोगी भएको आयोजक कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) सुनसरीले जनाएको छ । उक्त सेमिनारमा विदेशी तथा नेपाली सूचना-प्रविधिविज्ञहरूले कार्यपत्र प्रस्तुत गर्दै तालिमसमेत दिए ।

नेपालमा सूचना-प्रविधिसम्बन्धी नीति तथा पहिलोपल्ट ल्याइएको साइबर-लका बारेमा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव पुरुषोत्तम घिमिरेले कार्यपत्र प्रस्तुत गरे । सरकारी स्तरमा सूचना प्रविधिको प्रयोग, कार्यसञ्चालनमा आउने भिन्नता एवं सहजताका बारेमा दक्षिण कोरियाली सूचना प्रविधिविद् वाइ एस किमले 'इ-गभर्नेन्स प्लानिङ' विषयक कार्यपत्र प्रस्तुत गरे । 'इ-कमर्समा अवसर तथा चुनौती' शीर्षकको कार्यपत्र प्रस्तुत गर्दै



उच्चस्तरीय सूचना प्रविधि आयोगका सदस्य मनोहर भट्टराईले चुनौतीका बाबजुद पनि सूचना-प्रविधिको प्रयोगबाट बुद्धि, विवेक र धन आर्जन गर्न सकिने बताए । क्यानका केन्द्रीय सचिव विनोद ढकालले 'ग्रामिण क्षेत्रमा सूचना तथा सञ्चार प्रविधीको विकास' शीर्षकमा कार्यपत्र प्रस्तुत गरे ।

आईटी प्रशिक्षक गौरव उपाध्यायले नेटवर्क टेक्नोलोजी, सूचना प्रविधिविद् विजय जैसवालले ओपन सोर्स एन्ड लिनक्स तथा नेपाली सेनाका कर्णेलकुमार डंगोलले आईटी सेक्युरिटी विषयमा प्रशिक्षण दिए । क्यानका केन्द्रीय महासचिव राजनराज पन्तले आउट-सोर्सिङ बिजनेस, सूचना प्रविधिविद् किशोर पन्तले वायरलेस नेटवर्किङ तथा सञ्चारकर्मी विदुर खतिवडाले स्कोप अफ अनलाइन मिडियाका बारेमा प्रशिक्षण दिए । पूर्वेली आइटी व्यवसायीका निम्ति सेमिनार लाभदायी भएको दाबी गर्दै सेमिनारका स्रोत तथा व्यवस्थापन प्रमुख सुधीर श्रेष्ठले यही वर्षभित्रै अत्याधुनिक सूचना-प्रविधिसम्बन्धी मेला क्यान-इन्फोटेक आयोजना गर्ने बताए ।

–राजु घिसिङ

## केशबाटै जासुसी

तीन वैज्ञानिक रोनाल्ड सिगल, बेर्नर गार्डनर र एएल टिलले मानिसको केशको अध्ययनबाट कुन मानिस के लत-कुलतमा लागेको छ, पत्ता लगाउन सकिने दाबी गरेका छन् । यसका साथै उनीहरूले कुनै व्यक्तिको २ सय वर्षअघि कसरी मृत्यु भयो भन्ने तथ्यसमेत पत्ता लगाउन सकिने बताएका छन् । वैज्ञानिक सिगल भन्छन्- 'हामीले विश्वप्रसिद्ध दुई कवि वायरन र किट्सका केशको अध्ययन गर्दा किट्सको रौंमा माफ्रोन नामक औषधी पायौं ।

किट्सले सन् १८१९ देखि अफिमबाट बनेको पीडानिवारक औषधी प्रयोग गरेका थिए । औषधी खान थालेको दुई वर्षपछि उनलाई क्षयरोगले समात्यो र सोही रोगबाट उनको मृत्यु भयो ।' अर्का वैज्ञानिक बेर्नर गार्डनरका अनुसार अमेरिकाका १६ औं राष्ट्रपति लिंकनले पनि अफिम मिसिएको कफ क्याडी नामक औषधी बारम्बार प्रयोग गरेको तथ्य फेला परेको छ ।

सन् १८२१ मा फ्रान्सका सम्राट् नेपोलियन बोनापार्टको पेटको क्यान्सरबाट मृत्यु भएको थियो । १८ औं शताब्दीतिर फ्रान्सको दरबारमा हरियो रंगको वालपेपर प्रयोग हुन्थ्यो । यसमा आर्सेनिक नामक नशालु पदार्थ प्रशस्त हुन्छ । सास लिने क्रममा त्यस्तो आर्सेनिक शरीरभित्र प्रवेश गरी नेपोलियनको मृत्यु भएको ठहर वैज्ञानिकहरूले गरेका छन् । नेपोलियनको सुरक्षित केशको अध्ययन गरेर उनलाई पेटको क्यान्सर भएको कुरा पनि पत्ता लगाइएको छ ।

# गुगलले रोग पत्ता लगाउने

इन्टरनेट सर्च इन्जिन गुगलले अब चिकित्साक्षेत्रमा कार्यरत अधिकारी र बिरामीको पनि सेवा गर्ने भएको छ । इन्टरनेटमा आधारित एक अनुसन्धानअनुसार गुगलले केही महत्त्वपूर्ण रोगको लक्षण पत्ता लगाउनेछ ।

उक्त अनुसन्धान अस्ट्रेलियाका चिकित्सकहरूको एक समूहले गरेको थियो । उनीहरूले २६ महत्त्वपूर्ण रोगका सम्बन्धमा गुगल सर्च इन्जिनमार्फत अनुसन्धान गरेका थिए । अध्ययन गरिएका २६ रोगमध्ये १५ वटाको गुगलले सही लक्षणका साथै सही समाधान पनि बताइएको थियो । अध्ययनअनुसार गुगल केही रोगका बारेमा जानकारी लिन र दिन निकै सहयोगी सिद्ध हुनेछ । सामान्यदेखि जटिल रोगबारे महत्त्वपूर्ण लेख इन्टरनेटमा राखिएका कारण गुगलमा रोगका लक्षण र समाधान खोज्न सहज भएको ठहर अनुसन्धानकर्ताहरूको छ । अस्ट्रेलियाका चिकित्सकहरूले ब्रिसबेनस्थित एलेक्जेन्ड्रा अस्पतालमा उक्त अनुसन्धान गरेका थिए ।

अनुसन्धानको नेतृत्व गरेका डा. हागवी ताङ भन्छन्- 'यसै कारण अब गुगल रोगको लक्षण पत्ता लगाउन र समाधान गर्न निकै उपयोगी देखिएको छ ।' तर यसमा विशेषज्ञताको आवश्यकता पर्ने बताउँदै उनले बिरामी स्वयम्ले आफ्नो उपचार गर्न खोज्न नहुने बताएका छन् । 'यद्यपि चिकित्सासम्बन्धी स-साना जानकारीका लागि भौंतारिंदै हिंड्नुपर्दैन, किनभने गुगल अब डाक्टर नै बनिसकेको छ,' -अनुसन्धानकर्ता ताङ भन्छन् ।

गुगलले सामान्य रोगभन्दा पनि जटिल रोगको पहिचान र समाधानका सही उपाय दिएको पाइएको छ । खोजिएका १४ जटिल रोगमध्ये १० वटाको लक्षण पहिचान र समाधानका उपाय बताउन गुगल सफल भएको थियो । अनुसन्धान निष्कर्षमा भनिएको छ- 'अब अस्पताल पूर्ण रूपमा कम्प्युटराइज हुन आवश्यक छ, अन्यथा गुगलको यो सुविधा प्राप्त हुन सक्दैन ।' गुगलले सबैभन्दा फाइदा चिकित्सकलाई दिने ठहर अनुसन्धानकर्ताहरूको छ ।

गुगलमा गरिएको उक्त अनुसन्धानलाई क्लिनिकल सर्पोट प्रोग्रामले महत्त्वपूर्ण उपलब्धिको संज्ञा दिंदै भनेको छ- 'स्वास्थ्यक्षेत्रका लागि यो यस अर्थमा पनि निकै सहयोगी हुनेछ कि गुगललाई प्रयोगकर्ताले निःशुल्क प्रयोग गर्न र सहज रूपमा फाइदा लिन सक्नेछन् ।

# अब नयाँ ब्राउजर

माइक्रेसफ्ट कर्पोरेसनले वेब ब्राउजरइन्टरनेट एक्स्प्लोरर-७ (आईई-७) लाई सार्वजनिक गरेको छ । पाँच वर्षको अन्तरालमा बिनाअपडेट माइक्रोसफ्टले वेब ब्राउजरको नयाँ संस्करण ल्याएको हो । यसअघि माइक्रोसफ्टले सन् २००१ मा इन्टरनेट एक्स्प्लोरर-६ बजारमा ल्याएको थियो । प्रतिस्पर्धी सफ्टवेयर ओपेरा तथा फायरफक्सका सुविधासँग प्रयोगकर्ताको निकटता बढ्न थालेपछि समानान्तर सुविधा दिने उद्देश्यले माइक्रोसफ्टले आइड-७ लाई सार्वजनिक गरेको हो ।

माइक्रोसफ्टले आइड-७ को प्रमुख विशेषताको रूपमा ट्याब्ड ब्राउजिङलाई लिएको छ । ट्याब्ड ब्राउजिङको सहायताले प्रयोगकर्ताले एउटै ब्राउजर विन्डोजबाट विभिन्न वेबसाइट एकसाथ खोल्न सक्छन्, जुन सुविधा माइक्रोसफ्टको अघिल्लो ब्राउजरमा थिएन । आईई-७ मा एड्भान्स प्रिन्टिङको व्यवस्था गरिएको छ, जसमा धेरै पेज एकसाथ हेर्न सकिन्छ ।

आईई-७ कम्प्युटर सञ्चालन प्रणाली विन्डोज २०००, विन्डोज ९८, विन्डोज मी, विन्डोज एक्स्पी राखिएको कम्प्युटरमा मात्र प्रयोग गर्न सकिनेछ । साथै कम्प्युटरमा २ सय ३३ मोगाहर्ज प्रोसेसर, ८७ एमबी मेमोरी पनि आवश्यक पर्छ । ट्याब्ड ब्राउजिङका अतिरिक्त माइक्रोसफ्टले आईई-७ मा सुरक्षाप्रणाली पनि बढी व्यवस्थित बनाएको छ । माइक्रोसफ्टका सफ्टवेयर बढी मात्रामा ह्याकरका निशाना बन्दै आएकाले सुरक्षामा बढी जोड दिइएको छ । ६० प्रतिशतजति कम्प्युटर भाइरस इन्टरनेटमार्फत सर्ने भएकाले अब यसको पनि सुरक्षाप्रणालीमा खास जोड दिइएको हो । आईई-७ लाई माइक्रोसफ्टको आधिकारिक वेबसाइटमा गई निःशुल्क डाउनलोड गर्न सकिने व्यवस्था छ ।

## जिज्ञासा

-सुदन झा, कम्प्युटर कन्सल्टेन्ट

**प्रश्न : क्यास भनेको के हो ?**

**–दिगम्बर, इमेलबाट**

**उत्तर** : कम्प्युटरमा मेमोरी क्यास, हार्डवेयर-सफ्टवेयर डिस्क क्यास, पेज क्यास आदि हुन्छन् । कम्प्युटरको मेमोरी सब-सिस्टममा आधारित प्रविधि नै क्यास हो । क्यासको मुख्य उद्देश्य कम्प्युटरलाई थोरै मूल्यमा पनि बढी शक्तिशाली बनाउनु हो । यो प्रविधिलाई सुस्त गतिको मेमोरीलाई छरितोसँग सञ्चालन गर्न ऊर्जा प्रदान गर्ने किसिमले प्रयोग गरिन्छ । क्यास प्रयोग गर्दा सबैभन्दा पहिले खोजिएको कुरा क्यासमा छ कि छैन भनेर जाँच्नुपर्छ । यदि खोजिएको कुरा क्यासमा छ भने त्यसलाई क्यास हिट भनिन्छ, छैन भने क्यास मिस भनिन्छ । ध्यानमा राख्नुपर्ने कुरा के हो भने क्यासको अधिकतम क्षमता वा आकार ठूलो स्टोरेज क्षेत्रको भन्दा निकै कमहुन्छ । कम्प्युटरमा समयको सानो भागलाई पनि मापन गरिन्छ । जब माइक्रोप्रोसेसरले कम्प्युटरको मुख्य मेमोरी अर्थात् ऱ्याममा प्रवेश गर्छ, यो काम ६० नानोसेकेन्डमा पूरा हुन्छ । यो निकै द्रुत गति हो तर पनि परम्परागत माइक्रोप्रोसेसरभन्दा यो गति सुस्त गतिको नै छ । हामीले विशेष मेमोरी बैंक बनायौं भने मुख्य मेमोरी ऱ्याममा प्रवेश दुई गुणा द्रुत गतिको हुन जान्छ । त्यसलाई लेभल-२ (एल टु) क्यास भनिन्छ । २ सय ३३ मेघाहर्जको पेन्टियमको एल वान क्यास एल टुभन्दा ३ दशमलव ५ गुणा द्रुत गतिको हुन्छ र एल टुचाहिं मुख्य मेमोरीभन्दा दुई गुणा बढी द्रुत हुन्छ ।

# पोखरामा भर्चुअल लाइब्रेरी

पोखरा- पुस्तकालय भनेपछि धेरैलाई लाग्छ, थुप्रै पुस्तक भण्डारण गरी राखिएको ठाउँ हो, तर सूचना-प्रविधिको फड्कोसँगै अहिले धेरै प्रविधि भित्रिसकेका छन् । अब इन्टरनेटको माध्यमबाट कम्प्युटरबाटै पुस्तकहरू सजिलै हेर्न सकिने भएको छ । पोखरामा पनि विद्युतीय पुस्तकालय (भर्चुअल लाइब्रेरी) स्थापना भएको छ ।

स्थानीय कसमस इन्टरनेसनल कलेजको साझेदारीमा बिट्रिस काउन्सिलले पोखरामा विद्युतीय पुस्तकालय स्थापना गरेको हो । सूचना र जानकारीका लागि जिज्ञासु युवापुस्तालाई यो लाइब्रेरीले पर्याप्त सुविधा पुऱ्याउनेछ । पुस्तकालयमा इब्रेरी तथा अनलाइन डाटावेसजस्ता सामग्रीहरू उपलब्ध छन् । इब्रेरीअन्तर्गत २ सयभन्दा बढी प्राज्ञिक एवं व्यावसायिक प्रकाशन गृहबाट प्रकाशित व्यवस्थापन एवं शैक्षिक क्षेत्रसँग सम्बन्धित ७ हजार ५ सय अनलाइन पुस्तक इब्रेरीमा राखिएका छन् ।

यहाँ उपलब्ध पुस्तक तथा लेखहरूलाई अपडेट गर्दै लगिने काउन्सिलले जनाएको छ । त्यस्तै अनलाइटन डाटावेसहरूमा ब्रिटानिका विश्वकोश, इन्फोट्र्याक, अक्सफोर्ड अंग्रेजी शब्दकोश, अक्सफोर्ड रेफरेन्स अनलाईन, ग्रुभ आर्ट अनलाइन, गुभ्र म्युजिक अनलाइन, अक्सफोर्ड स्कलरसिप अनलाइन, अक्सफोर्ड राष्ट्रिय जीवनी शब्दकोश एवं एसेसरिज भर्चुअल लर्निङ रिसोर्स सेन्टर समावेश छन् ।

पुस्तकालयले बेलायतसम्बन्धी जानकारी, बेलायतमा उच्च अध्ययनसम्बन्धी जानकारी दिनुका साथै अंग्रेजी सिक्न चाहनेहरूलाई पनि सहयोग पुऱ्याउनेछ, -काउन्सिलकी जनसम्पर्क प्रबन्धक संघ भट्टराईले जानकारी दिइन् । उनले सूचना र जानकारीका भोका युवापुस्तालाई यो लाइब्रेरीले पर्याप्त सुविधा पुऱ्याउने बताउँदै काउन्सिलले भविष्यमा अन्य सहरमा पनि यस्तो लाइब्रेरी सञ्चालन गर्ने बताइन् ।

– शिव शर्मा

# एड्सबाट बच्ने नयाँ उपाय

संयुक्त राष्ट्रसंघको बालकोष (युनिसेफ) ले एड्सविरुद्ध लड्न युवाहरूलाई प्रेरित गर्ने उद्देश्यले कम्प्युटरमा नयाँ खेल प्रयोगमा ल्याउने घोषणा गरेको छ । यो खेलको प्रारम्भिक भाषा अंग्रेजी तथा स्वाहिली हुनेछ । यो खेल खेल्ने क्रममा एड्स तथा एचआईभी नियन्त्रणको तौरतरिकाको पूर्ण जानकारी प्रयोगकर्ताले पाउँछन् । युवाहरूको आवाज नाम दिइएको यो खेलको प्रयोगले १ सय ८० देशका युवाहरूले बालबालिकालाई भावी समाजमा योग्य बनाउन सक्ने ज्ञान हासिल गर्नेछन् । अहिलेसम्म पनि ८० प्रतिशत युवामा एड्सको जीवाणुबाट कसरी बच्ने भन्ने ज्ञान नभएका कारण कम्प्युटरमा आधारित यस्ता खेलमार्फत उनीहरू लाभान्वित हुने अपेक्षा गरिएको छ ।

## चलचित्र बनाउन गाऱ्हो रै'छ

नेपाली चलचित्रले आमदर्शकलाई समेट्न नसकेको यथार्थतालाई सबैले स्वीकार गरेका छन्। नेपाली चलचित्र उद्योगले गाउँका सीमित दर्शकमै भर परेर चलचित्र उत्पादन गर्नुपरेको छ। सहरिया सम्भ्रान्तहरू जति चासो बलिउड र हलिउड चलचित्र उद्योगलाई दिन्छन्, त्यति नै नेपाली चलचित्रलाई उपेक्षा गर्छन्, तर खुसीको कुरा सशस्त्र द्वन्द्वको अन्त्यसँगै अहिले फेरि नेपाली चलचित्र निर्माण गर्ने लहर नै चलेको छ। त्यही मेसोमा सानो पर्दाका चर्चित निर्देशक श्याम भट्टराईले ठूलो पर्दाको चलचित्र बनाउने घोषणा गरे।

निर्माता सञ्जय कुटुलाई लिएर चलचित्र 'मर्यादा' निर्माण गरिरहेका श्यामले साप्ताहिकसँगको भेटघाटमा भने- 'ठूलो पर्दाको चलचित्र बनाउनु गाह्रो रै'छ।' सानो पर्दाका गहना, जानकी, दुई थोपा आँसु आदि सफल टेलिश्रृङ्खला निर्देशन गरेका भट्टराईले ठूलो पर्दाको चलचित्र निर्माणका क्रममा आएका विभिन्न व्यवधानलाई सन्दर्भ बनाएर त्यसो भनेका रहेछन्।

निर्देशक भट्टराईका अनुसार चलचित्र छायांकनका क्रममा उनीसहितको कलाकारहरूको जम्बो टोली पोखरा पुगेको थियो। चलचित्रको अधिकांश छायांकन पोखराको होटल फूलबारीमा हुने समाचार कान्तिपुर दैनिकमा प्रकाशित भएपछि होटलको काठमाडौं व्यवस्थापनले तुरुन्तै छायांकन रोक्न पोखरास्थित होटललाई निर्देशन जारी गऱ्यो। 'केही दिन छायांकन भैसकेकाले अर्को 'लोकेसन' खोज्न गाह्रो थियो,' भट्टराई भन्छन्- 'अन्य होटल खोजेर काम अघि बढाउनुपऱ्यो।' नाम चलेका कलाकारहरूलाई अनुबन्धित गरेका भट्टराईलाई सबै कलाकारको 'सेड्युल' मिलाउन पनि त्यत्तिकै गाह्रो भयो।

त्यसैगरी बन्द-हड्तालका कारण पटक-पटक छायांकन स्थगित गर्नुपऱ्यो। त्यति मात्र होइन, मुलुककै सबैभन्दा बढी



पानी पर्ने स्थान पोखराको मौसमका कारण पनि काम रोकिएको उनले बताए। यसबाहेक पनि धेरै स-साना प्राविधिक कारणले गर्दा काममा व्यवधान आएको थियो, उमेरका दृष्टिकोणले पनि कान्छा निर्देशक भट्टराईले भने- 'जे होस्, पहिलो चलचित्र निर्माणका क्रममा धेरै अनुभव हासिल गरियो।'



# नेपाली चार्लिज एञ्जल्स

हिन्दी चलचित्रमा हलिउडको नक्कल गरिन्छ भने नेपाली चलचित्रमा बलिउडको। बरु नेपाली चलचित्रमा सीधै अंग्रेजी चलचित्रकै नक्कल गरे कसो होला ? हिन्दी चलचित्रको नक्कल गर्दै 'अभिमन्यु' बनाएर घाटा बेहोर्नुपरेपछि अहिलेका व्यस्त चलचित्र लेखक मौनता श्रेष्ठको मनमा यस्तै विचार उब्जिएछ। त्यसपछि दायाँ-बायाँ केही नसोची उनले एउटा हलिउड चलचित्र दर्जनौं पटक हेरेछन्। लेखक न परे, त्यो पनि नेपाली चलचित्रको। त्यो हलिउडको चलचित्रको प्रस्तुति र कथालाई नेपालीकरण गर्दै उनले चलचित्र बनाउन थालिसकेका छन्। चलचित्रको शीर्षक भने वर्षौंअघि नेपालमै छायाङ्कन गरिएको एक हिन्दी चलचित्रसँग मिल्छ वा भनौं मिलाइएको छ।

उक्त चलचित्रको शीर्षक राखिएको छ- 'आँधी तुफान'। शीर्षक हिन्दी चलचित्रसँग मिले पनि चलचित्रको विषय भने उनले चर्चित अंग्रेजी एक्सन चलचित्र 'चार्लिज एञ्जल्स' बाट उठाएका छन्। उनको चलचित्रमा तीन जना आकर्षक युवतीहरू छन्, जो आपराधिक गिरोहसँग भिड्दै उनीहरूलाई कानुनको कठघरामा उभ्याउँछन्। उनीहरू आफ्नो सुन्दरताको जाल फिजाउँदै अपराधीहरूलाई कारबाही गर्छन्, चार्लिज एञ्जल्समा जस्तै। तर हलिउडको चार्लिज एञ्जल्स र कलिउडको आँधी-तुफानबीच तीनवटा फरक हुनेछ। पहिलो चलचित्रको विषयवस्तुलाई पूरै नेपालीकरण गरिनेछ। दोस्रो तीन जना नायिकाले नेपालको हिमाल, पहाड र तराईको प्रतिनिधित्व गर्नेछन्। तेस्रो यसमा हलिउडको चार्लिज एञ्जल्सको निर्माण लागतभन्दा निकै कम अनुमानित दुईदेखि तीन प्रतिशत मात्र लगानी हुनेछ। नक्कल नै सही, मौनताको नेपाली चलचित्रलाई 'हलिउड स्टचान्डर्ड'मा लाने प्रयासको कदर गर्नैपर्छ। बरु थाहा पाइराख्नुहोस्, नेपाली चार्लिज एञ्जल्सको नाम- ॠचा घिमिरे, पुजाना प्रधान र रञ्जु लामिछाने। तीनै जना अहिलेका 'हटकेक'।

## नन्दिताको गुनासो

चलचित्र 'पर्खी बसे' मा आफ्नो भूमिका घटेको देखेर नायिका नन्दिता केसी निराश भएकी छिन्। उक्त चलचित्रका लागि नन्दिता मुख्य भूमिकाका लागि अनुबन्धित भएकी थिइन्। चलचित्र पर्खी बसेंमा दुई नायिका छन्– यमुना उप्रेती र नन्दिता केसी। सुरुमा यमुना सहायक र नन्दिता मुख्य भूमिकामा अनुबन्धित भए पनि चलचित्रको छायांकन हुँदै जाँदा यमुना मुख्य र नन्दिता सहायक भएको 'पर्खी बसें' को निर्माणले जनाएको छ, तर नन्दिता यो कुरा सार्वजनिक गर्ने पक्षमा छैनन्। सायद यस्तो गुनासो प्रकाशमा आयो भने चलचित्रका निर्देशक एवं निर्माणपक्षले ब्ल्याक लिस्टमा राख्न सक्ने सम्भावना हुन्छ भन्ने लाग्छ नन्दितालाई। पर्खी बसेंका निर्देशक दीपक श्रेष्ठ तथा



निर्माता उद्धव पौडेल हुन्। निर्देशक शिव रेग्मीको चलचित्र 'हामी तीन भाइ' बाट चलचित्र क्षेत्रमा चिनिएकी नन्दिताले हालसम्म कुनै पनि चलचित्रमा मुख्य भूमिका निर्वाह गरेकी छैनन्। त्यसैले मुख्य भुमिकाबाट हट्नुपर्दा उनलाई पर्नु पीर परेको छ।

## गफै त हो

## ६ महिनामा ६ पटक विदेश

नायिका रेजिना उप्रतीले भनिन्- 'तपाईंलाई थाहा छ ? म छ महिनामा छ पटक विदेश गएर आए नि □' उनले फेरि थपिन्– 'बाँकी छ महिनामा फेरि छ पटक नै गइन्छ जस्तो छ।'

चलचित्रमा पनि व्यस्त रेजिना छ महिनामा छ पटक कसरी बिदेसिन सक्छिन् ? उनी भन्छिन्- 'समय मिलाउन सक्नुपर्छ। कुन-कुन देश गइयो यो छ महिनामा ? रेजिना बेलीविस्तार लगाउँछिन्- 'सबैभन्दा पहिले लन्डन, त्यसपछि कतार, अनि कोरिया, बहराइन, फेरि कतार र भर्खरै दुबई गएर आएँ।'

रेजिनालाई राम्रो नृत्य गर्ने नायिकाका रूपमा चिन्न थालिएको छ। उनलाई यही दक्षताका कारण सायद विदेश लान्छन् कार्यक्रम आयोजकहरू। भनिन्छ, जसले राम्रो गर्छ आयोजकले उसैलाई लैजाने हो। विदेशमा हुने कार्यक्रमका लागि जसको नामबाट टिकट बिक्री हुन्छ उसैलाई लैजा नु आयोजकको धर्म पनि हो। आम्दानी त प्रशस्तै हुन्छ होला, होइन ? रेजिना भन्छिन्- 'एउटा चलचित्रमा अभिनय गरेभन्दा एकपटक विदेश जाँदा बढी पारिश्रमिक पाइन्छ। तपाईं फुर्सदमा भएर त विदेश भ्रमण रोजेको



होइन ? उनले फेरि बेलीविस्तार लगाइन्– 'हेर्नुस्, मैले अभिनय गरेका चार चलचित्र राजधानी भित्रिन बाँकी छन्। इतिहास र वारुदको डबिङ भर्खरै सिध्याएँ, घायल, सैनिक र आक्रमण गरी तीन चलचित्रमा काम गर्दैछु। यो भन्दा के व्यस्त हुनु ?' उनी प्रतिप्रश्न गर्छिन्।

# मध्यजूनमा प्रतिस्पर्धाको गर्मी

गर्मी मौसम भएकाले त्यसै पनि वातावरणीय तातोपन बढेको छ, यही मौसममा प्रतिस्पर्धात्मक कार्यक्रमले र्‍याम्पलाई अझ तताउने भएको छ। आगामी जून १५, १६ र १७ तारिखका दिन तीनवटा फरक खालका प्रतिस्पर्धा हुने भएका छन्। आगामी जुलाई महिनामा चीनको संघाई क्षेत्रमा सम्पन्न हुने मिस टुरिज्म क्विन इन्टरनेसनल २००७ प्रतियोगितामा नेपालका तर्फबाट प्रतितिनिधित्व गर्ने युवतीको छनौटमा ग्रुप अफ इभेन्ट इन्टरटेनर्स (जी.ई.ई)





नामक संस्था जुटेको छ।

मिस टुरिज्म क्विन इन्टरनेसनल नेपाल २००७ शीर्षकमा सञ्चालन हुने उक्त प्रतियोगिताका लागि हाल १५ जना युवती प्रभा अमात्यको कोरियोग्राफीमा परिश्रम गरिरहेका छन्। सञ्चारकर्मी रोजिन शाक्यबाट पर्सनल ग्रुमिङसम्बन्धी प्रशिक्षण लिइरहेका प्रतिस्पर्धी युवतीहरू आगामी जून १६ तारिखमा अन्तिम प्रतिस्पर्धाका लागि भिड्नेछन्। पर्यटन सुन्दरीका रूपमा सांस्कृतिक राजदूत छनौटसम्बन्धी अन्तिम प्रतिस्पर्धा भने पोखरास्थित फूलबारी रिसोर्टमा सञ्चालन हुँदैछ।

यसअघि सिसिलिया गुरुङले सन् २००५ को अन्तर्राष्ट्रिय पर्यटन सुन्दरी प्रतियोगितामा नेपालको प्रतिनिधित्व गरेकी थिइन्। प्रतियोगिताका लागि राजधानीस्थित नेपाल एजुकेसन अफ फेसन टेक्नोलोजी (एन.ई.एफ.टी) ले पहिरन तयार पारेको छ भने मिस टुरिज्म नेपालअन्तर्गतको मिस टयालेन्ट एवार्डका लागि भोलि प्रतिस्पर्धा हुँदैछ।

### छात्रछात्राको प्रतिस्पर्धा

जून १५ तारिखमा राजधानीस्थित विभिन्न १९ वटा कलेजमा अध्ययनरत १२ जना छात्र तथा १२ जना छात्रा गरी जम्मा २४ जना सहभागीबीच मिस्टर एन्ड मिस युनिभर्सिटी नेपाल २००७ शीर्षकमा प्रतिस्पर्धा सञ्चालन हुने भएको छ।

सहभागीहरूको व्यक्तित्व एवं बौद्धिकताका आधारमा प्रतिस्पर्धा हुने यो प्रतियोगिताको विजेता छनौटमा सहभागीहरूको सामाजिक क्रियाकलापमा संलग्नता, उनीहरूको बोल्ने क्षमता, प्रस्तुतीकरण, निबन्ध-लेखन, उत्तर दिने शैली आदि कुरामा जोड दिइनेछ। प्रतिस्पर्धाको कोरियोग्राफी प्रशान्त ताम्राकारले गरिरहेका छन्।

श्रेष्ठ टेलरिङ सेन्टर तथा आइ.ई.सी. डिजाइनिङ संस्थाबाट तयार पारिएका पहिरनमा प्रतिस्पर्धामा उत्रने सहभागीहरूमध्ये शीर्ष उपाधि विजेताले आगामी जुलाई महिनामा कोरियामा सम्पन्न हुने मिस्टर एन्ड मिस युनिभर्सिटी इन्टरनेसनल २००७ स्पर्धामा नेपालको प्रतिनिधित्व गर्नेछन्।

यसअघि सन् २००६ मा नीरज बरालले यही प्रतियोगितामा नेपालको तर्फबाट सहभागिता जनाएर मिस्टर युनिभर्सिटी इन्टरनेसनल २००७ को उपाधि जितेका थिए। मिस्टर एन्ड मिस युनिभर्सिटी इन्टरनेसनल नेपाल २००७ को अन्तिम प्रतिस्पर्धा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा सम्पन्न हुँदैछ।

### फुच्चाफुच्चीहरूको प्रतियोगिता

यसैगरी 'जित हाम्रो' नामक संस्थाले लिटिल मिस्टर एन्ड मिस नेपाल शीर्षकमा बालप्रतिस्पर्धा सञ्चालन गर्दैछ। प्रतियोगिताका लागि पहिलो चरणमा राजधानीस्थित विभिन्न विद्यालयमा प्रतिस्पर्धा गराइएको थियो, जसअन्तर्गत प्रत्येक विद्यालयको प्रतियोगिताबाट छनौट भएका २९ जनाबीच लिटिल मिस्टर एन्ड मिस नेपालका लागि अन्तिम प्रतिस्पर्धा हुँदैछ।

यो प्रतियोगिताको ग्रान्ड फाइनल अगामी जून १७ मा राजधानीस्थित राष्ट्रिय सभागृहमा सञ्चालन हुँदैछ भने प्रतियोगिताको ट्यालेन्ट राउन्ड भोलि दिउँसो राजधराना रेस्टुराँमा सम्पन्न हुँदैछ। प्रतियोगितामा सहभागी १४ बालक तथा १५ बालिकालाई सोफिया महर्जनले तयार गरिरहेकी छिन्।

# तातो घाममा उर्लियो विराटनगर



**कमल रिमाल**

विराटनगर- चर्को घामले गत शनिबार विराटनगरको तापक्रम ३७ डिग्री पुगेको थियो। अत्यधिक गर्मीको पर्वाह नगरी सहिद मैदानमा हजारौं संगीतप्रेमी भेला भएका थिए। राजा र प्रचण्ड आउँदासमेत नभरिएको मैदानमा खुट्टा टेक्ने ठाउँ थिएन। मान्छेको खचाखच भीडले १६ हजार दर्शक क्षमताको मैदान भरिएको थियो। यतिका दर्शकमाझ भएको भव्य सांगीतिक समारोह २० हजार दर्शकले अवलोकन गरको आयोजकहरूले जनाएका छन्।

युवा पुस्ताका चर्चित गायक-गायिकाको प्रस्तुति हेर्न र सुन्न भेला भएका अधिकांश दर्शक युवायुवती थिए। दिउँसो ३ बजेदेखि तीन घन्टा चलेको सांगीतिक समारोहमा उपस्थित दर्शकलाई चर्को घामले पनि विचलित पारेन। बरु कलाकारको प्रस्तुतिसँगै दर्शकहरू पनि नाचे। दर्शकले पूर्ण साथ दिएपछि कलाकारहरू पनि उत्साहित भएका थिए।

स्पाइस नेपालले आयोजना गरेको 'मेरो मोबाइल लाइभ कन्सर्ट' मा आएका कलाकारहरूलाई विराटनगरको गर्मीले काबु बनायो। एक हातले पसिना पुछ्दै अर्को हातले माइक समाएर गाइरहेका कलाकारका लागि विराटनगरका दर्शक र गर्मी अविस्मरणीय सावित भए। आधुनिक पप गीतमा बढी रोमाञ्चक देखिएका दर्शकले पटक-पटक 'वान्स मोर' गरे



पनि कलाकारले त्यसको पर्वाह नगरी गाइसकेको गीत पुन: दोहोर्‍याएनन्।

धेरै कलाकार तथा छोटो समय भएकाले पनि गायक-गायिकाले दर्शकको आग्रह अस्वीकार गर्नुपर्‍यो। कार्यक्रममा प्रीति कौर, अनिल सिंह, क्रान्ति आले, निमा रुम्बा, एड्रिएन प्रधान, दीपक थापा, मौसमी गुरुङ, लिजेन्ड ब्यान्ड आदिले आ□ना चर्चित गीत प्रस्तुत गरेका थिए।




# वृत्तचित्रको रन्को

**सुधीर नेपाल**

लामो इतिहास बोकेको डकुमेन्ट्री अर्थात् वृत्तचित्रले नेपालमा पाँच दशक लामो यात्रा तय गरिसकेको छ। हामीकहाँ सामाजिक एवं संस्कृतिक प्रवर्द्धनका लागि नै यो माध्यमलाई अँगालिएको छ। नेपाली वृत्तचित्रले विगतका दशकमा घटेका विभिन्न राजनैतिक घटनाहरूलाई पनि समेट्ने प्रयास गरेको छ। यसबीच शासकहरूले आफ्नो कार्यशैलीलाई वृत्तचित्रमा उतार्ने प्रयास पनि गरेका छन्। हरेक क्षेत्रमा जस्तै वृत्तचित्रमा पनि तुलनात्मक रूपमा पुरुषको वर्चस्व छ। यो क्षेत्र महिलाहरूका लागि चुनौतीकै क्षेत्रका रूपमा स्थापित छ, तर यस्तो चुनौतीलाई अंगिकार गर्दै विगत सात वर्षदेखि यसै क्षेत्रमा निरन्तर समय खर्च गर्दै आएकी महिला वृत्तचलचित्रकर्मी हुन्– सुबिना श्रेष्ठ। वृत्तचित्र निर्मात्री श्रेष्ठले समसमायिक घटनाहरूमाथि नै आफ्ना वृत्तचित्रको खाका बुनेकी छिन्। एउटै विषयमा केन्द्रित रहेर काम गर्न मन नपराउने श्रेष्ठ यसका धेरै धार भएको बताउँछिन्। 'चुलो, चुली र बन्दुक'





शीर्षकको वृत्तचित्र निर्माण गरेर चर्चामा रहेकी श्रेष्ठ यसलाई माओवादी पृष्ठभूमिको एउटा सशक्त प्रतिविम्ब मान्छिन्। यतिखेर भारतमा रहेका नेपाली कामदारहरूका बारेमा वृत्तचित्र निर्माण गरिरहेकी श्रेष्ठलाई अब यो क्षेत्र स्वाभाविक र सहज लाग्न थालेको छ।

वृत्तचित्र अहिले विश्वभरि नै एक प्रभावकारी माध्यमका रूपमा स्थापित भैसकेको छ। नेपालमा बीसको दशकको प्रारम्भतिर तत्कालीन व्यवस्थाको प्रचारका लागि वृत्तचित्र भित्रिएको थियो, तर यसको खास सुरुवात भने सन् '७० को दशकमा भएको पाइन्छ। युनाइटेड नेसनका कर्मचारीका रूपमा नेपाल भित्रिएका टोनी हेगनको 'उहिलेको नेपाल' नै पहिलो नेपाली वृत्तचित्र मानिन्छ। पत्रकार तथा वृत्तचित्र निर्माता गिरीश गिरी भन्छन्– 'दोस्रो विश्वयुद्धताका हिटलरले आफ्नो पक्षमा समाचार फैलाउने हिसाबले श्रव्य-दृश्य माध्यमका रूपमा यसलाई अपनाएका थिए। निकै बिरूप ढंगबाट सुरु भएको यसको इतिहासले अहिले आफ्नो स्वरूपलाई निकै सुन्दर र आकर्षक बनाइसकेको छ।

विविध विधालाई समेटेर प्रस्तुत गरिने वृत्तचित्रहरू सुरुसुरुमा उपन्यास र कथामा आधारित हुन्थे, तर आजका वृत्तचित्रले इतिहासमा भन्दा पनि वर्तमानको यथार्थमा बढी 'फोकस' गरेको गिरी बताउँछन्। आज 'फिक्सन' र 'फयाक्ट' दुवै यसको निर्माण-आधार हुने गरेको छ। मानवजीवन र सभ्यतासँग जोडिएका जुनसुकै पक्ष र विधामा वृत्तचित्र निर्माण गर्न सकिने बताउने गिरी आफू भने स्पोर्टस डकुमेन्ट्री बनाउँछन्। 'यसमा छुट्टै प्रकारको आनन्द जोडिएको हुन्छ,' गिरीश भन्छन्।

पहिले नेपालमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय संघसस्थाहरूले आफ्नो कार्यको प्रगति-विवरण दिने हिसाबले पनि वृत्तचित्र निर्माण गरेको अनुभव छ, चलचित्र निर्देशक तथा वृत्तचित्र निर्माता छिरिङ रितारको। नेपाली समाज र संस्कृतिमा आधारित रहेर धेरै वृत्तचित्र निर्माण गरिसकेका रितार विगत १२ वर्षदेखि यस क्षेत्रमा सक्रिय छन्। उनको 'स्प्रिट डजनट कम एनी मोर' १९९७ को दक्षिण एसियाली वृत्तचित्र महोत्सवमा पुरस्कृत भैसकेको छ। रितार भन्छन्- 'त्यो वृत्तचित्रले समाजमा एक प्रकारको परिवर्तन ल्याएको महसुस गराएको थियो।' नितान्त व्यक्तिगत सौखका रूपमा विकसित भएको यो क्षेत्रमा अहिले प्रशस्त व्यावसायिक अवधारणा र सम्भावनाहरू विकसित हुन थालेका छन्। हरेक निर्माता-निर्देशकलाई आफ्नो वृत्तचित्रमा कसरी नयाँ र आधुनिकता देखाउने भन्ने कुराले सताइरहन्छ। 'नेपालमा यसको विकास र प्रवर्द्धनमा दक्षिण एसियाली वृत्तचित्र महोत्सवले पनि निकै महत्त्वपूर्ण भूमिका खेलेको छ', रितार बताउँछन्।

समाजमा घटेका विभिन्न घटनाक्रमहरूलाई आफ्नो क्यामेरामा हुबहु उतार्ने निर्माता राजेश ढकाल 'यसलाई यथार्थ चित्रण' भन्न रुचाउँछन्। विगत तीन वर्षदेखि वृत्तचित्र निर्माणमा सक्रिय ढकालको विषय समाजका दलितहरू हुन्। दलितले बनाएको 'हनुमान थान मन्दिर' मा अरू कोही पनि नजाने कुरालाई उनले आफ्नो वृत्तचित्रमा यथार्थ रूपमा उतारेका छन्। हालसम्म उनले यही शैलीका चारवटा वृत्तचित्र निर्माण गरिसकेका छन्। उनको भर्खरै प्रदर्शित संस्कृति, रीतिरिवाज र मृतकहरूको आत्मशान्तिका लागि आगोमा होमिने परम्परालाई अघि सारेको वृत्तचित्र 'खली' चर्चामा छ।

समय र आर्थिक लगानीको कुनै लेखाजोखा नहुने भए पनि सामान्यतया एउटा वृत्तचित्रको निर्माण सम्पन्न गर्न ५० हजारदेखि १ लाख रुपैयाँसम्म लाग्छ। पहिले-पहिले राज्यको कामको प्रचारका लागि यसको प्रयोग भए पनि अब उक्त धारणामा आमूल परिवर्तन आइसकेको छ। पछिल्लो दशकदेखि यसमा सिर्जनात्मक सोचले पनि प्रवेश पाउन थालेको पाइन्छ। विशेषत: युवापुस्तामाझ यसको आर्कषण रहे पनि आज सबै उमेर र रुचिका दर्शकमाझ यसको लोकप्रियता बढ्दो छ। 'केहीले यसलाई व्यावसायिक काम भने पनि यसको साँचो व्यवसायीकरण हुन नसकेको' पत्रकार तथा वृत्तचित्रकर्मी शेखर खरेल बताउँछन्। यसलाई व्यवसायको एउटा पाटोमा उभ्याउने जमर्को गरिरहेका खरेल आफू यस विषयमा अझ बढी ज्ञान खोज्ने प्रयासमा लागेको बताउँछन्। 'यसका लागि हामी सम्भावनाहरूको खोजीमा छौं', -खरेल भन्छन्। यसका लागि अझ धेरै गर्न बाँकी रहेको पनि खरेलको धारणा छ।

नौलो क्षेत्र भएकाले यसमा लाग्नेहरूको संख्या पनि सीमित नै छ। साहित्यकार अभि सुवेदीमाथि आधारित वृत्तचित्र 'काठमाडौं ओडेसी' को निर्माण गरेका खरेल यसमा एउटा साहित्यकारको जीवन शैलीलाई चित्रण गरिएको बताउँछन्। यसबाट आममानिसको जीवनलाई छुन सकिन्छ। सुवेदीको यात्रा साहित्य भएकाले उनलाई यसको पात्रका रूपमा व्याख्या गरिएको छ। सुवेदी र आममानिसको जीवनमा के फरक छ भन्ने कुरा आफ्नो वृत्तचित्रले प्रस्तुत गरेको खरेलले बताए। श्रव्यदृश्यमा लगाव भएको बताउने खरेलको 'डिसेम्बर ब्लुज' ले चर्चा पाएको थियो। युवा पुस्ताको प्रभावकारी आगमन हुनु र यसप्रतिको रुचि प्रबल हुन थालेका कारण नेपाली वृत्तचित्रको सम्भावना बढेको छ। नेपाललाई अन्तर्राष्ट्रिय जगत्मा परिचित गराउन एक दशकयता वृत्तचित्रले निर्वाह गरेको भूमिकाले यसको लोकप्रियता र सम्भावनालाई अझ प्रस्ट रूपमा अनुभव गराएको छ।

## लभगुरु रेखा



**प्रश्न : म २१ वर्षीय युवक हुँ। हाल म बीबीएसमा अध्ययनरत छु। म आफैंसँग अध्ययनरत युवतीसँग प्रेम गर्छु। उनी पनि मलाई चाहन्छिन्। उनी मभन्दा कथित उच्च जातकी हुन्, तसर्थ हाम्रो प्रेममा उनको घर-परिवारको समर्थन हुने कुनै सम्भावना छैन। हामी भागेर विवाह गर्न चाहन्छौं। मेरो घरमा उनलाई ल्याए कुनै आपत्ति छैन तर विवाहपछि उनका लागि उनको घरको ढोका बन्द हुने निश्चित छ। यद्यपि विवाहका लागि उनी पनि तयार छिन्। हामी के गरौं ?**

**जे.टी.के.**

**उत्तर** : पहिलो कुरा त तपाईंहरूले पहिले आफ्नो क्यारियरमा ध्यान दिनुपर्छ, तसर्थ विवाहको कुरा सोच्न छोडेर आफ्नो प्रेम सम्बन्धलाई निरन्तरता दिंदै अध्ययन पूरा गरी दुवैजना आफ्नै खुट्टामा उभिन सक्ने हुनुहोस्। हुनसक्छ त्यतिबेलासम्म तपाईंकी प्रेमिकाको घर-परिवारको विचारमा परिवर्तन आओस्। तपाईंहरूले अहिले नै विवाह गर्नु हतार मात्र होइन भविष्यमा दुःख पाउने मेलो पनि हो, आफ्नो खुट्टामा आफै बञ्चरो हान्नु सरह हो। विवाहको निर्णय हतार र आवेशमा गर्नुहुँदैन। अध्ययनको समाप्तिसँगै तपाईंहरूमा परिपक्वता पनि आउनेछ। त्यसबीच तपाईंले आफ्नो सद्व्यवहारबाट उनको घर-परिवारलाई प्रभावित तुल्याउन सक्नुहुन्छ। त्यसै पनि हिंजोआज जातभातका कुरालाई त्यति मान्यता दिइँदैन, तसर्थ उहाँहरूले आफ्नो हठ छोड्न सक्नुहुन्छ। यदि आफ्नो खुट्टामा उभिसकेपछि अनि उमेरले परिपक्व भैसकेपछि पनि उहाँहरू विवाहका लागि तयार हुनुभएन भने तपाईंहरूले आपसी सहमतिमा विवाह गर्न सक्नुहुन्छ। मेरो राय त यही छ- धैर्य गर्नुहोस् र घरपरिवारको मन जित्ने प्रयास पनि।

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## फिल्मी खबर

**उद्धव** अभिजितको निर्देशनमा चलचित्र 'विरोध'को छायाँङ्कन कार्य सुरु भएको छ। हालै चाबहिलस्थित चारुमती विहारमा शुभसाइत गरी आरम्भ गरिएको उक्त चलचित्रमा गणेश उप्रेती, रिमेश अधिकारी, ऋचा घिमिरे, नागेन्द्र रिजाल, हिक्मत थपलिया, सूरवीर पण्डित, सेविना अर्याल, गीता अधिकारी आदिले अभिनय गरेका छन्। यो चलचित्रका निर्माता सुरेशकुमार राई तथा प्रस्तुतकर्ता विराज बाबा हुन्।

**चलचित्र** वितरक तथा चलचित्र भवन सञ्चालक मदनमान बज्राचार्यले राजेश हमाललाई पाले बनाएका छन्। उनले निर्माण गरेको चलचित्र 'पालेदाइ'मा राजेश हमाल केन्द्रीय भूमिकामा छन्। उक्त चलचित्र केही साताभित्र सार्वजनिक हुने बताइन्छ। चलचित्रमा राजेशका अतिरिक्त निखिल उप्रेती र दिलीप रायमाझी पनि नायक छन्। रेखा थापा तथा उषा पौडेल नायिकाका साथै रवि गिरी, दिनेश शर्मा, मदनमान र रवि डंगोलले पनि चलचित्र 'पालेदाइ'मा मुख्य भूमिका निर्वाह गरेका छन्। दयाराम दाहालले निर्देशन गरेको यो चलचित्रको संगीत शम्भुजित बासकोटाले दिएका हुन्।

**"कस्तो पागलपन"** र 'बिन्तिपत्र' जस्ता चलचित्र निर्देशन गरिसकेका निर्देशक प्रमोद भण्डारीले निर्देशन गरेको चलचित्र 'इलाका' प्रदर्शनका लागि तयार भएको छ। बस्नेत मुभिजको ब्यानरमा पविता बस्नेतको निर्माण तथा पवन बस्नेत प्रस्तुतकर्ता रहेको यो चलचित्रमा दुई जना ठगले ठगेरै भए पनि गरिब जनताको सेवा गरिरहेको कथा समेटिएको छ। ती दुई युवाको भूमिका विराज भट्ट र दिलीप रायमाझीले निर्वाह गरेका छन्। महेश खड्काको संगीत, वसन्त श्रेष्ठ र दिनेश अधिकारीको नृत्य निर्देशन, रामजनकको द्वन्द्व तथा युवराज राईको छायाँङ्कन रहेको उक्त चलचित्रमा रेखा थापा, मोनिका शर्मा, पवन बस्नेत, मुकुन्द थापा, सन्तोष ढकाल, शालिकराम खड्का आदि कलाकारले मुख्य भूमिकामा अभिनय गरेका छन्।

**लिम्बू** जातिको इतिहासमा आधारित नेपाली चलचित्र 'चेसुङ'को छायांकन सकिएको छ। किपट मासिएपछि लिम्बूजातिको विकासमा अवरोध पुगेको विषयमा निर्मित चेसुङको सुटिङ धनकुटा जिल्लाको राजारानीमा गरिएको थियो। चलचित्रमा किपटकालीन लिम्बू संस्कार तथा रहनसहनलाई समेत समेटिएको छ। मचिन्द्र इम्बुङ (मौसम) को निर्देशन, पटकथा र संवाद रहेको चेसुङको कथा एवं निर्माण परिकल्पना भीष्मा चेम्जोङको छ। चेसुङमा प्रेम सुब्बा, शोभा खजुम्, पुष्प श्रेष्ठ, आशिष लिङ्देन्, रमेश सिङ्गक, मनोज शाक्य, यासेली योङहाङ, भीष्मा चेम्जोङ, बलराज जवेगु, कृष्ण आचार्य, विष्णु चेम्जोङ, सुवर्ण पलिखे, कुलचन्द्र न्यौपाने, सौगात रिजाल, राजीव दाहाल आदिले अभिनय गरेका छन्। चलचित्र तयार भएपछि पहिले हङकङ तथा अमेरिकामा प्रदर्शन गरिने र त्यसपछि काठमाडौं, धरानमा प्रदर्शन गरिने निर्देशक मचिन्द्र इम्बुङले बताए। डिजिटल प्रविधिमा निर्मित चेसुङ्गमा १५ लाख खर्च भैसकेको छ।



**पायल शाक्य**, तीन वर्षअघि मिस नेपालको उपाधि जितेपछि चर्चामा आएकी थिइन्। केही विज्ञापन तथा म्युजिक भिडियोमा अभिनय गरेपछि उनको मिस नेपालको यात्रा लगभग टुंगियो। त्यसपछि आरम्भ भयो उनको व्यक्तिगत जीवन। व्यक्तिगत जीवनमा उनले एउटै एल्बमको एउटै गीतबाट चर्चामा आएका गायक सरुन ताम्राकारलाई जीवनसाथीका रूपमा स्वीकार गर्ने भइन्। उनीहरूको प्रेमप्रसंगले अखबारहरूमा स्थान पाए। विवाह नगरे पनि 'इन्गेजमेन्ट' गरेपछि अस्ट्रेलिया बसोबास गरिरहेका सरुनले पायललाई आफूसँगै उच्च अध्ययनका लागि सँगै लिएर गए। १६ महिनापछि पायल स्वदेश फर्किएकी छिन्। विवाह नभए पनि उनी त्यहाँ सरुनको परिवारसँग एउटै घरमा बसोबास गरिरहेकी छिन्।

# सरुन नै मेरो वर्तमान र भविष्य

**पायल शाक्य**

(मिस नेपाल, २००४)



**इन्गेजमेन्ट भएको त धेरै भयो, विवाह कहिले गर्ने ?**

आउने महिना, आउने वर्ष वा त्यसपछिको वर्ष जहिले पनि हुनसक्छ। इन्गेजमेन्ट भएपछि हाल हामी दुवै आ-आफ्नो पढाइ सिध्याउनै व्यस्त छौं। समय, परिस्थिति र परिवारले चाहेको दिन हाम्रो विवाह हुन्छ।

**विवाह नगरी अस्ट्रेलियामा सरुनसँगै बसिरहनुभएको छ नि त ?**

एक त हामी एक-अर्काका लागि नै बनेका हौं। सरुन नै मेरो वर्तमान र भविष्य हो। फेरि त्यहाँ हामी दुई जना मात्रै बस्दैनौं। सरुनका अभिभावकहरू पनि सँगै हुनुहुन्छ।

**व्यक्तिगत रूपमा विवाह गर्न तपाईंलाई हतार छैन ?**

खासै छैन भन्दा पनि हुन्छ। विवाह हुनुपर्छ भन्ने मान्यता मेरो पनि छ। पहिले पढाइ नै पूरा गर्न दिनुहोस्। यताबाट फर्किएपछि युनिभर्सिटी भर्ना हुनु छ।

**निवर्तमान मिस नेपाल भए पनि विदेशमा गएपछि रेस्टुराँ आदि स्थानमा सानोतिनो काम पनि गर्नुभएछ ?**

मलाई मिस नेपाल भएकोमा घमन्ड छैन। म अरूसरह साधारण मानिस हुँ। मलाई कर्ममा विश्वास छ। मैले मात्र होइन, अस्ट्रेलिया पुग्ने प्रायः विद्यार्थीले काम गरेकै हुन्छन्। सुरुमा अधिकांशले काम गर्ने ठाउँ भनेकै रेस्टुराँ हो। मैले म्याकडोनाल्डमा केही समय काम गरे। एयरपोर्टमा पनि काम गरें। अहिले म ओप्टस् वर्ल्ड नाम गरेको एक मोबाइल फोन कम्पनीमा काम गरिरहेकी छु।

**मिस नेपाल भएपछि आयोजक संस्थाले आफ्नै पहलमा तपाईंका लागि अवसर जुटाउने वा विदेशमा अध्ययन गर्ने व्यवस्था गर्नु पर्ने होइन र ?**

त्यो म मान्दिनँ। हाम्रो जस्तो पिछडिएको मुलुकमा मिस नेपाल हुनु नै ठूलो कुरा हो। यसले हामीजस्ताको आत्मविश्वास बढाउने काम गर्छ। त्यही आत्मविश्वासका कारण मैले अस्ट्रेलियाजस्तो विकसित देशमा उच्च अध्ययन गर्न सकेकी छु।

**सरुनसँग कति समय बिताउनुहुन्छ ? झगडा कत्तिको पर्छ ?**

(हाँसो) हरेक सम्बन्धमा झगडा हुन्छ। झगडा नभै माया बढ्दैन। उता फुर्सद हुनेबित्तिकै हामी सँगै हुन्छौं। कोठा सफा गर्छौं, कन्सर्टतिर जान्छौं। ऊ आफ्नो नयाँ एल्बमको तयारीमा पनि लागेको छ।

## केवल एक प्रश्न

# मरेपछि कहाँ पुगिन्छ जस्तो लाग्छ ?

म त खाल्टोमा पुग्छु। हाम्रो गाड्ने परम्परा छ। कति चितामा पुग्छन्। राजेश हमाल र कृष्णप्रसाद भट्टराईहरूचाहिं पछि कहाँ पुग्छन् म कन्फ्युजनमा छु। सायद भगवान् पनि एकपटक कन्फ्युज्ड हुन्छन् होला, अविवाहितहरूलाई कहाँ पठाउने भनेर।

**दीपकराज गिरी, हास्यअभिनेता**

म त स्वर्गमै पुग्छु। राम्रो काम गर्ने राम्रा मानिस पुग्ने ठाउँ त्यही हो। (नर्क पनि छ भन्छन् भन्ने प्रश्न गरेपछि) मलाई नर्क हुन्छ भन्ने नै थाहा छैन।

**विपना थापा, अभिनेत्री**

कोही पुनर्जन्म भएर पृथ्वीमै आउँछन्। कोही प्रेत योनिमा जान्छन्। पृथ्वीमा चाहिं विभिन्न योनिमा आउन सक्छन्। स्वर्ग आदिमा जान सक्छन्। अरबौंमा एक दुई मुक्त भएर जान सक्छन्। यस्तो सिरियस प्रश्नको उत्तर कहाँ फन्नी हुन्छ ?

**युवराज लामा, निर्माता/निर्देशक/अभिनेता**

शून्यमा पुगिएला तर मैले आजसम्म यस्तो कुरा सोचेकै छैन। मरें भने पनि ऋषि लामिछानेसँगै हुन्छु होला।

**सरिता लामिछाने, अभिनेत्री**

कहाँ हो कहाँ, अनुमान नै गर्न सक्दिनँ तर राम्रो काम गरियो भने सधैं बाँचिन्छ। बीपी कोइराला, गणेशमान सिंह, मदन भण्डारीहरू मरेका छन् जस्तो मलाई लाग्दैन।

**–किरण केसी, हास्य अभिनेता**



## चलचित्र



### द ट्रेन

सिद्धिविनायक क्रिएसन्सको ब्यानरमा नरेन्द्र बजाज तथा श्याम बजाजद्वारा निर्मित चलचित्र 'द ट्रेन-सम लाइन्स सुड नेवर बी क्रास्ड' आज सार्वजनिक हुँदैछ। रोमान्स र थ्रिलर शैलीमा निर्माण भएको यो चलचित्रकोछायांकन थाइल्यान्डमा गरिएको हो। चलचित्रमा नायक इमरान हासमी साधारण आर्थिक हैसियतमा श्रीमती सयाली भगत र एक छोरीका साथ बैंककमा बस्दै आएका हुन्छन्। इमरान र सयालीबीच सम्बन्ध बिग्रँदै जाँदा चलचित्रमा नायिका गीता बसराको प्रवेश हुन्छ। आकर्षक शारीरिक बनावटकी गीतासँग इमरानको अफेयर सुरु हुन्छ। जुन सम्बन्धका बारेमा कसैले श्रीमती सयालीलाई जानकारी गराइदिन्छ। त्यसपछि चलचित्र रहस्यमा परिणत हुन्छ। रक्षा मिस्त्री तथा हुसैन एस हैदरवालाले निर्देशन गरेको यो चलचित्र औसत व्यापार गर्न सक्ने चलचित्रको सूचीमा छ। यो चलचित्रका गीत सैयद काद्रीले लेखेका हुन् भने संगीत मिथुनको छ।




### ओसियन थर्टिन

ओसियन श्रृङ्खलाका धेरै चलचित्रले हलिउड चलचित्र उद्योगमा सफलता पाएका छन्। आज सार्वजनिक हुने सिक्वेल चलचित्र 'ओसियन थर्टिन' ले पनि त्यस्तै सफलता दोहोऱ्याउने अनुमान विश्लेषकहरूको छ। स्टेभन सोडरवर्गले निर्देशन गरेको यो चलचित्र एक्सन/एडभेन्चर, थ्रिलर, क्राइम/ग्यांगस्टरमा आधारित छ। चलचित्रमा ड्यानी ओसियनले यस्तै एउटा आपराधिक समूहको नेतृत्व सम्हालेका छन्। उक्त समूहले विभिन्न स्थानमा लुटपाट गरेका हुन्छन्। बैंक, क्यासिनोजस्ता क्षेत्रमा उनीहरूको प्रभाव देख्न सकिन्छ। कथा अघि बढ्दै जाँदा आउने विभिन्न रोमाञ्चक दृश्यहरू चलचित्र ओसियन थर्टिनका आकर्षक पक्ष हुन्। चलचित्रमा जर्ज क्लुने, एलेन बर्किन, म्याट डेमोन, ब्राड पिट, एन्डी गारसियाले प्रमुख भूमिकामा अभिनय गरेका छन्। दुई घण्टा लामो यो चलचित्रको छायांकन लसभेगास तथा लसएन्जलसमा गरिएको हो।

## अमेरिकामा दुई डकुमेन्ट्री



न्युयोर्क- पत्रकार दिलभूषण पाठकका दुई डकुमेन्ट्री सुकबहादुर अधिकारी, कक्षा ४ र न्युजरुम बाहिर आइतबार अमेरिकाको न्युयोर्कमा प्रदर्शन भएको छ। न्युयोर्कमा बस्ने नेपालीहरूको समाज पीपलको बोटद्वारा केभी ओपन सेन्टरमा आयोजित प्रदर्शनमा न्युयोर्कमा बस्दै आएका नेपाली तथा विदेशीहरू सहभागी थिए।

दुर्गम जिल्ला अछाममा अपनाइने असुरक्षित गर्भपतनमाथि बनाइएको डकुमेन्ट्री न्युजरुम बाहिर र ७९ वर्षको उमेरमा आफ्नी नातिनीसँग कक्षा-४ मा अध्ययनरत एक उत्साही वृद्ध माथि बनाइएको सुकबहादुर अधिकारी- कक्षा ४ को प्रदर्शनपछि नेपालको समसामयिक विषयमाथि छलफल पनि भएको थियो। पाठकको सुकबहादुर अधिकारी- कक्षा ४ केही दिनअघि मात्र वासिङ्गटन डी.सी. र मेरिल्यान्डको जोन हपकिन्स विश्वविद्यालयमा प्रदर्शन भएको थियो।

## सिङ्खम साक्षा-मनाङ विदेशमा

पोखरा- नेपालमा तयार भएको मनँङको वास्तविकता झल्कने वृत्तचित्र सिङ्खम साक्षा-मनाङको विदेशका दुई ठाउँमा सफल प्रदर्शन भएको छ। टिम वर्क फिल्म प्रोडक्सनले निर्माण तथा पोखरेली निर्देशक जसवन्तदेव श्रेष्ठले निर्देशन गरेको उक्त वृत्तचित्र नेदरल्यान्ड र थाइल्यान्डमा सफल प्रदर्शन भएको हो। नेदरल्यान्डमा गैरआवासीय नेपालीहरूले आयोजना गरेको एक कार्यक्रममा डकुमेन्ट्री देखाइएको थियो।

नेदरल्यान्डपछि वृत्तचित्र थाइल्यान्डको फुकेटमा बर्मेली नेपालीभाषी, नेपाली तथा अन्य विदेशी दर्शकहरूका माझ प्रदर्शित भयो। आगामी २९ जूनदेखि १ जुलाईसम्म चल्ने एएनए कम्भेनटेसनअन्तर्गत एएनए फिल्म फेस्टिभलमा पनि यो वृत्तचित्र छनौट भएको छ। उक्त कार्यक्रम अमेरिकाको क्यालिफोर्नियास्थित लसएन्जलस सहरमा सम्पन्न हुँदैछ। यो वृत्तचित्रमा मनाङको बाह्रमासे मौसम, त्यहाँको वस्तुस्थिति, रहनसहन एवं धर्मसंस्कृतिको चित्रणले जो-कोहीको मन तान्छ। ८ लाख खर्चेर यत्रो वृत्तचित्र बनाउने साहस बटुले जसवन्तले। यो वृत्तचित्र अंग्रेजी भाषामा अनुवाद भैसकेको छ।



## पहिलो विश्व



### भाषा संरक्षणमा अश्लील चलचित्र

रोमन भाषाबाट आएको क्याथलन भाषा अहिले लोपोन्मुख अवस्थामा पुगेको त्यहाँका भाषाविद्हरूले ठहर गरेका छन्। उनीहरूको ठहरपछि स्पेनको क्याथलन प्रान्तले यो भाषा संरक्षणका लागि अश्लील चलचित्रको सहारा लिने भएको छ। स्थानीय सरकारले क्याथलन भाषामा निर्माण गर्ने कुनै पनि अश्लील चलचित्रका निर्मातालाई १० हजार पाउन्ड अर्थात् १२ लाख ७० हजार रुपैयाँ दिने निर्णय गरेको छ। यो सहयोग स्थानीय रूपमा काम गरिरहेका निर्माताहरूले मात्र पाउनेछन्। यस्ता चलचित्रमा यौनक्रियाकलाप समावेश गरिए पनि स्थानीय धर्म, संस्कृतिलाई पनि समावेश गर्नुपर्नेछ।

### कुमारीत्व गुमाएकी रानी

बेलायतको राजपरिवार सधैं चर्चामा रहन्छ। यसरी चर्चामा आउनु बेलायती राजपरिवारका सदस्यहरूको चाहना होइन, तर सञ्चारमाध्यमले उनीहरूलाई सधैं चर्चामा ल्याइरहेको हुन्छ। पहिले बेलायतका राजकुमार चार्ल्सकी श्रीमती डायनाको चर्चा हुन्थ्यो भने अहिले यस्तो चर्चा उनकी दोस्री श्रीमती क्यामेलाको हुने गरेको छ। कुरा सन् १९६० को दशकतिरको हो। जब चार्ल्स र क्यामेलाबीच प्रेम थियो तब यी जोडी विवाह-बन्धनमा बाँधिने सोचाइमा थिए, तर क्यामेलाको कुमारीत्व भंग भैसकेका कारण उनलाई बेलायती राजपरिवारले बुहारीका रूपमा स्वीकार गर्न चाहेन। त्यसपछि चार्ल्सको विवाह डायनासँग सन् १९८१ मा भयो।

क्यामेलाकी हजुरआमा राजा एडवर्ड सातौंकी सुसारे थिइन्, जसका कारण उनी बेलायती राजपरिवारको सदस्य हुने सक्ने सम्भावना प्रबल थियो। धरानियाँ परिवारसँग हुने उठबसका क्रममा क्यामेलाले १७ वर्षको उमेरमा आफ्नो कुमारीत्व गुमाएको चर्चा चलेपछि उनलाई बुहारीका रूपमा स्वीकार गरिएन। आफ्नो यौवनकालको प्रेमलाई सफल वैवाहिक बन्धनमा परिणत गरेकी क्यामेलालाई अहिले डचेज आफ क्रोनेलको उपाधि दिइएको छ।



बेलायतको च्यानल फोर टेलिभिजनले 'क्विन क्यामेला' नामक वृत्तचित्र प्रसारण गरेर बेलायती राजघरानालाई पुनः चर्चामा ल्याउने प्रयास गरेको छ। यो वृत्तचित्रमा क्यामेलाले आफ्नो युवावस्थामा कसरी कुमारीत्व गुमाइन् भन्ने कुरा देखाइएको छ। यो वृत्तचित्र देखाउने तरखर गरेपछि बेलायती राजघराना च्यानल फोरसँग रुष्ट छ। यही च्यानलले पहिलो पटक राजकुमारी डायनाको मोटर दुर्घटनाको भिडियो दृश्यलाई वृत्तचित्र बनाएर प्रसारण गरेको थियो।

### अन्त्यमा साइबरका कुरा

सबैभन्दा मनपर्ने सर्च इन्जिन वेबसाइट कुन हो भनेर कसैले मत सर्भेक्षण गऱ्यो भने पक्कै पनि अधिकांशले www.google.com भन्छन्। हुन पनि हो यो साइटको क्षमता अरू वेबसाइटको तुलनामा बढी छ। यद्यपि यो वेबसाइटमा अश्लील तस्बिर भने आउने गरेको थिएन। किनभने यो वेबसाइटलाई त्यस्ता तस्बिर उपलब्ध गराउने कानुनी अधिकार थिएन, हालै अमेरिकाको एक अदालतले www.google.com लाई अश्लील तस्बिरलाई सानो आकारमा प्रस्तुत गर्ने अधिकार दिएको छ।




## जनआन्दोलनमाथि अर्को वृत्तचित्र

बुटवल– जनआन्दोलन-२ मा आधारित 'बुद्ध भूमिमा क्रान्तिका उद्घोषहरू' नामक वृत्तचित्र शनिबार बुटवलमा प्रदर्शन गरियो। राजा ज्ञानेन्द्रको शासनकालमा सबैभन्दा ठूलो मानिएको २०६२ मंसिर ४ गतेको बुटवलमा भएको बीसौं हजारको जनप्रदर्शनदेखि १९ दिने जनआन्दोलनमा रूपन्देही जिल्लाले खेलेको भूमिकालाई समेटिएको वृत्तचित्रमा बुटवल, भैरहवा तथा जिल्लाका शंकरनगर, मणिग्राम, भलबारी, देवदह, सालझन्डी आदि ग्रामीण भेगमा हजारौं जनताको सहभागितामा दिनहुँ भएका जनप्रदर्शन, सरकारी दमन, जनताद्वारा त्यसको जुझारु प्रतिरोध एवं राजतन्त्रप्रति जनताको तीव्र आक्रोश देखाइएको छ।

यसबाहेक १ सय ४ वर्षे जहानियाँ राणा शासनकालका कोतपर्व, भण्डारखाल पर्वजस्ता जघन्य हत्याकाण्डहरू, शाहवंशीय राजाहरूको जनघाती कदमहरू, नारायणहिटी हत्याकाण्ड, माओवादी जनयुद्धका प्रमुख घटनाहरू, राजा ज्ञानेन्द्रको शाही कदम, सात दल र माओवादीबीचको सहमतिपछि उर्लिएको आन्दोलनको उभार र अन्ततः जनताको शक्ति सामु राजा ज्ञानेन्द्रले घुँडा टेकेको दृश्यलाई झल्काइएको छ। विकासका लागि सूचना तथा सञ्चार अभियान नामक गैरसरकारी संस्थाले तीन महिना लगाएर निर्माण गरेको १ घण्टा ६ मिनेट लामो यो वृत्तचित्रको परिकल्पना र मुख्य छायांकन केबी पुनले, निर्देशन सिद्धिचरण भट्टराईले, लेखन र उद्घोषण ऋषिराम भुसालले तथा दृश्य संयोजन दीपक ज्ञवालीले गरेका छन्। बुटवलको मिलन चलचित्र हलमा पहिलो पटक प्रदर्शन गरिएको यो वृत्तचित्र झन्डै ७ सय जनाले हेरेका थिए।

## सानो पर्दा

**साप्ताहिकको** गतांकमा हास्यकलाकार दमन रूपाखेतीको निर्देशनमा प्रसारण हुने गरेका हास्यश्रृंखला 'मेरी बास्सै'का दुई चर्चित कलाकार सीताराम कट्टेल 'धुर्मुस' र केदार घिमिरे 'माग्नेबूढा'लाई उनले श्रृंखलाबाट निकाल्दैछन् भन्ने खबर प्रकाशित भएपछि शुक्रबार उनको मोबाइल दिनभरि नै बजेको बज्यै भयो। आजित भएका दमन अहिले भन्दैछन्- 'हामीबीच कुनै मनमुटाव छैन। उनीहरूलाई मैले श्रृंखलाबाट निकाल्न लागेको पनि होइन।' केही समयअघिसम्म भने उक्त चर्चित श्रृंखलाका ती दुई पात्र र दमनबीच श्रृंखलाकै विषयमा मनमुटाव थियो। हाल उनीहरूबीच सम्झौता भैसकेको छ। दमनका अनुसार कुनै पनि हालतमा उनीहरूको एकता टुट्दैन। बरु सीताराम र केदार भएर अर्को एउटा श्रृंखला बनाउने तयारी भने गर्दैछन्।

**समाचार**, विचार र मौसमका बारेमा जानकारी दिन इमेज च्यानलमा हरेक दिन दिउँसो २ बजेको समाचारपछि १५ मिनेटको कार्यक्रम इमेज सेरोफेरो प्रसारण हुने गरेको छ। उक्त कार्यक्रम भोलिपल्ट बिहान साढे छ बजे पुनः प्रसारण हुन्छ।

## फन पार्कमा रेसम फिरिरी

**साप्ताहिक समाचार**

काठमाडौं– एकताका शनिबार खुट्टा टेक्ने ठाउँ नपाइने गरी भीड हुने 'रमाइलो मेला' स्थल भृकुटीमण्डपमा गत शनिबार मानिसहरू फाट्टफुट्ट आवतजावत गरिरहेका थिए। हाल 'फन पार्क'मा रूपान्तरण गरिएको भृकुटीमण्डपको उक्त स्थलमा प्रवेश गर्नेबित्तिकै झन्डै १ सय मानिस बिंगो खेलिरहेका थिए। खेलमै मस्त देखिएका उनीहरूलाई त्यहाँभन्दा अलिक भित्र सांगीतिक कार्यक्रम भैरहेको पनि थाहा थिएन।

प्रचण्ड गर्मीमा बरफ चुस्दै र ममः खाँदै युवायुवतीहरू चौरमा बसेर मञ्चमा संगीतकर्मीहरूको प्रस्तुति हेर्दै रमाइरहेका थिए। आयोजक भने अघिल्लो दिन शुक्रबार र उक्त दिन शनिबार दुईदिने 'रिमिक्स एन्ड हिपहप पार्टी' गर्न तम्सिएकोमा शुक्रबारको नेपाल बन्दका कारण एक दिन मात्र गर्नुपरेकोमा निराश थिए।

'हिजोको बन्दले आज पनि असर पऱ्यो। अनुमान गरेजति दर्शक आएका छैनन्,' -एकजना आयोजकले स्पष्ट पारे। मञ्चमा मुकुट समूहले एकपछि अर्को रक गीत सुनाउँदै थिए। चौरमा बसेका केही युवा दर्शक भने घाँस उखेलेर थुपार्दै आफ्ना साथीहरूलाई हान्दै 'टाइमपास' गरिरहेका थिए।

मुकुटले झन्डै डेढ घण्टा गाएपछि गायक नसिम खानको रिमिक्स एल्बम 'वन्समोर डिजे एनके' को विमोचन गायक मिग्मा शेर्पा, गायिका आगन्तुक खरेल तथा समाजसेवी अब्दुल रबले संयुक्त रूपमा गरे। गायक खानले पनि मौकाको फाइदा उठाउँदै एल्बममा समावेश एक रिमिक्स गीत सुनाइहाले- 'रेसम फिरिरि..'।




त्यसपछि क्रमशः म्याडजोन, नेप्साइडेज, डा. हिप्नोटिक, आरएलटुबीए लगायतले हिपहप गीत सुनाए भने गायिका आगन्तुक खरेलले आफ्ना गीत सुनाइन्। कार्यक्रम स्थलबाहिर झगडा परेपछि गायक मिग्मा शेर्पासहित केही कलाकारले गीत गाउन पाएनन्। आयोजक ए टिम एन्ड बिजनेश नेटवर्कका सदस्यहरू पूरै कार्यक्रम देखाउन नपाएकोमा निराश भए। एक जना दर्शक भन्दै थिए- 'केही उच्छृङ्खल व्यक्तिका कारण आजभोलि कार्यक्रमको आयोजनामा कमी आएको हो।'

## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



दुई जना चोर बेलबहादुर र प्रेमबहादुर एक रात एक जना बूढा मात्र भएको घरमा गएछन् । घरको झ्यालबाट छिरेर सामान बोरामा हाल्न थालेछन् । उनीहरूले सामान बोरामा हालेको आवाजले बूढा उठेछ र कराउन थालेछ : त्यहाँ को हो ?

बेलबहादरले म्याउँ-म्याउँ गरेर बिरालाको आवाज निकालेछ । बूढो 'ए बिरालो रै'छ' भनेर सुत्न गएछ । एकछिनपछि चोरहरूले बोरामा हालिरहेको एउटा सामान भुइँमा खसेर ठूलो आवाज आएछ र बूढो फेरि उठेर कराउन थालेछ : हैन, त्यहाँ को छ हँ ?

बेलबहादुरले फेरि म्याउँ-म्याउँ गरेछ । बूढा फेरि बिरालो होला भनेर सुतेछ । एकछिनपछि फेरि बेलबहादर र प्रेमबहादुर यता-उता गरेको आवाजले बूढो पुनः उठेर अलि जङ्गिँदै सोधेछ : हैन, त्यहाँ को हो भनेको ? को छ त्यहाँ ?

प्रेमबहादुरलाई साह्रै रिस उठेछ र भनेछ : ओ बूढा, तेरो ढाड सोझ्याउनुपर्‍यो कि क्या हो ? अघिदेखि बेलबहादुरले म्याउँ-म्याउँ गरिरा'छ, फेरि त्यहाँ को, त्यहाँ को भनेर सोध्छ बा □

०००

बिकुराम एक जना वृद्ध बिरामी छिमेकीलाई भेट्न अस्पताल पुगेछ । बिरामी छिमेकी भएको खाटनजिकै मात्र के गएको थियो बिरामीको हालत झन् खराब भएर ऊ आफ्नो हात बेस्सरी हल्लाउँदै केही लेख्न खोजेजस्तै गरी इसारा गरेछ । बिरामीले केही लेख्न खोजेको होला भनेर बिकुरामले हत न पत्त आफ्नो गोजीबाट कलम र एक टुक्रा कागज दिएछ । केही लेख्दा-लेख्दै वृद्ध विरामीले अन्तिम सास फेरेछ । वृद्ध विरामीको मृत्यु भएकाले बिकुराम अब यस्तो बेला बिरामीले जे लेखे पनि पछि नै हेरौंला भनेर कागज आफ्नो गोजीमा हालेछ ।

केही दिनपछि बिकुरामलाई आफ्नो बितेको छिमेकीले लेखेर दिएको कागजको टुक्रा सम्झना आएछ र त्यो कागज राखेको पाइन्ट खोज्न थालेछ अनि मनमनै सोचेछ : पक्कै पनि छिमेकीले आफ्नो भेट्न नपाएका छोराहरूलाई केही लेखेर गएको होला । अनि कागज निकालेर पढेछ : ओ बिकुराम भाइ, तैंले मेरो अक्सिजनको पाइप कुल्चेर बसेको छस्, खुट्टा छिटो हटा, नत्र म मर्छु ।

०००

लोग्नेको रक्सी पिउने बानीबाट वाक्क-दिक्क भएकी एक श्रीमती आफ्नो लोग्नेलाई पाठ सिकाउने सोचले एक दिन भूतको लुगा लगाएर बसिछन् । उनले राति रक्सीले मातेर घर फर्किएको लोग्नेलाई कोठाको सोफामुनिबाट निस्केर ठूलो स्वरमा चिच्याउँदै तर्साउन खोजिछन् । त्यत्तिकैमा रक्सीले मातेको लोग्नेले नरम स्वरमा भनेछ : मलाई तर्साउन नखोज भूत, मैले तिमीभन्दा खतरनाक तिम्री दिदीसँग विवाह गरेको छु ।



## कविता

### सन्देश तिमीलाई

सुनौलो किरण भै आउनेछु,
तिमी बस शीतल बनी
सरगम ल्याई गाउनेछु,
तिमी बस गति बनी
पुष्प गुच्छा लिई आउनेछु,
तिमी बस जित बनी
देउरालीमा भेट्न धाउनेछु,
तिमी बस प्रीत बनी
सम्बन्ध जोड्न आउनेछु,
तिमी बस मीन बनी
यो समाजमा सजाउनेछु,
तिमी बस रीत बनी ।



–दीपा चापागाईं

### नाम जोडिएपछि

निश्छल छन् तिम्रा तस्बिर छुने यी हातहरू
कठोर लाग्ला तिमीलाई सुनेका ती बातहरू
गुलाफको फूलबीच काँडा बनी झरेपछि
उठ्न खोजें फूलमाथि डढेका ती पातहरू
अन्जानमै तिम्रो नाममा मेरो नाम जोडिएछ
मेरै कारण हामीबीच लागे धेरै खातहरू ।

– राजन निरौला

### साहस ढल्यो

हामीबीच शीतयुद्ध चलिरह्यो
वियोगले छट्पटिँदा मुटु जलिरह्यो
आपसमा विश्वास गरी अघि बढौं भन्दा
अझै तेल थप्यौ तिमीले आगो बलिरह्यो
खुल्ला दिलले हृदयमा सजाउँछु म
आशंकाको भुमरीले बीचमा छलिरह्यो
कति जोस थियो ममा, तिमी साथ हुँदा
केही गर्न सक्दिनँ म साहस ढलिरह्यो ।

– कुमार काफ्ले

### अरू छैनन्

आकाशमा तारा धेरै छन्
तर चन्द्रमाजस्ता अरू छैनन्
बगैंचामा फूल धेरै छन्
तर गुलाबजस्ता राम्रा छैनन्
साथी त मेरा धेरै छन्
तर तिमीजति राम्रा अरू छैनन्
मलाई चाहने धेरै छन्
तर तिमीजति मन पर्ने अरू छैनन् ।

– राजन बज्राचार्य

### आवाज

तिमी आवाज मात्र देऊ मलाई
त्यहाँ म उपस्थित भैदिउँला
तिमी मात्र हाँसिदेऊ मलाई हेरेर
त्यहाँ म हावा बनी घुमिदिउँला
तिमी खुसी र सुखी बन सधैं
म त्यहाँ शीतल छहारी बनिदिउँला
तिमी विश्वास गर मलाई
म सदा साथ दिइरहुँला
तिमी फूल बनी वासना दिइराख
म त्यही वासनालाई पछ्याइदिउँला
सुखमा तिमी सदा हाँसिराख
दुःखमा म साथ दिउँला ।



– सरस्वती न्यौपाने

### सलाई कोरी साथ दिनू

वसन्तको पात पनि
भुइँमा झरी झार भयो
बीच बाटैको तगारोले
जीवन सुकी तार भयो
एकैछिनमा हाँसी-खेली
तर्के नजर भुलेन र □
मेरै काखमा बस्यौ तिमी
दिलको ढोका खुलेन र □
सप्तकोसी तिमीबिना
कहाँ त्यसै तर्छु र म ?
प्रेमको नाममा स्वार्थ लुट्ने
झूटो प्रेम कहाँ गर्छु र म ?
अघि त्यसै रिसाएर
आ□नै मुटु जलेन र □
टुक्रिएको फिलिङ्गोले
मेरो छाती बलेन र □
तिम्रो दिलको छानोमुनि
आराम गर्ने बास दिनू
म मरे'सि चितामाथि
सलाई कोरी साथ दिनू ।



–विष्णुकुमार अधिकारी



## लघुकथा

### संस्कार



संख्यात्मक हिसाबले उसले झन्डै एक दर्जन चलचित्र बनाएको थियो । ऊ समाजमा चलचित्र निर्माताका रूपमै चिनिन्थ्यो । ऊसँग काम गर्ने चलचित्रकर्मीहरू भने ऊसँग सन्तुष्ट थिएनन । कारण स्पष्टै थियो– पारिश्रमिक । सम्भवतः ऊसँग काम गर्ने कलाकार एकपटकभन्दा अर्को पटक दोहोरिँदैनथे, तैपनि ऊ चलचित्र बनाइरहन्थ्यो ।

उसले चलचित्रकर्मीलाई मात्र होइन, रेकर्डिङ स्टुडियोलाई पनि उधारोमै दलाइरहेको थियो । एकपटक तीन वर्षदेखि ५ लाख तिर्न बाँकी रहेको रेकर्डिङ स्टुडियोले उसलाई हिसाब-किताब चुक्ता गर्न दबाब दियो ।

उसले अहिले आफूसँग पैसा नभएको जानकारी गरायो, तर स्टुडियोवाला माग्दा-माग्दा उल्टो लाचार भएर अहिले कमसेकम ५० हजार दिएर बाँकी जहिले दिए पनि हुन्छ भन्नेसम्ममा पुग्यो ।

त्यसपछि उसले दार्शनिक शैलीमा भन्यो– 'सर, मसँग अहिले ५० हजार भैदिएको भए त अर्को नयाँ चलचित्र थालिहाल्थें नि ?'

विचारा स्टुडियो मालिक आफैं चुप लाग्यो ।

–भीम राना

# छोइएला भन्नेहरू सँगै खान्छन्

साथीहरूको लहैलहैमा हेटौंडाका नरेशलाल श्रेष्ठले १६ वर्षको कलिलै उमेरमा ब्राउन सुगरसँगै सिरिन्जबाट लागूपदार्थ सेवन गर्न थाले । १४ वर्षीया रञ्जनासँग प्रेमविवाह गरेका नरेशलाल कुलत त्याग्ने वाचा गर्दै उपचारका निम्ति सन् १९९७ मा राजधानी गए । उपचारकै क्रममा रगत परीक्षणबाट एचआईभी संक्रमण भैसकेको थाहा पाउँदा उनी छाँगाबाट खसेजस्ता भए । एचआईभी भैसकेका नरेशले भने– 'मैले कतै असुरक्षित यौन सम्पर्क गरिन । कसरी एचआईभी संक्रमण भयो ?'

संक्रमितहरूसँग सिरिन्ज साटासाट गरी लागूपदार्थ सेवन गर्दा एचआईभीको भाइरस सर्ने कुरा नरेशलाई थाहा थिएन । उनले असुरक्षित यौन सम्पर्क गर्दा एचआईभी सर्छ भन्ने कुरा मात्र सुनेका थिए । काठमाडौंबाट फर्किएको चार महिनापछि मात्र उनले आफूलाई एचआईभी भएको कुरा परिवारलाई सुनाए, तर परिवारलाई अघिदेखि नै शंका रहेछ ।

एचआईभी संक्रमित भएको कुरा समाजले थाहा पाए बेइज्जती हुने डरले आत्महत्या गर्ने योजना बनाइरहेका नरेश भन्छन्– 'श्रीमती र ६ महिनाको शिशुलाई माया मार्न सकिनँ । त्यसैले आत्महत्याको योजना त्यागिदिएँ ।'

२०४७ सालमै वैवाहिक बन्धनमा बाँधिएका श्रेष्ठ दम्पतीका दुई शिशु छन् । संक्रमितप्रति परिवार र समाजको दृष्टिकोण राम्रो थिएन । मलिन मुहारमा नरेशकी श्रीमती रञ्जना भन्छिन्-'परिवारले उहाँलाई एचआईभी भएको थाहा पाएलगत्तै चिया पसल खोलिदिएर हामीलाई बेग्लै कोठामा सीमित गरे । अन्य कोठामा पस्न बन्देज गरे । सधैं एउटै भान्सामा खाने, एकै ठाउँमा बस्ने परिवारले एक्कासि अलग्याउँदा भाग्यलाई दोष दिनु सिवाय केही गर्न सक्ने अवस्था थिएन ।'

एचआईभी संक्रमितप्रति मध्यम वर्गीय मात्र होइन, उच्च शिक्षा हासिल गरेकाहरूको दृष्टिकोण पनि राम्रो थिएन । चिकित्सकहरू पनि एचआईभी संक्रमित भन्ने थाहा हुनेबित्तिकै आत्तिएजस्ता देखिन्थे । कतिपयले तुरुन्तै साबुन पानीले हात धोएका थिए ।

०५३ सालमा लागूपदार्थको लत त्याग्न (उपचारका निम्ति) नरेश धरान पुगे । ०६१ सालमा रगत परीक्षण गर्दा रञ्जनाले एचआईभी भाइरस आफूमा सरेको थाहा पाए पनि उनी आत्तिनन् । रञ्जना नरेशसँगै एचआईभी एड्सका बारेमा जनचेतना फैलाउन हिंडिरहेकी थिइन् । रञ्जना भन्छिन्– 'एचआईभी एड्सका बारेमा धेरै जानकारी पाएकी थिएँ । श्रीमान् एचआईभी संक्रमित भएकाले यौन सम्पर्कबाट मलाई पनि भाइरस सर्ने निश्चित थियो ।'

सबैको नकारात्मक सोचाइका कारण सबैतिर अँध्यारो देख्ने श्रेष्ठ दम्पती यतिबेला सन्तुष्ट छन् । 'एचआईभी संक्रमितप्रतिको सामाजिक दृष्टिकोण एवं व्यवहारमा आमूल परिवर्तन आएको छ,' -श्रेष्ठ दम्पतीले एकै स्वरमा भने । पहिले छोइएला नजिक नआओ भन्दै टाढिनेहरू अहिले हात मिलाएर सगैं बस्ने-खाने भएका छन् । उनीहरू खोजी-खोजी श्रेष्ठ दम्पतीलाई भेटेर एचआईभी एड्सका सम्बन्धमा जानकारी लिन्छन् । सन् २००२ मा एचआईभी संक्रमितहरूको समूह 'धरान पोजिटिभ' स्थापना गरी यो जोडी चेतना फैलाउन तथा संक्रमितहरूको हकहितमा आवाज बुलन्द गर्न सक्रिय छ ।

एचआईभी एड्सका सम्बन्धमा चेतनामूलक कार्यक्रमको प्रभावले अहिले संक्रमितप्रतिको व्यवहारमा धेरै परिवर्तन आएको छ । रञ्जना भन्छिन्- 'हेटौंडा घर जाँदा परिवारसँग एकै ठाउँ खान्छौं, बस्छौं ।' सासूले अञ्जानमा गरेको दुर्व्यवहारप्रति पश्चात्ताप व्यक्त गरिसकेकी छिन् । विभिन्न संघ-संस्था, विद्यालय, कलेज र समूहमा एचआईभी एड्स के हो ? यसबाट कसरी बच्न सकिन्छ ? भन्ने विषयमा चेतना फैलाउनु, संक्रमितको हकहितका पक्षमा आवाज उठाउनु एवं परामर्श दिनु हिजोआज श्रेष्ठ दम्पतीको दिनचर्या नै बनेको छ । सात जना एचआईभी संक्रमितबाट सुरु भएको धरान पोजिटिभमा अहिले पूर्वाञ्चलका १ सय ९० जना सदस्य छन् । सन् १९८८ मा चार जनामा देखिएको एचआईभीबाट अहिले करिब १ लाख २० हजार नेपाली संक्रमित भएको गैरसरकारी संस्थाहरूको अनुमान छ ।

–राजु घिसिङ

## सन्देश

खडुस मायालु, तिम्रो सम्झनाले जिउन गाह्रो भयो, हर प्रहर तिम्रो यादले छिया-छिया मुटु बोकी बाँच्न साह्रो भयो । किन फेरि आज पनि तिम्रो याद आइरहेछ । घायल मलाई बनायो तिम्रो फूल जस्तो मुहारले, जून जस्तो हिस्सीले, बादलु झैं केशले तथा हिउँ जस्तो भेषले तर किन तिम्रासामु आई मनको कुरा भन्न सक्दिनँ ? प्रेमपत्र दिन सक्दिनँ वा प्रेमप्रस्ताव राख्न सक्दिनँ ।

**विप्लव**

सोमबार दिउँसो ४:३० बजे रातो गुलाबी रङको साडी र सोही रङको ब्लाउज लगाएकी, हातमा ब्याग बोकेकी, हातमा स्टिल घडी, ओठमा लाली लगाई रात्नपार्कको आकाशे पुलनजिकै उभिने, एक जना केटा आइपुगेपछि लज्जालु पाराले मुस्कुराउँदै कुराकानी गर्ने, उक्त केटाले मोबाइल नम्बर सोद्धा मोबाइल छैन फोन नम्बर त्यही पुरानै हो भन्ने, लगनखेल जाने माइक्रोस्टपदेखि बाटो काटेर उक्त केटासँग खैरो रङको सानो माइक्रोको ढोकानेर सिटमा बसेर महाराजगन्ज जाने अग्ली, कानमा ठूलो रिङ्ग लगाएकी अनुहारमा हल्का कालो दाग भएकीलाई आइतबार बिहान १० बजे दिउँसो १२ बजे भेट्न सोही ठाउँमा आउन विनम्र अनुरोध छ ।

**एस.जी.**

मछली, जहाँ भए पनि सम्पर्कमा आऊ, म तिम्रै प्रतीक्षामा छु ।

**आकाश**

गोरे, तिम्रो याद खुब आउँछ तर तिमी त राजधानीको रमझममा छौ । मलाई त बिर्सिसक्यौ होला, सम्झना भए पत्र कोर है ।

**काली**




मोटोरोला मोबाइल, खै तिम्रा मीठामीठा एसएमएस पनि आउन छाडे, मोबाइल पनि स्विचअफ छ । तिमी कता छौ ? एकपटक त सम्पर्क गर, बरु मोबाइलको रिचार्ज क्यास मै दिउँला ।

**सामसुङ मोबाइल**

कमल, तिम्रो कविता पढेँ, असाध्यै राम्रो छ, हृदयलाई छोयो । सायद त्यो कविता मेरै लागि होला । यदि त्यसो हो भने सीधै भन, लजाउनुपर्दैन ।

**कमली**

रिङरोडको महालक्ष्मी थानमा डेरा भएकी, मसँग धुलीखेल र हात्तीवन घुम्न गएकी, धेरै ड्रिंक नगर भन्नेलाई मेरो पुरानै ठेगानामा सम्पर्कमा आउन अनुरोध छ ।

**लुरे काले**

वि., सपना सबै उडायो हुरीले, त्यो हुरी हाम्रो आफ्नै समाज भैदियो । म त अभिशप्त जिन्दगी बाँचिरहेंछु, मर्न पनि सक्दिनँ । तिमीलाई सम्झना र प्रेम । यही जुनीमा ५० वर्ष काटेपछि पनि हाम्रो मिलन हुनसक्छ । म त्यही आशामा यो ठुटो चुरोटजस्तो जिन्दगी जिइरहेको छु ।

**के.**

आम युवाहरूलाई संविधानसभाका बारेमा सचेत हुन आग्रह गर्दै कसैको आग्रह, दबाब, धम्की, गुटबन्दी, षड्यन्त्र एवं लहलहैमा नपरी बुद्धि-विवेकले न्यायोचित निर्णय लिन र आमजनतालाई त्यसका बारेमा सुसूचित गरिदिन आग्रह छ ।

**प्रदीप राई**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/- अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ........................................

उमेर : ..................... उचाइ : .....................

पेसा : ..................... शिक्षा : .....................

स्वभाव :..................... वैवाहिक स्थिति : .....................

अभिरुचि : .....................वर्ण : .....................

इमेल : ........................................

ठेगाना :........................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

........................................

........................................

**नोट : तस्विर र नगद रु. ५०।- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।**

## मेरो प्रेमपत्र

### मेरो अन्तिम पत्र

खै, के भनी सम्बोधन गरौं ? नामबाट सम्बोधन गरी बोलाउने अधिकार पनि रहेन । कसरी पत्रको सुरुवात गरी कसरी अन्त गरौं ?

... समयले पनि कति चाँडो फड्को मार्दोरहेछ । हेर न, तालिमका क्रममा तिमीलाई छोडेर हिंजोमात्र आएजस्तो लाग्छ तर दुई वर्ष बितिसक्यो । के यी दुई वर्षमा तिमीले मलाई सम्झियौ ? पक्कै पनि सम्झिएकी छैनौ । किनकि यी दुई वर्षमा न त तिमीले फोन नै गर्‍यौ न त पत्र नै कोर्‍यौ । यो कस्तो माया जहिले पनि मैले मात्र गर्नुपर्ने ? तर मैले पलपल, हरेक समय, गन्ती गरीगरी तिम्रो मायालाई, तिमीलाई हरेक रात र दिन सम्झी बसेको छु । पहिले त तिम्रा लागि धेरै तड्पिएको थिएँ । कुनै कामै नभए पनि एउटा न एउटा बहाना बनाई तिमीलाई भेट्न आउँथें तर मैले त सपना मात्र देखेको रहेंछु । 'लेखेको मात्र पुग्छ, देखेको पुग्दैन' भन्ने कुरा सही रहेछ । तिम्रै लागि भनेर मैले धेरै सपना साँचिराखेको थिएँ तर सबै चकनाचुर भएर गए । भनेजस्तो, चाहेजस्तो कहाँ पो पूरा हुँदोरहेछ र ? भगवान्ले जे चाहन्छन् त्यसैमा चित्त बुझाउनुपर्दो रहेछ ।

मैले तिमीसँग विवाहको प्रस्ताव राखेर ठूलो गल्ती गरेजस्तो लाग्छ । नत्र भने दुई वर्ष कुर्नु त पर्दैनथ्यो । 'छोरा मानिसले प्रगति गर्नुका पछाडि एउटा स्वास्नी मानिसको ठूलो हात हुन्छ' भन्ने सोचेर पनि म तिमीप्रति आशावादी थिएँ । 'ओरालो लागेको मृगलाई बाच्छाले पनि लखेट्छ' तर म अभागीलाई भगवान्ले पनि लखेटिरहेका छन् । ... तिमीले सोच्छु त भन्यौ तर कहिलेसम्म सोच्छ्यौ ? भनिनौ, सोच्दासोच्दै आज दुई वर्ष बितेर समयले धेरै कोल्टे फेरिसक्यो, तर तिम्रो सोच्ने दिन कहिल्यै आएन ।

म त भन्छु, अझ सोच तर मेरा लागि होइन, अरू कसैका लागि... मैले गरेको मायालाई तिमीले कदर गर्न नसके पनि अरूको मायाको कदर भने अवश्य गरिदेऊ । सपना, सपना नै हुँदोरहेछ, अब म सपना कहिल्यै पनि देख्ने छैन किनकि सपना देख्ने एउटा कुनै आधार पनि त हुनुपर्‍यो । म अभागीको त त्यो आधार पनि रहेन ।



मेरो मायालाई किन बुझिदिएनौ ? त्यो त मलाई थाहा छैन तर यतिचाहिँ अवश्य भन्छु, मेरा लागि पनि भगवान्ले कहीं न कतै एउटी परी अवश्य राखिदिएका छन् । त्यो परी तिमी त भइनौ तर एउटीचाहिँ मेरा लागि अवश्य पनि छ है । अर्को कुरा पनि भन्छु, मैले तिम्रो अनुहार हेरेर मन पराएको थिइन । फेरि तिमीमा त्यस्तो कुनै जादू पनि त छैन नि । किन तिम्रो मन यति कठोर ? यी दुई वर्षमा मैले तिम्रो कठोर मन पगाल्न सकिन ।

> **सूचना**
>
> जीवनको गोरेटो स्तम्भअन्तर्गत प्रत्येक महिनाको पहिलो शुक्रबारदेखि क्रमशः १. मेरो पहिलो प्रेम, २. कलेजको मेरो पहिलो दिन, ३. मेरो सुहागरात, ४. मेरो असफल प्रेम, ५. मेरो पहिलो पुरस्कार प्रकाशित हुने हुँदा आफ्ना अनुभवहरू छोटो, मीठो शैलीमा हामीलाई पठाइदिनुहुन अनुरोध छ ।
>
> **– साप्ताहिक**

विगतका दिनहरूमा मैले तिमीबाट राखेका आशाहरू आज निराशामा परिणत भएका छन् । यसमा पक्कै पनि मेरो गल्ती छैन किनकि बगैंचामा फुलेको फूलमा भमरा घुम्नु कुनै पाप होइन, तर म अभागीले मन पराएको फूल, फूल नभएर एउटा बलियो चट्टान पो रहेछ ?

तिमीलाई सुन्दर महलमा सजाउन नसके पनि, विलासिताको जीवन दिन नसके पनि निश्चल र चोखो माया दिएकै थिएँ । तिम्रा हरेक सुख-दुःखमा साथ दिन्छु भनेकै थिएँ तर आज न त मेरो प्रेममा विश्वास गर्‍यौ, न त मलाई नै...।

मैले तिमीप्रति गरेको मायामा जीवनभर भुल्ने छैन । दुई शब्दले बनेको माया सुन्दा, बोल्दा कति मीठो छ ? तर माया त्यति नै तीतो पनि हुँदोरहेछ । अहिले म तिमीबाट सदाका लागि बिदा माग्दैछु । मलाई माफ गरिदेऊ । यसलाई अन्यथा पनि नसोच, म विवश छु ।

अन्त्यमा, एउटा सल्लाह दिएर जाँदैछु, कसैलाई आशाको भुमरीमा कहिल्यै पनि नपार्नु, हुन्छ भने हुन्छ, हुँदैन भने हुँदैन, तत्कालै भनिदिनु । किनकि म अभागीले त दुई-दुई वर्ष कुरेर बसेँ तर अरूले भने कुर्नु नपरोस्, 'ढिलै भए पनि परिश्रमको फल मीठो हुन्छ' तर मैले त परिश्रम नै नगरी एउटा ठूलो फल पाएको छु । आफ्नो मायामा सफल नभए पनि म तिम्रो मायाको सफलताको कामना गर्छु । भन्छन् नि 'माया प्राप्ति मात्र होइन, त्याग पनि हो ।' सदा सुखमय रहोस् तिम्रो भावी दाम्पत्य जीवन ।

**– अभागी**

## साप्ताहिक साथी



प्रवीणता प्रमाणपत्र तहमा अध्ययनरत २२ वर्षीय राजकुमार श्रेष्ठ आफ्नै व्यवसाय गर्छन् । मिलनसार स्वभावका अविवाहित श्रेष्ठ नयाँ-नयाँ साथी बनाउन रुचि राख्छन् । श्रेष्ठलाई मिलनसार, खुला मनले आफ्नो विचार राख्न सक्ने क्षमता भएका साथीहरूले महेन्द्रपुल, पोखरामा पत्राचार गर्न सकिन्छ । ●

मिलनसार स्वभावका पञ्चकुमार तामाङ ५ फिट ३ अग्ला छन् । खेलप्रेमी तथा पत्रमित्रतामा रुचि भएका तामाङ गहुँगोरो वर्णका छन् । अविवाहित तामाङको उमेर १८ वर्ष छ । आफूजस्तै मिलनसार एवं जातभातको ख्याल नगर्ने व्यक्तिसँग पत्राचार गर्न रुचाउने तामाङलाई सान फर्निचर पसल, बनेपा, काभ्रेमा पत्राचार गर्न सकिन्छ । ●



कलाकार बन्न चाहना भएका प्रवीण ज्ञवाली ५ फिट ४ इन्च अग्ला छन् । चञ्चले स्वभावका प्रवीण विद्यार्थी हुन् । भ्रमणमा रुचि भएका प्रवीण आफूजस्तै चञ्चले एवं निःस्वार्थ भावना भएकी युवतीसँग मित्रता गाँस्न चाहन्छन् । प्रवीणलाई तिन्दीबाटी-७ करादी खोला, स्याङ्जामा पत्राचार गर्न सकिन्छ । ●

# फस्टाउँदैछ कालपोखरीको पर्यटन

इलाम- उच्च पहाडी भूभागमा लमतन्न फैलिएको कालपोखरी बजारका अधिकांश होटल-लज यतिखेर विदेशी पर्यटकले भरिभराउ छन् । पदयात्री पर्यटकहरूका लागि उपयुक्त गन्तव्यस्थल कालपोखरी बजारले पर्यटकको आगमनसँगै गति लिएको छ । कालपोखरी इलाम जिल्लामै सबैभन्दा बढी विदेशी पर्यटक भित्रिने स्थान हो । कुनै बेला चौंरी गोठका रूपमा रहेको कालपोखरी अहिले जिल्लाकै सर्वाधिक व्यस्त पर्यटकीय गन्तव्यका रूपमा विकासित भएको छ ।

इलाम जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित पर्यटकीय स्थलहरू माइपोखरी, टोड्के झरना हुँदै सन्दकपुर जाने क्रममा पुगिन्छ कालपोखरी बजार । यहाँ करिव २५ वटा होटल तथा रेस्टुराँ छन् । यहाँ शेर्पा समुदायको वाहुल्य छ । पर्यटन व्यवसाय यस क्षेत्रका बासिन्दाहरूको मुख्य आयस्रोत नै बनेको छ । खान-बस्नका लागि निकै राम्रो व्यवस्था भएकाले पनि यो क्षेत्रको पर्यटन व्यवसाय दिन-प्रतिदिन फस्टाउँदै गएको छ । त्यसो त बजार क्षेत्र नजिकै रहेको कालो पोखरी तथा उक्त क्षेत्रबाट देखिने हिमश्रृंखलाको दृश्यले पनि पर्यटकहरूको मन लोभ्याउँछ ।

जैविक विविधताको दृष्टिकोणले यो क्षेत्र अत्यन्तै महत्त्वपूर्ण छ । यहाँको वन क्षेत्रमा विश्वकै दुर्लभ रातो पान्डा



(हाब्रे) लगायत डाँफे, मुनाल आदि पनि पाइन्छन् । लोपोन्मुख जडीबुटीसमेत पाइने हुँदा यो क्षेत्र जैविक विविधताका लागि निकै धनी रहेको स्थानीय बासिन्दा फुर्बा शेर्पा बताउँछन् ।

हिँउदमा बाक्लो हिमपात हुने कालपोखरी आन्तरिक एवं बाह्य पर्यटकहरूले खचाखच हुने गरेको छ । इलाम, झापा, काठमाडौं लगायत नेपालका विभिन्न स्थानका साथै भारतको दार्जीलिङ, मानेभञ्ज्याङ, सिक्किम तथा कालिङपोङबाट यहाँ पर्यटकहरू आउने गरेका छन् । हिमाली जनजीवनसँग प्रत्यक्ष साक्षात्कार गर्ने मनसायले होस् वा हिउँसँग खेल्ने रहरले कालपोखरी सबैका लागि उपयुक्त रोजाइ बन्ने गरेको छ । यहाँ सिजनमा दैनिक ५ सयदेखि १ हजार पर्यटक आउने गरेका छन्, होटल व्यवसायी साङ्गे सेर्पा भन्छन्- विषेशगरी दार्जीलिङको बाटो हुँदै बढी पर्यटक आउँछन् । त्यसो त यहाँका होटल-लजले दैनिक १ हजार देखि १२ सयसम्म पर्यटक थेग्न सक्छन् ।

दार्जीलिङस्थित ट्रेकिङ्ग एजेन्सीमार्फत् यहाँ तेस्रो मुलुकका पर्यटक पनि भित्रिने गरेका छन् । पर्यटकहरू दार्जीलिङबाट मानेभञ्ज्याङ हुँदै कालपोखरी आउँछन् । दार्जीलिङबाट यहाँ आउन मोटरबाटो समेत छ । कालपोखरीमा सौर्यऊर्जा तथा जेनेनेटरको माध्यमबाट बिजुली बालिएको छ भने यहाँ टेलिफोनसमेत उपलब्ध छ । नेपाली भू-भागमा रहेको बजार भए पनि यहाँको रहनसहनमा दार्जीलिङको प्रभाव देख्न सकिन्छ ।

अचम्मलाग्ने कुरा त के हो भने यहाँका कतिपय मानिसलाई आफ्नै इलाम जिल्लाका सम्बन्धमा राम्रो ज्ञान छैन । भारतको पश्चिम बंगालसँगको सोझो र सजिलो सम्पर्कका कारण इलाम सदारमुकाम आउन नपर्ने हुँदा त्यस्तो भएको स्थानीय बासिन्दा युवराज पिसी बताउँछन् । यहाँ नेपाल सरकारको उपस्थिति अत्यन्तै न्यून छ । सरकारी उपस्थितिका रूपमा रहेको बजार नजिकैको एक मात्र प्राथमिक विद्यालयमा पनि भौतिक एवं शैक्षिक समग्रीको अभाव छ । गुणस्तरीय शिक्षाका लागि स्थानीय बासिन्दाले आफ्ना छोरा-छोरीलाई दार्जीलिङका विद्यालयमा भर्ना गर्छन् ।

यहाँ खेतीयोग्य जमिन अत्यन्तै कम छ । चौंरीपालन तथा पर्यटन व्यवसाय नै स्थानीय बासिन्दाको आयआर्जनको मेलो बनेको छ । भारतको दार्जीलिङबाट मोटर चढेर कालपोखरी पुग्न सकिए पनि नेपाली भूभागबाट त्यहाँ पुग्ने मोटरबाटो निर्माण भैसकेको छैन । कालपोखरी हुँदै सन्दकपुर जोड्ने लक्ष्यका साथ निर्माण भैरहेको मोटरबाटो माबु गाविससम्म पुऱ्याइएको छ । माबुबाट करिब पाँच घन्टाको पैदल यात्रा तय गरेपछि मात्र पर्यटकीयस्थल कालपोखरी पुग्न सकिन्छ ।

**–शिव मुखिया**

# रक्सी र यौनमध्ये केकोे लत खतरनाक ?

### अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
२. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
३. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
४. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
५. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
६. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
७. बुद्धि ठूलो कि बल ? किन ?
८. देशभक्ति के हो ?
९. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
१०. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?



मलाई लाग्छ रक्सीको लत खतरनाक छ। रक्सीको लतमा फस्यो भने सबै कुरा नष्ट हुन्छ। न त यसले भविष्यका बारेमा सोच्न सक्छ न त पर्सनल कुरा नै।

**दीपेन्द्र थापा**

रक्सीभन्दा यौनको लत खतरनाक छ, ठूलो युद्ध पनि यौनकै लागि भएको इतिहास साक्षी छ।

**राजु गौतम**

यौन नि, किनकि यौनका कारण धेरै युवा रक्सी पिएर छिट्टै मर्छन्।

**सचिन्द्र श्रेष्ठ, बाग्लुङ**

रक्सीको लतभन्दा यौनको लत खतरनाक हुन्छ। किनकि घरकी श्रीमती बाहेक अरू यौनको लतमा लाग्ने व्यक्ति न घरको न घाटको हुन्छ।

**रुविना**

खै के भन्ने ? अब रक्सीको लत दुई वर्षअघि नै छोडिदिएँ तर यौनको लत अहिलेसम्म छाड्न सकेको छैन।

**अविरल अज्ञात**

यौनको, किनकि सम्पादकज्यू रक्सीले त एक रातमै छोड्छ तर यौनले पैसा जुन बेलासम्म साथमा हुन्छ त्यो बेलासम्म छोड्दैनन्। रक्सीले एड्स लाग्दैन तर यौनबाट लाग्छ कि होइन... ?

**प्रवीण ज्ञवाली** (२०)

खै, आफूलाई त दिनको एकचोटी भट्टी नपुगी चित्तै बुझ्दैन। त्यसैले रक्सीकै लत खतरनाक लाग्छ।

**उद्धवकुमार थापा** (१९)

यौनको लत खतरनाक हुन्छ। जब एउटा लोग्ने मानिस आफ्नो घरबार छाडेर अरू यौनको पछि लाग्छ तब ऊ जस्तो कुलङ्गार अरू कोही हुँदैन। रक्सीको लतले मानिस कमजोर हुन्छ तर यौनको लतको मानिस फल्छ तर फुल्दैन।

**सोनिका अधिकारी** (१५), **काठमाडौं**

निश्चय नै यौनको लत खतरनाक हो। यौनको लतले नै रक्सीको लत बसाउँछ। मानिसलाई त्यो अवस्थासम्म ल्याउने प्रायः यौन नै हुन्छन् तर सकेसम्म यी दुवै लतमा फस्नु हुँदैन। यीमध्ये पनि यौनमा त झनै फस्नु हुँदैन।

**निर्मल पुनित बिष्ट, काठमाडौं**

आफूले रक्सी खाएकै छैन। यौनको कुरा विवाह गरेपछि भन्छु ल ?

**केशव परियार, चितवन**

यौनको नशा चढेपछि छुट्न भयंकर गाह्रो हुन्छ। रक्सीको नशाले त भोलिपल्टै छाडिहाल्छ।

**सन्तोष शर्मा** (१७), **पोखरा**

लत कहिल्यै पनि राम्रो हुँदैन। यी दुवैको लत परिवार, समाज र देशकै लागि खतरनाक हुन्छ।

**अशोक महत, पनौती**

यो त साह्रै गाह्रो प्रश्न हो तर पनि भन्नुपर्दा यौनको लत खतरनाक हुन्छ। किनभने रक्सी खाँदा विस्तारै रोग लाग्छ, त्यसपछि मात्र मानिस मर्न सक्छ तर कुनै यौनले धोका दिए मानिस तत्काल पागल हुन वा मर्न सक्छ।

**लक्ष्मण लामा** (२२)

नशा भनेपछि जुनसुकै चीजको किन नहोस् त्यो एकदमै खतरनाक हुन्छ। नशा नै मानिसका लागि भयानक दशा हो भन्ने भनाइ बिर्सनु हुँदैन।

**रेशमकुमार सुनुवार**

रक्सीको लतलाई भन्न सकिएला तर यौनको लत मुस्किल पनि हो, कि कसो सम्पादकज्यू ?

**केएस अनाम** (१९)

दुवैको लत खतरनाक। किनकि दुवैले बाउको सम्पत्ति नाश गर्छन् र ऋणको पोको बोकाउँछन्।

**विश्व**

मलाई लाग्छ, दुवै लत खतरनाक हुन्छन्। त्यसमा पनि यौन भनेको जोगीलाई चढाएको भेटी हो भने रक्सी अर्धपागल बोक्सी। त्यसैले आफैं च्वाइस गर्नुहोस्।

**डिबी रक** (२०)

रक्सी पिएपछि यौनको तलतल लाग्छ। के भन्ने, तर खतरनाक दुवै होइनन्। नियन्त्रित उपभोग गर्न सके दुवैले अलौकिक आनन्द दिन्छन्।

**रमेश** (२७), **धरान**




**प्रश्न : म २९ वर्षीय विवाहित युवक हुँ। मलाई यौनसम्पर्क गर्न मन लाग्छ, तर यौनसम्पर्कपछि अर्को दिन वा एकैछिनपछि मनमा नरमाइलो वा उदासी देखा पर्छ। यौनसम्पर्क गर्नुअघि म निकै रोमाञ्चित र आशावादी हुन्छु। सबैसँग बोल्न मन लाग्छ, तर त्यसपछि हाँसखेल गर्न वा कसैसँग बोल्न मन लाग्दैन। कसैले देखे पनि वा कसैले केही भने वा कुरा गरे पनि रिस उठेर आउँछ। वीर्य स्खलनपछि मनमा बहार वा खुसी ल्याउन के-कस्तो उपचार विधि वा नियम अवलम्बन गर्नुपर्छ ?**

**–जिज्ञासु**

**उत्तर : यौन र मानसिक पक्ष**

यौनचाहना हामीलाई प्रकृतिले दिएको विशेषता हो र सबै स्वस्थ व्यक्तिमा यौनचाहना हुन्छ। यो हाम्रो वंश निरन्तरताका लागि पनि आवश्यक छ। यौनसम्बन्धी हाम्रा चासो एवं चाहना मस्तिष्कबाट सुरु हुन्छ। मस्तिष्कको hypothalamus भनिने सानो अंगले यौनसम्पर्क राख्ने आधारभूत व्यग्रता उत्पन्न गर्छ। यस किसिमको व्यग्रतालाई अंग्रेजीमा libido वा sexual drive भनिन्छ। अर्को अङ्ग Cerebral Cortex ले हामीले सिकेका कुरा तथा अनुभवहरूलाई अभिलेख राख्ने कार्य गर्छ। यौन संवेदनशीलतासम्वन्धी कुरा पनि यही भागबाट सञ्चालित हुन्छन्। यौनइच्छालाई प्रभावित गर्ने हार्मोनहरूको उत्पादन तथा सञ्चालनमा पनि मस्तिष्कको महत्त्वपूर्ण भूमिका हुन्छ।

छोटकरीमा भन्नुपर्दा, यौनको मनोविज्ञानमा कसरी हाम्रो यौन व्यग्रता, यौन संवेदनशीलता, यौन परिकल्पना, यौन अनुभूति अनि यौनसम्बन्धी विचार वा सोच सबै नै मस्तिष्कमा मिलिजुली कार्य गर्छन् र हाम्रो यौन व्यवहारलाई प्रभाव पार्छ भन्ने अध्ययन गरिन्छ। हामीलाई थाहै छ, शारीरिक प्रतिविम्ब, आत्मसम्मान, ईर्ष्या, आत्मीयताजस्ता थुप्रै कुरा मानसिक पक्षसँग सम्बन्धित छन्। यसका साथै यौनका सम्बन्धमा व्यक्तिले बनाउने धारणामा पनि मानसिक पक्ष नै महत्त्वपूर्ण हुन्छ।

यी सबै कुराको संयुक्त प्रभावबाटै यौनसम्बन्धी क्रियाकलाप निर्देशित हुन्छन्। यस अर्थमा भन्ने हो भने मस्तिष्क नै हाम्रो सबैभन्दा ठूलो यौनअङ्ग हो। यौनसम्पर्क होस् वा अन्य यौन क्रियाकलाप– ती वास्तवमा शारीरिक तथा मानसिक दुवैको समन्वयमा हुने जटिल प्रक्रिया हो। हामीले यौनसम्पर्कलाई शारीरिक भने पनि यथार्थमा यो शारीरिकभन्दा बढी मानसिक हो भन्ने कुरा सजिलै बुझ्न सकिन्छ।

मानसिक पक्ष, सोच अनि यसप्रतिको धारणाले यौनलाई प्रभाव पारिरहेका हुन्छन्।

**यौनसुखका कुरा**

यौनसुख सायद मानवजातिले प्राप्त गर्ने सुखहरूमध्ये सबैभन्दा उत्कृष्ट सुख हुनुपर्छ। वंश निरन्तरताका लागि आवश्यक भएको हुनाले नै सायद प्रकृतिले पुरस्कारका रूपमा यसरी राखिदिएको हुनुपर्छ। अहिले धेरै सन्तान जन्माउनुपर्ने आवश्यकता कम हुँदै गएपछि यौन प्रमुख रूपमा सुख प्राप्तिका लागि प्रयोग हुने क्रम बढेको छ। यौनमा लगाइने ऊर्जा र लगन नै सायद यसलाई सुखमय बनाउने कुरा हो। यौन उत्तेजनाको स्रोत जे भए पनि मानव शरीरमा यौनसम्बन्धी परिवर्तन विभिन्न तर निश्चित चरणहरूमा हुने गरेको देखिन्छन्। यौन क्रियाकलाप टुङ्गिन पुगेको स्थितिमा शरीर पुनः पुरानै अवस्थामा फर्कन्छ। यी कुरालाई नै हामी मानव यौन प्रतिक्रिया चक्र अर्थात् Human Response Cycle भन्छौं। मानवशरीर चारवटा मुख्य चरणबाट गुज्रन्छ, ती हुन्– १) Excitement Phase, (उत्तेजनाको चरण) २) Plateau Phase, ३) Orgasm Phase (चरमसुखको चरण) तथा ४) Resolution Phase। Excitement Phase लाई निरन्तरता दिए दोस्रो चरण Plateau Phase मा पुगिन्छ। यो चरणलाई पनि निरन्तरता दिइए व्यक्ति Orgasm Phase (चरमसुखको चरण) मा पुग्छ। यही चरणमा नै वीर्य स्खलन हुन्छ र एक विशेष आनन्दको अनुभव। यो क्षणले यौनसुखको चरमोत्कर्षलाई संकेत गर्छ। त्यसपछि बिस्तारै शरीर पूर्वअवस्थामा फर्कन्छ, यो चरणलाई Resolution Phase भनिन्छ।

**के भएको होला ?**

सामान्यतया यौन अनुभव सुखमय हुन्छ। यो प्रकृतिले दिएको उपहार पनि हो, जसले हामीलाई यौन क्रियाकलापमा लागिरहन उप्रेरित गर्छ, तर सधैं त्यस्तो हुँदैन। यौनसम्पर्कपछि कहिलेकाहीं केही व्यक्तिले खिन्नता वा उदासीनताको अनुभव गर्छन्। यस्तो स्थितिलाई post-coital tristesse भनिन्छ। जसको अर्थ यौनसम्पर्कपछिको उदासीपन हो। यो पुरुषको तुलनामा महिलामा बढी हुन्छ। यस्तो समस्याबाट ग्रसित व्यक्तिले यौनसम्पर्कको केही बेर (पाँच मिनेट) देखि २ घण्टासम्ममा कडा चिन्ताको भावना प्रदर्शित गर्छन्। कतिपय पुरुषले हस्तमैथुनपछि त्यस्तै किसिमको चिन्ता तथा ग्लानियुक्त भावना प्रदर्शित गरेको पाइन्छ।

यो अलि विरलै हुने कुरा हो। तपाईंले रिस उठ्ने कुरा पनि गर्नुभएको छ। मेरो विचारमा तपाईंले कुनै दक्ष मनोचिकित्सकसँग सम्पर्क गरेर समस्याको कारण पत्ता लगाउन तथा त्यसैअनुसार उपचार गर्नु बेस हुन्छ।

# कम उमेरमा प्रजनन क्षमता

मानिसको शारीरिक विकाससँग उमेरको गहिरो सम्बन्ध हुन्छ। हालै गरिएको सर्वेक्षणबाट युवतीहरूमा कम उमेरमै यौन परिपक्वताको लक्षण देखिएकाले वैज्ञानिकहरू यसका बारेमा अनुसन्धान गरिरहेका छन्। वैज्ञानिकहरूको अनुसन्धान-अनुसार यसरी चाँडै अर्थात् उमेर नपुग्दै शारीरिक विकास हुनुको कारण अत्यधिक क्यालोरीयुक्त भोजन नै हो। अधिक क्यालोरीयुक्त भोजनले मानिसलाई असमयमै वयस्क बनाइदिन्छ। अनुसन्धानकर्ताहरूका अनुसार बीसौं शताब्दीको प्रारम्भमा अमेरिकी बालबालिकाहरूको रजस्वला हुने औसत उमेर १४ वर्षको थियो भने हाल यो दर घटेर १२ दशमलव ५ वर्षमा झरेको छ। यद्यपि विकासशील मुलुकका आदिवासीहरूमा सामान्यतया रजस्वला र गर्भवती हुने उमेरको अनुपातमा परिवर्तन भएको छैन, तर ग्रामीण क्षेत्रमा त्यो कुरा लागू नभए पनि सहरी क्षेत्रमा भने विकसित देशकै हाराहारीमा पाइन्छ।

हाम्रो जस्तो अल्पविकसित देशका केही ग्रामीण क्षेत्र र अधिकांश सहरी क्षेत्रमा कमै उमेरमा गर्भवती भएका प्रशस्त उदाहरण पाइन्छन्। सानो उमेरमा अवैध गर्भ रहेर मारिएका वा मरेका बालिकाहरूका बारेमा पनि समाचार आइरहन्छन्। नेपालमा मासिक स्रावको औसत उमेर १३ वर्ष छ भने तराई क्षेत्रमा अझ कम उमेरमा रजस्वला प्रारम्भ भएको पाइन्छ। त्यस्तै मनाङ, हुम्ला, मुस्ताङ र जुम्लातिरका युवतीहरू २० वर्षमै प्रौढ देखिन्छन्।


अनुसन्धानकर्ताहरूका अनुसार मस्तिष्कका केही तन्त्रिकाले श्रावित गर्ने गोर्नेडोट्रोपिन रिलिजिङ हार्मोनले महिलाहरूको ज्ञानेन्द्रियमा यस्तो किसिमको हार्मोन श्रावित गर्ने निर्देशन दिन्छ जुन हार्मोनलाई शुक्राणु र अण्डाणुको परिपक्वताका लागि बढी जिम्मेवार मानिन्छ। यसैकारण अचेलका किशोरीहरू सानो उमेरदेखि नै यौन विज्ञासु हुने, यौनसम्बन्धी लेखरचना पढ्ने, केटाहरू देख्दैमा लजाउने, अरूका यौन चर्चामा चासो देखाउनेजस्ता लक्षण भेटिन्छन्। विद्यालयमै युवक छान्ने, आफूखुसी विवाह गर्ने, असुरक्षित यौन सम्बन्धमा लालायित भएका कतिपय घटनाहरू पनि सार्वजनिक भएका छन्।

सहरका किशोरीहरूलाई कामभन्दा बढी आराम र भोजनमा सुलभता हुन्छ। त्यसैले उनीहरू कम उमेरमै हलक्क बढेका हुन्छन्। वर्तमान समयमा विद्यालयमा अध्ययनरत छात्रछात्राहरू शीघ्र परिपक्वताका कारण असमयमै आमा-बुबा बनिरहेका छन्। समाजमा बलात्कार र यौन अपराध बढ्नुमा शीघ्र शारीरिक विकासले पनि अप्रत्यक्ष असर परेको छ। मासुजन्य पदार्थ तथा दुग्धजन्य खानेकुरा बढी खाने परिवारका युवतीहरू छिटो प्रजनन गर्न योग्य भैसकेको पाइन्छ।

**–पक्षप्रसाद बन्जारा**

## जीवजन्तु

# मलेरिया नसार्ने लामखुट्टे



वैज्ञानिकहरूले जिन थेरापीको सहायताले लामखुट्टेको शारीरिक संरचनामा परिवर्तन गरेका छन्। उक्त लामखुट्टेले मानिसलाई मलेरिया रोग सार्न सक्दैनन्। अमेरिकाको बाल्टिमोरस्थित जोन हप्किन्स विश्वविद्यालयका वैज्ञानिकहरूले विकास गरेको उक्त लामखुट्टेमा थप जिन राखिएको छ। उक्त लामखुट्टेको आँखा रातो रङको छ।

उक्त लामखुट्टेले सामान्य लामखुट्टेसँग संसर्ग गरेर भविष्य आफ्नो वंश वृद्धि गर्ने छन् र त्यसपछि लामखुट्टेमार्फत रोग नसर्ने विश्वास वैज्ञानिकहरूले गरेका छन्। त्यसै गरी लन्डनको इम्पेरियल कलेजका वैज्ञानिकहरूले पनि यस्तै लामखुट्टेको विकास गरेका छन्। प्रोफेसर एन्ड्रा क्रिसान्टीको नेतृत्वमा उक्त लामखुट्टेको विकास गरिएको हो। उनीहरूले यस प्रकारका लामखुट्टे पहिचान गर्न लामखुट्टेमा एक प्रकारको सुगन्ध राखेका छन्।

## रिमोट कन्ट्रोल परेवा

चिनियाँ वैज्ञानिकहरूले परेवालाई रिमोट कन्ट्रोलबाट नियन्त्रण गर्न सकिने प्रविधिको विकास गरेका छन्। उनीहरूले परेवाको मस्तिष्कमा इलेक्ट्रोडहरू जडान गरेर ती इलेक्ट्रोडको सहायताबाट परेवालाई आफूले भनेको स्थानमा उडाउन सफलता पाए। त्यसरी जडान गरिएको इलेक्ट्रोडमार्फत परेवालाई यसो हुँदा दायाँ-बायाँ, तल-माथि जता निर्देशन दियो, उता उडाउन सकिन्छ। विशेष गरी कुनै आगलागी अथवा दुर्घटनाबाट परेवालाई बचाउन सकिनेछ। त्यसै गरी कुनै परीक्षण गर्नका लागि पनि यो प्रविधि प्रयोग गर्न सकिन्छ। सु जिउचेङको नेतृत्वमा उक्त सफलता प्राप्त भएको हो। करिब दुई वर्षअघि सान्डोङ विश्वविद्यालयका वैज्ञानिकहरूले मुसामा पनि यस्तै तर असफल परीक्षण गरेका थिए।



## जानकारी

# अंग पनि रोप्न थालियो



विश्वमै पहिलो पटक अनुहार प्रत्यारोपण गरिएकी महिलाको स्वास्थ्यमा सुधार हुँदै गएको कुरा त्यसमा संलग्न चिकित्सकहरूले बताएका छन्। विश्वमै पहिलो पटक फ्रान्सका चिकित्सकले कुकुरको टोकाइबाट क्षतविक्षत भएकी एक ३८ वर्षीया महिलाको अनुहारमा नयाँ नाक प्रत्यारोपण गरेका थिए। उक्त नाक मस्तिष्कघात भएका एक बिरामीबाट प्राप्त भएको थियो। यसरी अनुहारको प्रत्यारोपण गरिएको मानिसको अनुहार पूर्ववत् रूपमा आएका कारण अहिले युरोपमा शरीर प्रत्यारोपण गर्न चाहनेहरूको संख्या लगातार बढिरहेको चिकित्सकहरूले बताएका छन्

## कपडाबाटमै वाद्ययन्त्र

अस्ट्रेलियाका वैज्ञानिकहरूले अब गितार नै नबोकी आफ्नो संगीत आफैंले लगाएको कपडा प्रयोग गरी बजाउन सक्ने प्रविधिको आविष्कार गरेका छन्। गितारको धुन बजाउन सक्ने त्यस्तो टिसर्टको आविष्कारपछि अब कुनै पनि संगीतकारले श्रोताहरूलाई संगीत सुनाउन गितार बोकेर हिँड्नुनपर्ने भएको छ। अनुसन्धानकर्ताहरू कपडाकै माध्यमबाट फिजियोथेरापी गर्न मिल्ने प्रविधिको विकासमा समेत सक्रिय रहेको बताइन्छ।

## जन्मदिनको शुभकामना



| | | | |
|---|---|---|---|
| निलाञ्जना मिश्र<br>२०५५ जेठ २५ | अदीति सुवेदी<br>२०६२ जेठ २६ | श्रवण केसी<br>२०५६ जेठ २७ | निरोग्य प्रसाई<br>२०६१ जेठ २८ |
| प्रितिशा चौहान<br>२०६१ जेठ २८ | नोबल गैरे<br>२०५८ जेठ २८ | हिमांशु राई<br>२०६० जेठ ३० | इंगेज कार्की<br>२०५९ जेठ ३१ |
| रोमी श्रेष्ठ<br>२०५४ जेठ ३१ | विवेक अर्याल<br>२०६२ जेठ ३१ | प्रणिका राउत<br>२०५९ जेठ २६ | आलोक पुडासैनी<br>२०५६ जेठ ३१ |

कुपन

जन्मदिनको शुभकामना

नाम :........................................

जन्म मिति :........................................

स्कुल :........................................

ठेगाना :........................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।


# बीस हजार वर्षपहिलेको मानवपदचिह्न

करिब २० हजार वर्षपहिलेका आदिमानव सिकारी होमोस्यापियनको पदचिह्न अस्ट्रेलियाको न्यु साउथ वेल्सको वेटल्यान्ड भन्ने सुक्खा मरुभूमिमा फेला परेको अस्ट्रेलियन वैज्ञानिकहरूले बताएका छन्।

प्राप्त जानकारी अनुसार होमोस्यापियनको एक जाति एवोदिजन थियो, जुन सिकार खेल्न पोख्त मानिन्थ्यो। उक्त जातका आदिमानवले आगोलाई बचाउन, खेती गर्न, घरपालुवा जीवजन्तु पाल्न जानेका थिए। यो 'एवोदिजन' जातका मानव अन्य जातका होमोस्यापियनभन्दा निकै चतुर थिए।


'उक्त वेटल्यान्ड भूमि ६० हजार वर्षपहिले विशाल तलाउ थियो। पृथ्वीमा मौसम परिवर्तन हुने क्रममा त्यहाँ निकै गर्मी बढ्यो र ५ किलोमिटर लामो उक्त तलाउ वाष्प भएर उड्यो। फलस्वरूप त्यहाँ रहेका जीवले पानीको अभावका कारण मृत्युवरण गरे। त्यसैले धेरै संख्यामा अवशेष प्राप्त भएका हुन्,' -अनुसन्धानमा संलग्न वैज्ञानिक स्टिभ वेभले बताए।

## तल दिइएको चित्रमा ६ वटा फरक छुट्याऊ



फरक- रुमाल, सूर्य, कुकुर, कुकुरको खुट्टा, पाइन्ट, लुगा।

तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?



लुकेका समानहरू :सर्प, माछा, भ्यागुता, बकुला,पुतली।

## साप्ताहिक शब्द जाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रा | क्षि | ण | अ | गि | रि | रा | ज |
| म | से | अ | कि | र्गि | ज | स्ता | स्ट |
| च | अ | अ | न्यु | जि | ल्या | दे | इ |
| न्द्र | रा | म | श | र | ण | व | न्डि |
| बं | लि | रा | न्या | त | हा | ग | ज |
| इ | या | जे | ना | डा | उ | ला | ज |
| ड् | न्ट | न्द्र | लं | हि | सि | ला | प्र |
| ल्या | स्ता | ज | स | ला | न | श | दी |
| कृ | ष्ण | न | आ | य | र | ल्या | प |

माथि दिइएका अक्षरहरूमा वर्तमान मन्त्रिपरिषद्का आठ सदस्यका पहिलो नाम लुकेका छन्। के तिमी ती नामहरू खोज्न सक्छौ ?

लुकेका नामहरू : रामचन्द्र, गिरिराज, प्रदीप, कृष्ण, रामशरण, राजेन्द्र, हिसिला, देव

# रिसेप्सनिस्ट रोबोट



जापानको राजधानी टोकियोको मध्यभागस्थित एउटा अस्पतालमा तीनवटा रोबोटलाई रिसेप्सनिस्ट र भरियाको काममा लगाइएको छ। जापानको रोबोट निर्माता कम्पनी तमुकले निर्माण गरेका तीनवटा रोबोट अस्पतालले ५ लाख ८ हजार अमेरिकी डलरमा खरिद गरेर काममा लगाएको हो। रिसेप्सनमा भएको रोबोटले आगन्तुकहरूको स्वागत गर्ने तथा उनीहरूले सोधेका कुराको उत्तर दिने काम गर्छ।

भरियाका रूपमा खटाइएका रोबोटले बिरामी तथा बिरामीको लत्ताकपडालाई सम्बन्धित ठाउँमा पुऱ्याउँछ। १ दशमलव ३ मिटर अग्लो सेतो-हरियो रंगको भरियाको काममा लगाइएको रोबोटले बाटोमा कसैले अवरोध खडा गरेको स्थितिमा त्यसलाई सचेत गराउने कामसमेत गर्दै आएको छ।

## साताका श्रीमान्



**तपाईं त पर्दापछाडि नै हुनुहुँदोरहेछ किन होला ?**
विवाहपछि उनलाई सहयोग हुन्छ कि भनेर संगीतलाई छाडी यता लागेको हुँ, पर्दाअगाडि देखिने इच्छा ममा छैन ।
**पहिले के गर्नुहुन्थ्यो ?**
काठमाडौं बाहिर यातायात तथा खाद्य उद्योग सञ्चालन गर्थें ।
**नायिकासँग तपाईंको विवाह कसरी भयो ?**
हाम्रो सम्बन्ध उनी कलाकार हुनुभन्दा अघिदेखि नै थियो । यस क्षेत्रमा उनी व्यक्तिगत निर्णयले मात्र होइन हामी दुवैको समझदारीमा अघि बढेकी हुन् । त्यसैले त्यस्तो कुनै समस्या आएन किनकि हामी पहिलेदेखि नै तयार थियौं ।
**विवाह त फूलपातीकै दिन गर्नुभएछ किन ?**
त्यही दिन गर्ने भन्ने निश्चित त थिएन तर लामो समयका लागि विदेश जानुपर्ने भएकाले एक साताभित्र विवाह गर्ने निर्णय भयो । फूलपातीका दिन साइत हेर्न नपर्ने र सबै कुरा मिलेकाले हतार-हतार विवाह गरियो ।
**दाम्पत्य जीवनको अनुभव कस्तो रह्यो ?**
विवाह पछाडि एक-अर्कालाई नजिकबाट नियाल्न पाउँदा हामी झन् घनिष्ठ भएका छौं । दुःख-सुखमा सधैं सँगै रहनुको मज्जा नै अर्कै हुँदो रहेछ ।
**सुरु-सुरुमा व्यस्त मानिससँगको दिनचर्यामा मिल्न कत्तिको गाह्रो भयो ?**
विवाहपछि लगातार सँगै काम गर्न पाइएन । उनको पर्सिपल्टै सुटिङ भन्दा पनि भित्रभित्रै नराम्रो लाग्छ । अरूले सक्छन् होला तर म त भोलि थाहा पाएपछि गाह्रो पर्ने भएकाले पनि सक्दिनँ ।
**श्रीमतीको अभिनय कत्तिको हेर्नुहुन्छ ?**
कुरेरै त हेरिँदैन, तर उनले भावुक भूमिका निर्वाह गरेको ज्यादै सुहाउँछ जस्तो लाग्छ । म त यस्तो भएछ भनेर कमेन्ट पनि गर्छु ।
**टेलिश्रृंखलामा भूमिका अनुसार आँसु खसाल्ने गरेको देखिन्छ, वास्तविक जिन्दगीमा कत्तिको रुनुहुन्छ ?**
प्रायः टेलिश्रृंखलाहरूमा भूमिका अनुसार सजिलै रोए पनि त्यो सुहाउँछ तर वास्तविक जिन्दगी त्यस्तो हुँदैन । बरु टाढा जाने क्रममा छुट्टिंदा भने आँखा रसाउँछ ।
**श्रीमतीको अभिनयलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**
त्यो दर्शकहरूले मूल्यांकन गर्ने कुरा हो तर व्यक्तिगत रूपमा मलाई अधिकांश त राम्रै लाग्छन् ।
**श्रीमतीको व्यस्तताले गर्दा पारिवारिक वातावरणबाट टाढा रहनुपर्दा कस्तो लाग्छ ?**
भनेको बेला परिवार अनि साथीभाइहरूसँग भेटघाट गर्न पाइँदैन तर रिस भने उठ्दैन । बरु कहिलेकाहीं आज फुर्सद भए हुन्थ्यो भन्ने हुन्छ ।
**दुईजनाको मात्र परिवार, आज तपाईंले पकाए हुन्थ्यो जस्तो गर्नुहुन्न ?**
कामले गर्दा थकान महसुस हुन्छ । त्यसैले काम गर्ने मानिसको सहयोग लिएका छौं तर मुड चल्दा भान्सामा बसेर एक-अर्कालाई मनपर्ने परिकार बनाइन्छ ।
**श्रीमतीको कुन बानीबाट प्रभावित हुनुहुन्छ ?**
कामप्रतिको इमान्दारिता र सबैप्रतिको आदर भाव नै हो जसको म खुलेर प्रशंसा गर्छु ।
**उहाँ कुन कुरामा बढी खर्च गर्नुहुन्छ ?**
बाहिर जाँदा बिना कुनै योजना कुनै पनि सामान किन्छिन्, खानामा पनि त्यस्तै हुन्छ । उनी मभन्दा बढी नै खर्च गर्छिन् ।
**सुटिङ नहुँदा तपाईंकी श्रीमतीले कसरी समय बिताउनुहुन्छ ?**
मेरी भाउजु र दिदी नै उनका साथी भएकाले उनीहरूसँग चलचित्र हेर्न जान्छिन् ।
**पर्दा पछाडि रहनुभन्दा त श्रीमान्-श्रीमती एकै ठाउँमा रहे तपाईंलाई श्रीमतीको नामले माथि उठ्न पनि सजिलै हुन्थ्यो ?**
सबैजना आ-आफ्नै काममा रमाउँछन् । सबैतिर एकैचोटी हात हालेपछि सफलता हात पार्न गाह्रो हुन्छ ।
**पहिलो भेटको कुनै घटना याद छ ?**
हाम्रो घर नजिकै भएकाले चिनजान त सानैदेखि थियो ।
**अनि प्रेम सम्बन्ध कसरी अघि बढ्यो ?**
मैले प्रस्ताव राखें, उनले स्वीकार गरिन् तर हाम्रो स्पेसल भेट कहिल्यै भएन, पारिवारिक जमघटमै हाम्रो भेट हुन्थ्यो ।
**यस्तो सम्बन्ध कतिसम्म रह्यो, विवाह गर्ने निष्कर्षमा कसरी पुगियो ?**
पाँच वर्षसम्म रहेको हाम्रो सम्बन्धमा म दुई वर्ष बाहिरै रहें । त्यसबेला टाढिएकाले पनि समयले हामीलाई छिटै नजिक्यायो ।



सन् १९३६ मा खोटाङमा जन्मिएका सिरोज घिमिरेले नायिका सौजन्य सुब्बासँग वैवाहिक जीवन प्रारम्भ गरेको दुई वर्ष पुग्न लागेको छ । स्नातकसम्मको शिक्षा पूरा गरेका घिमिरे विवाहपछि एस एन्ड एस फिल्ममार्फत् पर्दा पछाडि नै सक्रिय छन् ।

थियो । बिहान ६ बजे गएर राती ११ बजे आउँथिन् । एक महिनासम्म त निकै गाह्रो भयो ।
**कुनै रोकटोक गर्नुभएन ?**
उनलाई कुन समूह कस्तो छ, आफूले त्यहाँ काम गर्न हुन्छ-हुँदैन सबै थाहा छ । त्यसैले मैले यो विषयमा केही भन्नु पर्दैन ।
**श्रीमतीले कत्तिको संघर्ष गर्नुपर्‍यो ?**
परिवारमा गर्नु नपरे पनि मैदानमा गरिन् । उनले स्वतन्त्र रूपमा बाहिर मात्र संघर्ष गरिन् ।
**आफ्नो कमाइ हुँदाहुँदै तपाईंको कमाइमा कत्तिको अधिकार जमाउनुहुन्छ ?**
घाँटी हेरी हाड निल्नुपर्छ भन्ने मान्यता उनको छ । त्यसैले उनी आफ्नो कमाइबाटै सन्तुष्ट छिन् । मैले आफ्नो हिसाबले दिएमात्र लिन्छिन् ।
**सरप्राइज उपहार कत्तिको आदान-प्रदान हुन्छ ?**
विवाह पहिले एउटा फूलमात्र पनि उपहार नै हुन्थ्यो तर विवाहपछि उपहारमा पनि परिवर्तन हुँदो रहेछ । अचेल बढी लुगा आदान प्रदान हुन्छ ।
**फेसनमा कतिको सल्लाह दिनुहुन्छ ?**
म त्यस्तो केही भन्दिन तर सधैं फर्मल भएर हिंड्न आग्रह गर्छु ।
**श्रीमतीको व्यस्तता देख्दा कत्तिको कर्तव्यबोध हुन्छ ?**
उनले दुःख गरेको देख्दा र जहिले पनि व्यस्त नै देख्दा प्रत्येक कुरामा कर्तव्यबोध हुन्छ ।
**भनिन्छ, श्रीमान्हरू श्रीमतीलाई निकै ढाँट्छन्, तपाईं नि ?**
एकछिन् ढाँटेर साथीहरूसँग बस्छु

–संगीता कटुवाल

## पारिवारिक स्वास्थ्य



किस अर्थात् चुम्बन कत्तिको मन पराउनुहुन्छ ? राम्रो अनुहार पाए त........ कसलाई चुम्बन गर्न मन लाग्दैन होला ? विशेष गरी कलेज पढ्ने किशोर-किशोरीलाई त चुम्बनले छुट्टै आनन्द दिन्छ भन्ने हुन्छ, तर चुम्बनकै कारणले रोगी हुनुपर्छ भन्ने कुरा सबैलाई थाहा नहुन सक्छ । ११ कक्षामा अध्ययनरत एक किशोरले आफ्नी गर्लफ्रेन्डबाहेक अरूलाई चुम्बन नगर्नु नै राम्रो भएको बताए पनि सोही कक्षाका अर्का छात्रले चुम्बन आजभोलि सामान्य भैसकेको बताए । चुम्बन सामान्य भए पनि चुम्बन रोगचाहिं सामान्य होइन ।

'किस डिजिज' अर्थात् चुम्बन रोग हालै नामकरण गरिएको एउटा रोग हो । इपसन वार भाइरस (ई.बी.भी.) बाट हुने यो रोग मुख्य गरी र्‍यालको माध्यमबाट सर्छ । चुम्बन खास गरी उच्च माध्यमिक तथा कलेजका विद्यार्थीहरू तथा आर्मी, पुलिसहरूलाई लाग्ने गरेको देखिन्छ । हालै गरिएको एक अध्ययनमा ८५ देखि ९० प्रतिशत अमेरिकी नागरिकलाई ४० वर्ष नपुग्दै ई.बी.भी. ले संक्रमण गरेको देखियो । १५ वर्षदेखि १९ वर्षका युवा-युवतीमा चुम्बनरोगको प्रभाव बढी देखिएको छ । भाइरसको संक्रमण भएको चार-पाँच सातापछि मात्र रोगका लक्षणहरू ज्वरो आउने, घाँटी सुक्ने, खाना निल्न गाह्रो हुने, घाँटी तथा छातीमा डाबरहरू आउने, काखी सुन्निने, कलेजो तथा पित्तथैली ठूलो हुने आदि देखिन सक्छ । धेरैजसो व्यक्तिमा यो रोग आफैं निको भए पनि थोरैमा यो खतरनाक पनि सावित हुन सक्छ । निमोनियाँ, जन्डिस, रक्तअल्पता, मुटु तथा मृगौलामा यसको दीर्घकालीन असर हुन सक्छ ।



चुम्बनले सर्न सक्ने अन्य यौन रोग पनि छन् । भिरङ्गी, ज्ञानेन्द्रियहरूमा हुने मुसा, घाउ आदिका जीवाणु र्‍यालमा पनि हुन सक्ने भएकाले यी रोग सर्न सक्छन् । यसरी सर्ने यौनरोगमा क्लामेडियाको संक्रमण प्रमुख हो । युनिभर्सिटी अफ क्यालिफोर्नियाका चिकित्सक जोनका अनुसार चुम्बनका कारणले ट्राइजेमिनल न्युरोलिजया भए बिमारीले आत्महत्यासम्म गर्न सक्छ । यो रोग लागेका बिरामीका गालामा म्वाइँ खाँदा सो नर्भ (स्नायु) को उत्तेजनाका कारणले बिमारीले आत्महत्याको प्रयास गर्ने डा. जोन बताउँछन् ।

फ्लोरिडा स्टेट युनिभर्सिटीको प्रतिवेदनअनुसार धेरै साथीसँग चुम्बन गर्ने किशोर-किशोरीहरूमा ब्याक्टेरियल मेनिन्जाइटिस बढी हुन्छ । बेलायतमा गरिएको उक्त अध्ययन अनुसार मेनिंगोकोकल ब्याक्टेरिया नाक तथा घाँटीमा राम्रोसँग वृद्धि हुने र सोही स्थानमा बस्न रुचाउने भएकाले र्‍यालमा यो ब्याक्टेरिया बढी पाइन्छ । चुम्बन गर्दा ब्याक्टेरिया सजिलै साथीहरूलाई सर्छ र व्यक्ति मेनिन्जाइटिसको रोगी बन्न पुग्छ । मेनिन्जाइटिस हुँदा टाउको दुख्ने, ज्वरो आउने तथा वान्ता हुने हुन सक्छ । यस्ता किशोर-किशोरीले तुरुन्त स्वास्थ्य परीक्षण गरेर औषधी-उपचार गर्नुपर्छ । समयमै उपचार नपाए बिरामी मर्न पनि सक्छ ।



डा. बालकृष्ण साह

विलासी जीवनशैलीसँगै जनावरहरू (कुकुर, बिरालो) पाल्ने चलन पनि बढ्दै गएको छ । सहरी क्षेत्रका सम्पन्न परिवारमा कुकुर वा बिरालो नपालिएको घर कम हुन थालेका छन् । पुरुषभन्दा पनि महिलाहरू कुकुर-बिरालोसँग चुम्बनको आदान-प्रदान गरिरहेका हुन्छन्, तर विज्ञहरूको भनाइ छ– यसरी कुकुरसँग चुम्बन आदानप्रदान गर्दा, खानेकुरा सँगै खाँदा 'सालमोनिला' ब्याक्टेरियाको संक्रमण हुने सम्भावना बढी हुन्छ ।

हुनतः रोगकै डरले रमाउन छाड्नु राम्रो होइन, तर के गर्ने ? स्वास्थ्यको ख्याल पनि गर्नैपर्‍यो ? यौनरोगबाट बच्न कन्डम आएजस्तै चुम्बन रोगबाट बच्न किन केही नबनाएको होला ? खुला विचार राख्ने युवक मनोज भन्छन्– युवाहरूलाई सचेत गराउनु नै चुम्बनसम्बन्धी रोगबाट बच्ने सबैभन्दा राम्रो उपाय हो ।

त्यस्तै ज्वेलरीको काम गर्ने परशुरामले आफूलाई यो रोगका बारेमा केही थाहा नभए पनि सकिन्छ भने चोखो नभए कमसेकम आफ्नाहरूको मात्र चुम्बन लिनू भन्ने तर्क गरे । वास्तवमा जसले जसरी जे भने पनि मर्यादित भएर चुम्बन लिनु नै सुरक्षित हो, होइन र ?



# नवजात शिशु र उसको स्वास्थ्य

जब नवजात शिशुलाई अस्पतालबाट घर पुऱ्याइन्छ, नातागोता एवं आफन्तहरूले शिशुको वजन कति छ ? शिशुको स्वास्थ्य पनि राम्रै होला ? भनेर सोध्छन् । जबसम्म बालबालिका एक वर्ष पुग्दैनन् यो प्रश्न बारम्बार दोहरिरहन्छ ।

अभिभावकहरू आफ्ना बाल-बालिकाको तौल बढेकै देख्न चाहन्छन् । बालबालिकाको तौल बढ्नुमा सन्तुलित आहारविहारको महत्त्वपूर्ण भूमिका हुन्छ । सामान्यतया नवजात शिशु जन्मिएको समयमा तौल २ दशमलव ७५ देखि ३ किलोग्राम तथा उचाइ ५० सेन्टिमिटर हुनु आवश्यक मानिन्छ । शिशु जन्मिएको पहिलो ६ महिनाभित्र उसको तौल प्रतिदिन २० देखि ३० ग्राम बढ्नुपर्छ भने उचाइ पहिलो महिनामा १ दशमलव ५ देखि २ सेन्टिमिटर बढेको हुनुपर्छ । एक वर्षभित्र स्वस्थ शिशुको औसत वजन १० किलोग्राम तथा उचाइ लगभग ७५ सेन्टिमिटर हुनु आवश्यक छ ।

शिक्षित अभिभावकहरूले यो कुरा ग्रोथ चार्टबाट पनि बुझ्न सक्छन् । आफ्ना बालबालिकाको स्वास्थ्यस्थितिका सम्बन्धमा पूर्ण जानकारी लिइरहनु असल अभिभावकको प्रमुख दायित्व हो । जन्मिएको एक महिनापछि शिशु कुपोषणको सिकार नहोस् भनेर ध्यान दिनु अत्यावश्यक छ । शिशुको शारीरिक विकासमा ह्रास नआओस् भनेर आहारविहारमा ध्यान दिनुपर्छ । यसो नगरे उसको मानसिक विकासमा समेत असर पर्न सक्छ ।


कतिपय शिशु जन्मिंदा माथि उल्लेखित तौलभन्दा कम तौलका हुन सक्छन् । यस्तो अवस्थामा विशेष ध्यान पुऱ्याउनुपर्छ । शिशु जन्मिएको छ महिनापछि आमाको दूधका साथै पौष्टिक आहार पनि ख्वाउनुपर्छ । पहिलो महिना शिशुको तौल तीव्र गतिमा बढिरहेको हुन्छ । शिशु जन्मिएको केही दिनसम्म तौल कम भए पनि केही दिनमै उसको तौल बढ्ने क्रम तीव्र हुन्छ । त्यसैगरी उसको भित्री शारीरिक अंगहरू पनि तीव्र रूपमा बढ्न थाल्छन् । शिशु जन्मिएको दुई सातापछि उसको शारीरिक तौलका अतिरिक्त स्वास्थ्य परीक्षण गर्न बालरोग विशेषज्ञसँग सम्पर्क गर्नुपर्छ । जन्मको समयमा र दुई सातापछि शिशुको स्वास्थ्य र वजन कत्तिको बढिरहेको छ भन्ने कुराको जानकारी लिइरहनुपर्छ । कुनै शिशु जति बढ्नुपर्ने हो त्यति बढ्न नसके पनि आमाले खासै चिन्ता लिनु पर्दैन । शिशु जन्मिएको एक वर्षसम्म प्रत्येक महिना बालरोग विशेषज्ञकहाँ गै उसलाई दिनुपर्ने खोप, सुई आदि दिइरहनुपर्छ । शिशु जन्मिएको ५ वर्षपछि ३ महिनादेखि ६ महिनाको अन्तरालमा बेला-बेला चिकित्सकसँग सल्लाह लिई आवश्यक उपचार गरिरहनुपर्छ ।

प्रत्येक शिशुको शारीरिक बनावट, संरचना एवं विकासको गति अर्को शिशुको भन्दा फरक हुन्छ । एकै दिन जन्मिएका शिशुलाई एकै किसिमले लालनपालन, पोषण आदि गरे पनि उनीहरूको शारीरिक विकासमा निकै अन्तर हुन सक्छ ।

–विष्णुकुमार श्रेष्ठ

## जानकारी

### स्वस्थ र सुन्दर बन्ने केही उपाय



**नियमित र सन्तुलित आहार** : हरेक मानिसले नियमित र सन्तुलित आहार खानुपर्छ । नियमित र सन्तुलित आहारले शरीरमा आवश्यक तत्त्वको आवश्यता पूरा गर्ने भएकाले शरीर स्वस्थ एवं फुर्तिलो हुन्छ । त्यसैले खानामा फलफूल, दही, दूध, माछा, मासु, सागसब्जी, खनिज तत्त्व आवश्यक मात्रामा हुनुपर्छ ।

**मदिरापान एवं अम्मलको त्याग** : हरेक व्यक्तिले मदिरापान तथा धूम्रपानजस्ता कुलत त्यागे शरीर स्वस्थ एवं फुर्तिलो देखिन्छ । शरीरका लागि चाहिने आवश्यक पानी पर्याप्त मात्रामा पिउनुपर्छ भने दही-दूध तथा फलफूलको रस पनि पिइरहनुपर्छ ।

**व्यायाम** : खानपानमा उचित विचार नपुऱ्याए शरीर फुर्तिलो अनि स्वस्थ देखिँदैन । त्यस्तै व्यायाममा ध्यान नपुऱ्याए शरीरको विकास हुन सक्दैन । नियमित रूपमा बिहान सूर्योदयभन्दा अगावै कसरत गर्नु, दौड्नु स्वास्थ्यका लागि लाभप्रद हुन्छ । खेलकुदले शरीरलाई फुर्तिलो एवं जाँगरिलो बनाउँछ, अल्छीपन हट्छ तथा कुनै पनि काममा रुचि बढ्छ ।

**आराम एवं मनोरन्जन** : फुर्तिलो तथा स्वस्थ रहन आराम र मनोरञ्जन उत्तिकै आवश्यक छ । कामैकाम मात्र गर्ने होइन आराम पनि गर्नुपर्छ । आराम भन्नाले सुत्ने मात्र होइन आफूलाई मनपर्ने गीत-संगीत सुन्ने, प्राकृतिक ठाउँहरू घुम्ने, साथीभाइसँग बसेर कुराकानी गर्दा मानिसको शरीरमा नयाँ जोस-जाँगर बढेर आउँछ भने स्मरणशक्ति पनि बढ्छ ।

**संयम** : संयम भएन भने कोही पनि योग्य पात्र बन्न सक्दैन । संयमले मानिसलाई नम्रताको पाठ सिकाउँछ । संयमित व्यक्तिले कहिल्यै हरेस खाँदैन । कुनै पनि काममा हेलचेक्र्याइँ गर्नुहुँदैन । सदा सकारात्मक एवं रचनात्मक विचार लिएर अघि बढ्नुपर्छ । पक्कै पनि जीवनमा सफलता प्राप्त हुन्छ ।

**यौन व्यवहार** : यौन व्यवहारका कारण प्रायः सबैमा उतार-चढाव आउने भएकाले यस विषयमा संयमित एवं उत्तरदायी बन्नुपर्छ । स्वस्थ जीवनका लागि यौन आवश्यक छ तर उच्छृङ्खल प्रवृत्ति भने होइन । त्यसले जीवनलाई अधोगतितर्फ धकेल्छ ।

– देवेन्द्र अर्याल

## स्तर विकासका लागि दुईदिवसीय क्रिकेट

काठमाडौं- ठूला प्रकृतिका अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाली खेलाडीहरू शारीरिक क्षमताको अभावमा लामो समयसम्म खेल्न असमर्थ देखिएपछि क्रिकेट एसोसिएसन अफ नेपाल (क्यान) ले नेपालमा पहिलो पटक दुईदिवसीय क्रिकेट प्रतियोगिताको अवधारणा भित्र्याएको छ। क्रिकेट विशेषज्ञहरूका अनुसार आन्तरिक रूपमा यस्ता प्रतियोगिता सञ्चालन गरिएपछि खेलाडीहरूको क्रिजमा रहने क्षमताका साथै उनीहरूको कुशलतामा समेत वृद्धि हुनेछ। क्यानको पुनर्गठनपछि नेपाली क्रिकेटमा नयाँ आयाम थप्ने अभिप्रायले नै दुईदिवसीय क्रिकेटको अवधारणा ल्याइएको हो। यो क्रिकेट प्रतियोगिताको नियम एक दिवसीय वा टेस्ट प्रतियोगिताभन्दा फरक हुन्छ, जसअनुसार प्रत्येक दिन न्यूनतम ९० ओभरको खेल खेलाइन्छ, जसमा प्रत्येक टिमले आफ्नो पहिलो इनिङ सुरु गर्दा अधिकतम ६० ओभर खेल्न पाउँछन्। दुई दिवसीय क्रिकेटको नियमअनुसार प्रत्येक २५ रन वा एक विकेटको आधा अंक दिइन्छ, तर दोस्रो इनिङमा ब्याटिङ गर्नेले भने बोनसका रूपमा ४ भन्दा अंक बढी पाउँदैन। यदि कुनै टिमले खेल जित्यो भने उसले १४ अंक पाउँछ। यदि खेल बराबरीमा सकियो भने दुवै टिमले ७-७ अंक बाँड्छन्।

नियमअनुसार खेललाई वर्षाले प्रभावित गऱ्यो भने दुवै टिमलाई १०-१० अंक दिइन्छ। लिगका आधारमा खेलाइने यो प्रतियोगितामा सर्वाधिक अंक ल्याउने टिम नै प्रतियोगिताको विजेता हुनेछ। यदि अंक बराबर भए जितको आधारलाई हेरिन्छ। यसमा पनि बराबर भए पहिलो इनिङमा लिएको अग्रतालाई विश्लेषण गरिन्छ। त्यसमा पनि बराबर भए पाएको बोनस अंक त्यसपछि पनि बराबर भए रनका आधारमा विजेताको निर्णय गरिन्छ। पहिलो पटक आयोजना भएको यो प्रतियोगितामा क्षेत्र नम्बर-१ विराटनगर, क्षेत्र नम्बर- २ वीरगन्ज, क्षेत्र नम्बर- ३ काठमाडौं, क्षेत्र नम्बर- ४ भैरहवा, क्षेत्र नम्बर- ५ नेपालगन्ज र क्षेत्र नम्बर- ६ बैतडीले सहभागिता गरिरहेका छन्। गत आइतबार प्रारम्भ भएको यो प्रतियोगिता नेपालगन्ज, वीरगन्ज, भैरहवा र कलैयामा भैरहेको छ। यो प्रतियोगिताको फाइनल खेल असार ९ गते हुनेछ।

# मुहार फेर्ने अभियानमा क्रिकेट



प्रतिभाशाली खेलाडीहरू भए पनि प्रगति हुन नसकिरहेको नेपाली क्रिकेट पुराना समस्याबाट मुक्त हुने सम्भावना देखिएको छ। सही आर्थिक व्यवस्थापन, भौतिक पूर्वाधार एवं नियमित प्रशिक्षणको अभावमा उन्नति गर्न नसकेको नेपाली क्रिकेटले केही वर्षमै लामो फड्को मार्ने आधारहरू देखिन थालेका छन्। यतिखेर नेपाल क्रिकेट संघ (क्यान) आ□नो बिग्रिएको अन्तर्राष्ट्रिय छविमा सुधार गर्दै सहयोगको ओइरो लगाउने तयारीमा लागिपरेको छ।

भौतिक पूर्वाधार विकासको पहिलो पाइलाका रूपमा क्यानले मूलपानीमा अन्तर्राष्ट्रिय स्तरको एकेडेमी बनाउने तयारी गरिसकेको छ। यसका लागि एसियाली क्रिकेट काउन्सिल (एसीसी) ले १ लाख डलर प्रदान गर्ने भएको छ। ग्राउन्डका लागि राष्ट्रिय खेलकुद परिषद्ले २ सय ८० रोपनी जग्गा पनि दिइसकेको छ। जहाँ चारवटा पिच निर्माण गर्ने तयारी क्यानले गरेको छ।

चार वर्षअघि एसीसीले नै नेपालमा क्षेत्रीय एकेडेमी बनाउने तयारी गरे पनि नेपालको आन्तरिक विवादका कारण उक्त अवसर गुमेको थियो। चार वर्षपछि क्यानको नयाँ कार्य समितिले अन्तर्राष्ट्रिय समुदायको विश्वास त जित्यो, तर क्षेत्रीय एकेडेमीको अवसर भने गुमायो। यसबीच दक्षिण एसियाका प्रायः राष्ट्रमा एकेडेमी निर्माण भैसकेका कारण एसीसीले नेपालमा क्षेत्रीय एकेडेमीको आवश्यकता नदेखेको हो। चार वर्ष अघि नेपाल आन्तरिक विवादमा नफसेको भए ६४ लाख डलर पाउने निश्चत थियो।

अन्तर्राष्ट्रिय सम्बन्ध सुधारलाई पहिलो प्राथमिकता दिएको क्यानले एसीसीको विश्वास जित्दै थप १५ लाख डलर हात पर्ने सोचाइ बनाएको छ, 'विगतका केही गल्तीका कारण एकै पटक धेरै रकम दिन हिचकिचाउनु स्वभाविक हो, तर अहिले प्राप्त रकमको सही सदुपयोग भएपछि हामीले निरन्तर सहयोग पाउँदै जानेछौं।' क्यानका उपाध्यक्ष उपेन्द्र भट्टराई बताउँछन्।

दुई पटक यु-१९ एसिया कप क्रिकेट प्रतियोगिताको आयोजना गरेको नेपालले मूलपानीको ग्राउन्ड तयार भएपछि लगातार अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने अवसर पाउने कुरामा क्यान विश्वस्त छ। क्यानको योजना भने यतिमै सीमित छैन। मूलपानीमा ६ महिनाभित्र ग्राउन्ड तयार गर्ने र १८ महिनाभित्रमा एकेडेमीलाई पूर्णता दिने लक्ष्य क्यानको छ। नेपालमा क्रिकेटको प्रभाव व्यापक बनाउनकै लागि मोफसलमा पनि स्तरीय मैदान बनाइने भएको छ।

यतिखेर क्रिकेटप्रति औद्योगिक क्षेत्रको उत्साह पनि बढेको छ, जसका कारण सूर्य नेपाल तथा स्ट्यान्डर्ड चार्टर बैंकले क्रिकेट खेलमा ठूलो रकम लगानी गरिरहेका छन्। यी दुई सस्था मिलेर पाँच वर्षका लागि २ करोड रुपैयाँको प्रायोजन गर्ने निर्णय पहिल्यै गरिसकेका छन्। यी दुई सस्थाको सहयोगपछि उत्साहित क्रिकेट संघले प्रतिस्पर्धाका व्यस्त कार्यतालिका पनि तयार पारेको छ।

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा भएको यस खालको सहयोगको सही उपयोगले नेपालको क्रिकेट स्तर माथि उठ्ने कुरामा त शंका नरहला। साथै, क्रिकेटलाई पर्यटनको प्रमुख आधारका रूपमा विकसित गर्दै देशकै आर्थिक विकासमा ठूलो फड्को मार्न सक्ने सम्भावना पनि छ।

## १९ वर्षमुनिको राष्ट्रिय प्रतियोगिता

**काठमाडौं- एसियाली क्रिकेट काउन्सिलले आयोजना गर्ने १९ वर्षमुनिको एसीसी कप तथा आईसीसीले आयोजना गर्ने युवा विश्वकप क्रिकेट प्रतियोगितालाई लक्षित गरेर क्रिकेट एसोसिएसन अफ नेपाल (क्यान) ले गत सातादेखि राजधानीमा १९ वर्षमुनिको राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजित गरेको छ। अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपालका उमेर समूहका खेलाडीहरूले उत्कृष्ट नतिजा ल्याउँदै आएको परिप्रेक्ष्यमा यो प्रतियोगिताले एसीसी र युवा विश्व कप क्रिकेट प्रतियोगिताका लागि उत्कृष्ट खेलाडी तयार गर्नेछ।**

**प्रतियोगिताको तयारीका लागि क्यानले गत जेठ १७ गतेदेखि ६ क्षेत्रहरूबीच राष्ट्रिय प्रतियोगिता आयोजना गरिरहेको छ। यो प्रतिस्पर्धाअन्तर्गत समूह 'ए' मा क्षेत्र नम्बर २, ४ र ५ छन् भने समूह 'बी' मा क्षेत्र नम्बर १, ३ र ६ छन्। क्यानको विभाजन अनुसार क्षेत्र नम्बर १ मा विराटनगर, २ मा वीरगन्ज, ३ मा काठमाडौं, ४ मा भैरहवा, ५ मा नेपालगन्ज र ६ नम्बरमा बैतडी छन्। लिगका आधारमा सञ्चालन गरिएको उक्त प्रतियोगितामा प्रत्येक समूहबाट पहिलो र दोस्रो स्थान हासिल गर्ने टिमबीच सेमिफाइनल तथा सेमिफाइनल विजेताबीच फाइनल खेलाइनेछ, जसअनुसार भोलि शनिबार जेठ २६ गते फाइनल हुनेछ।**



## क्रिकेटमय नेपालगन्ज

नेपालगन्ज- बाँकेको नेपालगन्ज नगर अहिले क्रिकेटमय भएको छ। यहाँका खेलाडी, दर्शक, विद्यार्थी र शिक्षक सबैलाई क्रिकेटले व्यस्त बनाएको छ। दिउँसो मात्र होइन राति पनि यहाँका खेलमैदान खेलाडी र दर्शकले खचाखच भरिएका छन्। नेपालगन्जमा अहिले दुईवटा रात्रि र एउटा दिवा क्रिकेट प्रतियोगिता भैरहेको छ। महेन्द्र रंगशालामा जेठको पहिलो सातादेखि सहिद सेतु विक स्मृति कप रात्रि क्रिकेट प्रतियोगिता सञ्चालनमा छ। त्यसैगरी न्यू ह्यात स्पोर्ट्स क्लबले जेठको पहिलो सातादेखि नै गौसिया खेलमैदानमा ट्वेन्टी/ट्वेन्टी नक आउट रात्रि क्रिकेट प्रतियोगिता सञ्चालन गरिरहेको छ। यता, मङ्गलप्रसाद मा.वि.को खेलमैदानमा यु-१४ जिविस कप क्रिकेट प्रतियोगिता सञ्चालन भैरहेको छ।

ती प्रतियोगितामा भारतबाट समेत खेलाडीहरू आएका छन्। तीनवटै खेलमा मैत्रीपूर्णसहित कम्तीमा १ सय ५० टिमले प्रतिस्पर्धा गरिरहेको आयोजकहरूले बताएका छन्। सहिद सेतु विक स्मृति क्रिकेट प्रतियोगितामा ४८ टिमले सहभागिता जनाएका छन् जसमा आधा दर्जन भारतीय टिम छन्। न्यू ह्यात स्पोर्ट्स क्लबद्वारा सञ्चालित रात्रि क्रिकेटमा ५६ वटा टिमले भाग लिएका छन् जसमा १८ वटा भारतीय टिम छन्। मंगलप्रसाद खेलमैदानमा ३६ वटा टिमले प्रतिस्पर्धामा गरिरहेका छन्। नेपालगन्जमा सञ्चालन भैरहेको रात्रि क्रिकेट प्रतियोगिताले अहिले सबैभन्दा बढी दर्शकको ध्यान आकर्षित गरेको छ। दर्शकहरू आ-आफ्नो समूहलाई हौसला प्रदान गर्न ब्यान्ड बाजासहित खेलमैदानमा पुग्छन्।

फुर्सद हुने हुँदा रातको शीतलतामा क्रिकेट हेर्न आउनेको संख्या बढेको अनुभव आयोजकहरूको छ। कहिल्यै मैदान नछिरेकाहरू पनि रात्रि क्रिकेटको आनन्द लिन आएको देखेर आयोजक पनि हौसिएका छन्। न्यू ह्यात स्पोर्ट्स क्लबका सकिल अहमद हलवाईले रात्रि क्रिकेटले आयोजकहरूमाथि जिम्मेवारी थपेको बताए। रात्रि क्रिकेट प्रतियोगिता सञ्चालन गर्न न्यू ह्यातले ठूलै लगानी गरेको छ। आफैंले खेल मैदान निर्माण गरेर प्रतियोगिता सञ्चालन गरेको न्यू ह्यातले खेलमैदानमा विद्युत्को व्यवस्था गर्न ठूलै सङ्घर्ष गर्नुपरेको थियो।

# कृतिम आरोहणको मजजा

पोखरा- आम्मै □ हिमाल चढेजस्तै कति कठिन यो आरोहण पर्खाल उक्लन, पोखरामा ट्रेकिङ गाइडका रूपमा कार्यरत २० वर्षीया जानुका राईले पर्खालबाट झरेपछिको आफ्नो अनुभव बताउँदै भनिन्- यो सहासिक खेल नै हो। भोजपुरकी जानुका तीन वर्षदेखि अन्नपुर्ण क्षेत्रमा महिला ट्रेकिङ गाइडका रूपमा कार्यरत छिन्।

अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय परिसरमा रहेको २२ मिटर चट्टानबाट बनेको अग्लो आरोहण पर्खाल चढ्न उनीजस्तै तन्नेरी युवतीहरू पनि कम देखिएनन्। एक वर्षअघि बनेको नेपालकै सबैभन्दा अग्लो आरोहण पर्खाल चढ्ने प्रतियोगिता नै चल्यो।

मानवनिर्मित यो पर्खाल एक वर्षअघि फ्रान्सेली दूतावासको सहयोगमा ८ लाखको लागतमा निर्मित भएको हो। गएको साता दुई दिनसम्म नेपाल पर्वतारोहण संघ अन्नपूर्ण शाखाले गरेको प्रतियोगितामा २६ जना प्रतियोगीले प्रतिस्पर्धा गरेका थिए, जसमा १० जना महिला र १६ जना पुरुषको सहभागिता थियो।

प्रतियोगिताको नाम परिचयात्मक बाल-क्लाइम्बिङ दिइएको थियो। करिब एक साताअघिदेखि प्रतियोगीहरूलाई आरोहणसम्बन्धी तालिम तथा सो सम्बन्धमा सैद्धान्तिक ज्ञान पनि आयोजकहरूले गराए। तालिम र ज्ञानपश्चात् नै प्रतियोगीहरूले प्रतिस्पर्धा गरेका हुन्। डोरीको सहायतामा चढ्न सकिने यो रोमाञ्चकारी खेल हेर्नेहरूको पनि भीड थियो।

महिला तथा पुरुष गरी भिन्न-भिन्न इभेन्टमा गराइएको पर्खाल आरोहण प्रतियोगितामा महिलातर्फ रानी पौवाकी २० वर्षीया निर्मल गुरुङ प्रथम भइन्। त्यसै गरी ट्रेकिङ गाइड जानुका राईले द्वितीय भइन् भने भरतपुर चितवनकी प्रभा गुरुङले तृतीय स्थान हासिल गरिन्। पुरुषतर्फको प्रतिस्पर्धामा भदौरे तामागी कास्कीका चिजबहादुर गुरुङ पहिलो भए।

त्यस्तै ड्याम साइडका टीकाप्रसाद सापकोटा द्वितीय र ट्रेकिङ गाइड भोजेन्द्र



तामाङ तृतीय भए। प्रतियोगितामा महिला तथा पुरुषतर्फ प्रथम, द्वितीय र तृतीय हुनेले क्रमश २ हजार, १ हजार ५ सय र १ हजार नगदका साथमा प्रमाणपत्र प्राप्त गरेका थिए।

# हिमालमा म्याराथन

नम्चेबजार– संसारकै कठिन मानिने तेन्जिङ-हिलारी एभरेस्ट म्याराथनमा दीपककुमार राईले लगातार दोस्रो पटक प्रथम स्थान हात पारेका छन्। बिहान ७ बजे सगरमाथा आधारशिविरबाट दौडन सुरु गरेका राईले ३ घण्टा ५९ मिनेट २४ सेकेन्डमा ४२ दशमलव १ सय ९५ किलोमिटर दूरी पार गरेका थिए। गत वर्ष ३ घण्टा २८ मिनेट २७ सेकेन्डमा पार गरेका राईले यस पटक ३० मिनेट ५७ सेकेन्ड ढिलो गरी दूरी पार गरे।

५ हजार ३ सय ६० मिटर उचाइको सगरमाथा आधारशिविरबाट सुरु भै ३ हजार ४ सय ४० मिटर उचाइमा अन्त्य हुने तेन्जिङ-हिलारी एभरेस्ट म्याराथन सर्वाधिक उचाइमा आयोजना हुने म्याराथन हो। यो दौडमा धावकले सगरमाथा आधारशिविर, गोरक्सेप (५ हजार १ सय ६०), लोबुचे (५ हजार), फिरिचे (४ हजार) तथा विश्वप्रख्यात तेङबोचे गुम्बाहुँदै हिलारी गाउँ खुम्जुङको बाटो पछ्याउनुपर्छ।

सोलुखुम्बु गुदेल गाविसका २५ वर्षीय राईले लगातार दुई वर्ष प्रथम भएका सोलुखुम्बुकै दाङडिमा शेर्पालाई ६ मिनेट १५ सेकेन्डको अन्तरले जितेका थिए। प्रथम, द्वितीय र तृतीयलाई आयोजक हिमालय एक्सपिडिसनले क्रमशः १ हजार, ५ सय र ३ सय डलर पुरस्कार प्रदान गरेको थियो।

उक्त म्याराथनमा नेपाली महिलातर्फ याङडी लामा शेर्पा प्रथम भइन्। उनले ५ घण्टा २७ मिनेट ४१ सेकेन्डमा निर्धारित दूरी पार गरेकी थिइन्। सोलुखुम्बु टाक्सिन्धुकी शेर्पा विगत दुई वर्षदेखि लगातार प्रथम हुँदै आएकी छिन्। प्रतिस्पर्धामा थामेकी १९ वर्षी मिङमा छम्जी शेर्पाले दोस्रो स्थान हात पारिन्। उनले ५ घण्टा २९ मिनेट २६ सेकेन्डमा दूरी पार गरेकी थिइन्।

फुर्तेकी फुर्बायाङ्जी शेर्पाले ५ घण्टा ३६ मिनेट ५१ सेकेन्डमा निधारित दूरी पार गरेर तेस्रो स्थान हासिल गरिन्। उनी दूरी पार गर्नेबित्तिकै लडेर बेहोस भएकी थिइन्। उनलाई तत्काल हेलिकप्टरबाट कुन्दे अस्पताल पुऱ्याइएको थियो।

विदेशीतर्फ फ्रान्सका एन्टोनियो बोनफिस प्रथम भए। उनले ४ घण्टा ५१ मिनेट २५ सेकेण्डमा दूरी पार गरेका थिए। यो म्याराथनमा ५३ जना विदेशीसहित १ सय ३६ जना धावक सहभागी थिए। पाँचौं तेन्जिङ-हिलारी एभरेस्ट म्याराथनमा सबै स्थानमा नेपालीले कब्जा जमाए।

यो म्याराथनमा आइरिस दृष्टिविहीन मार्क पोलोकले इतिहास रचेका छन्। ९ वर्षअघि दृष्टि गुमाएका यी आइरिस धावक सगरमाथा आधारशिविरबाट दौडेर अन्तिम बिन्दु नाम्चेबजार पुगेका थिए। मार्कले १६ घण्टा २७ मिनेट ३९ सेकेन्डमा ४२ दशमलव १ सय ९५ किलोमिटर दूरी पूरा गरेका थिए। ५ हजार ३ सय ६० मिटर उचाइबाट सुरु भै ३ हजार ४ सय ४० मिटर उचाइमा आएर यो म्याराथन रुट टुंगिन्छ।

**–चक्र कार्की**

## बुटवलमा सयपत्री राष्ट्रिय गोल्डकप

बुटवल– टेलिभिजनको पर्दामा मात्रै राष्ट्रिय स्तरका फुटबल प्रतिस्पर्धा हेरेर मजा लिने बुटवलका फुटबलप्रेमीहरूले यसपटक आफ्नै सहरको खेलमैदानमा यस्तो प्रतियोगिता प्रत्यक्ष हेर्ने अवसर पाए। सयपत्री युवाक्लब रामनगरले हिजो बिहीबारदेखि 'प्रथम राष्ट्रिय सयपत्री गोल्डकप नक आउट फुटबल प्रतियोगिता' आयोजना गरेर ६ वर्षदेखि हुन नसकेको राष्ट्रिय स्तरको फुटबल प्रतियोगितालाई ब्यूँझाउँदै फुटबलप्रेमीहरूलाई उत्साहित बनाएको छ। विजेता टिमलाई ५० हजार नगद र गोल्डकप तथा उपविजेता टिमलाई २५ हजार नगद र कप पुरस्कार प्रदान गरिने प्रतियोगितामा राष्ट्रिय स्तरमा चर्चित १० वटा टिमले प्रतिस्पर्धा गर्दैछन्। प्रतियोगितामा काठमाडौंको ब्वाइज युनियन, संकटा, फ्रेन्ड्स र जाउलाखेल युथ क्लबका खेलाडीहरू सम्मिलित हिमालयन शेर्पा युवा क्लब, पूर्वी नेपालको लालबन्दी-११, पोखराको साहारा, चितवनको नारायणगढ-११, नवलपरासी-११ तथा रूपन्देहीका ५ वटा उत्कृष्ट टिमले प्रतिस्पर्धा गर्दैछन्। बुटवलमा २०४९ सालदेखि हुँदै आएको तिलोत्तमा गोल्डकप शाही शासनकालमा स्थगित भएपछि राष्ट्रिय स्तरका फुटबल प्रतियोगिता हुन नसक्दा यस क्षेत्रका खेलप्रेमीहरू निराश भएका थिए। अनुमानित ७ लाख रुपैयाँको खर्चमा सञ्चालन भैरहेको यो प्रतियोगिता रामनगरस्थित खेलमैदानमा असार २ गतेसम्म चल्नेछ।

## रूपन्देही क्रिकेट एकेडमीको जित

बुटवल- मुम्बई क्रिकेट क्लब भारत तथा रूपन्देही क्रिकेट एकेडमीबीच भैरहवाको सिद्धार्थ रंगशालामा सञ्चालन भएको तीन खेलको एक दिवसीय क्रिकेट श्रृंखला रूपन्देही क्रिकेट एकेडमीले जितेको छ। आइतबार सम्पन्न अन्तिम श्रृंखला मुम्बईले जिते पनि यसअघिका दुई श्रृंखला हारेको हुँदा रूपन्देही २-१ को अन्तरले विजयी भएको हो। आइतबारको अन्तिम खेलमा मुम्बईले रूपन्देहीलाई ३६ रनले पराजित गरेको थियो। उक्त अवसरमा रूपन्देहीका कृतन गुरुङ म्यान अफ द सिरिज घोषित भए।

**–टोपराज शर्मा**

## चन्द्र स्मृति कप कोलोनीको पोल्टामा

नुवाकोट– सहिद चन्द्रबहादुर बयलकोटी स्मृति कप जिल्ला स्तरीय खुला क्रिकेट प्रतियोगिताको उपाधि कोलोनी युथ सर्कलले हात पारेको छ। शनिबार सम्पन्न फाइनलमा कोलोनीले क्रिकेटर युथ क्लबलाई एक विकेटले पराजित गरेको हो।

पहिले टस जितेर ब्याटिङमा उत्रिएको क्रिकेटर युथ क्लबले २७ दशमलव ५ ओभरमा अलआउट हुँदै १ सय ७ रन बनाएको थियो। १ सय ८ रनको विजय लक्ष्य पाएको कोलोनी युथले १९ दशमलव १ ओभरमा ९ विकेट गुमाएर उक्त लक्ष्य हासिल गरेको थियो, जसमा कोलोनी युथ क्लबका राजकुमार डंगोलले २ चौका र २ छक्काको मद्दतले २८ रन जोडेका थिए भने बलिङतर्फ दीपेन्द्र पुडासैनी र राजेश श्रेष्ठले ३-३ विकेट लिएका थिए।

फाइनलको म्यान अफ दि म्याच कोलोनी युथका राजकुमार डंगोल घोषित भए। त्यस्तै म्यान अफ दि सिरिज र उत्कृष्ट बलरको पुरस्कार पनि डंगोलले नै हात पारे। उत्कृष्ट ब्याट्समयान कोलोनी युथकै रमेश श्रेष्ठ भए। नुवाकोट क्रिकेट संघद्वारा आयोजित प्रतियोगितामा जिल्लाका ८ वटा टिमले भाग लिएका थिए।

## खुला सडक दौड

विराटनगर- विश्व धूम्रपानविरुद्धको दिवसका अवसरमा गत साता विराटनगरमा भएको खुला सडक दौड प्रतियोगितामा ५० जनालाई उछिन्दै चन्द्रलाल श्रेष्ठ प्रथम भएका छन्। प्रतियोगितामा विन्देश्वर यादव दोस्रो तथा मेघराज मगर तेस्रो भएका छन्। उनीहरू तीनै जना पूर्व क्षेत्रीय प्रहरी तालिम केन्द्र विराटनगरका प्रहरी जवान हुन्। मिल्स वाचानालय तथा ग्रामीण सामुदायिक विकास समाजको आयोजनामा भएको प्रतियोगितामा ९ किलोमिटर दौडाइएको थियो।



मिल्स वाचनालयबाट सुरु भएको दौड रोडशेष चोक हुँदै मलाया रोडबाट पुनः सोही ठाउँमा पुगेर टुङ्गिएको थियो। अग्रपंक्तिमा रहेका तालिम केन्द्रमै तालिमरत प्रहरी सहायक निरीक्षक खड्ग आचार्य आठ किलोमिटर दौडिएर बेहोस भएपछि पछाडि रहेका श्रेष्ठले उपाधि जितेका हुन्। अत्यधिक गर्मीका कारण बेहोस भएका आचार्यलाई उपचारार्थ कोसी अञ्चल अस्पताल लगिएको थियो। आयोजकहरूले प्रतियोगीहरूलाई एउटै कपडामा दौडाएका थिए। विभिन्न कार्यक्रम गरेर विश्व धूम्रपानविरुद्धको दिवस मनाउँदै आएको वाचनालयले यो वर्षदेखि खुला सडक दौड प्रतियोगिता गर्न थालेको वाचानलयका अध्यक्ष प्रमोद लामाले बताए।

**–कमल रिमाल**

## प्रसंग कतिपय



विक्रम राई



*पीरैपीरको भारी बोकी कता जाने दाइ*
*उँभो लागे बिगु गुम्बा*
*उँधो लागे नीलो गङ्गा*
*जहाँ पुगे नि सुख छैन*
*सपना देख्ने मान्छेलाई*

कवि श्रवण मुकारुङका यी पंक्ति हर्कवीरमा ठ्याक्कै लागू हुन्छन्। बाल्यकालमै टुहुरो भै मामाघरमा हुर्किएका हर्कसाह्रै नै दुःखका साथ पढे र बढे। सानै उमेरदेखि मिहिनेत गरी जम्मा गरेको पुँजीले उनले विवाह गर्न भ्याए। पहिलो सन्तान सन्चवीरपश्चात् दोस्रो कान्छावीरको जन्म भयो। सन्तान हुर्काउने जिम्मेवारी धान्न नसकी उनी मुग्लान पस्नुपर्ने बाध्यता आइलाग्यो।

म्यानपावरको चर्तिकला र दलालहरूको बिगबिगीले उनमा नैराश्यता आए पनि जोडतोड गरी मामाघरको सिफारिसमा सयकडा चारका दरले ऋण लिई उनी एयरपोर्ट पुगे। टिकट त छ, तर प्लेन छैन। यसरी पाँच दिन धाएपछि उनी गन्तव्य स्थलतर्फ उड्न सफल भए। विदेशी भूमिमा तिरस्कारपूर्ण हेपाइ छँदै थियो, तर आ□नै राष्ट्र ध्वजावाहकमा उड्दा पनि त्यहाँभित्र पाएको व्यवहार कम बिर्सनलायक थिएन।

कबुल गरेको काम र दाम नभेटिंदा सस्तो र जोखिमपूर्ण काम गर्नु उनको अर्को बाध्यता रह्यो। एक दिन आ□नै पसिनामा चिप्लिएर हर्कवीरको इहलीला समाप्त भयो। यता उनको परिवारको बिचल्ली हुने अवस्था आइपर्‍यो। साहूको ऋण त्यसमा पनि ब्याजले विधवा साइँलीमाया आ□ना कलिला दुई छोरालाई त्यसै अलपत्र छाडेर कतै हराइन्। अब ती दुई छोराले केही वर्षपश्चात् हर्कवरको डोबाई पछ्याउनेछन्।

रेमिटान्समा गर्व गर्दै हिंड्ने देशका अर्थविद्हरूलाई हर्कवीर भनाउँदा यस्ता प्रतीकहरूले के सन्देश दिन्छन्, बुझ्न गाह्रो छैन। हाम्रो सामाजिक जीवनमा यस्ता हर्कवीरहरू पाइला-पाइलामा भेटिन्छन्। सबै आखिर मीठो सपनाकै निम्ति त भागदौड गरिरहेका छन्। भर्खरै यार्सागुम्बा टिप्न गएका सोह्र डोल्पाली हिउँले पुरिए। तिनीहरूलाई यार्सागुम्बाको सपनाले निल्यो।

कोही हिलोमा घोंघी भेला पारेर भने कोही जङ्गल र झाडीमा निगुरोका मुन्टा भाँच्दै सपना देख्छन्। हामी आ□नो परिवारको सपना पूरा गर्नकै निम्ति खाडी मुलुकहरूमा पुगेका छौं। हामी युद्धग्रस्त इराक र अफगानिस्तानमा पनि आफ्ना सपनाहरूलाई यथार्थमा परिणत गर्न होमिएका छौं।

हामी आफ्ना असीमित इच्छा र सपनाहरूलाई जीवन्त राख्न अमेरिका र बेलायत भास्सिएका छौं तर ती सपनाहरू कहिले खाडी मुलुकको कुनै कोठामा मृत भेटिन्छ त कतै कोरियाको कुनै फ्याक्ट्रीको मेसिनमा अल्भिन्छ। परिणाम वृद्ध पिताले छोराको शव पाउन पुनः साहुकहाँ अर्को खेत बन्धक राख्नुपर्ने हुन्छ। युरोप र अमेरिकामा दुर्घटनाका कारण हाम्रा सपनाहरू क्षणभरमै दुःखमा बदलिएका छन्।

कतिका मीठा सपना विदेशी कारागारको पर्खालभित्र खुम्चिएका छन्। भारतमा मजदुरी गरेर फर्किएका हाम्रा परिश्रमी हातलाई गोरखपुर र अन्य नाकाका ठगहरूले झ्याइदिएका छन्। दलालहरूले नेपाली चेलीहरूको अस्मितामाथि झम्टि नै रहेका छन्। स्वदेशमा पाखे भनेर हेपिने यी सपनाजीवीहरूप्रति विदेशी भूमिमा कति न्याय होला– कल्पना गर्न सकिँदैन। तैपनि आफ्ना सपनाकै खातिर लिएको ऋणको सावाँ तथा ब्याज तिर्नकै लागि पीरैपीरको भारी बोक्नुपरेको छ। अर्थात् श्रवणकै भाषामा बुझ्नुपर्दा,

*युगौं देखि छ– जाडो*
*ल्याम्पपोस्टमुनि आगो तापिरहेछन्– नानीहरू।*

## सर्वोच्च शिखरमा नाङ्गो कीर्तिमान



लाक्पा थार्के शेर्पाले गत आइतबार सगरमाथाको सफल आरोहण गरेपछि सर्वोच्च शिखर सगरमाथामा ३ मिनेट नाङ्गो भएर उक्त कीर्तिमान् कायम गरेका हुन्। उनीसँग रहेको आरोहण दलले शेर्पाले उक्त कार्य गरेको जानकारी सेटेलाइट फोनमार्फत आफ्नो आरोहण दलका सहयोगीहरूलाई गराएका थिए।

उक्त कीर्तिमानका तस्बिरहरू खिचिए पनि उनीहरू अझै नफर्किएका कारण तस्बिर सार्वजनिक भैसकेको छैन। थर्मोकोलमा उभिएर बनाइएको यो नौलो कीर्तिमानप्रति अहिले शेर्पा समुदाय तथा सगरमाथा आरोहण क्षेत्रमा लागेका व्यवसायीहरू भने रुष्ट देखिन्छन्। सगरमाथालाई धर्तीको आमा मान्ने शेर्पा समुदायले लाक्पाको यो प्रयासले धार्मिक आस्थामा समेत चोट पुगेको बताएको छ।

नेपाल पर्वतारोहण संघका अध्यक्ष आङछिरिङ शेर्पाले भने- सगरमाथालाई नेपालीले आमाका रूपमा लिन्छन्। आमाको काखमा यस्तो किसिमको क्रियाकलाप गर्नेलाई सरकारले कुनै न कुनै कारबाही गर्नैपर्छ। मौसमविद्हरूका अनुसार सगरमाथाको चुचुरोको तापक्रम सर्वाधिक चिसो हुँदा -२५ डिग्री र सर्वाधिक न्यानो अवस्थामा -७ डिग्री सेल्सियस रहन्छ।

सगरमाथाका प्रत्येक आरोहणमा कुनै न कुनै कीर्तिमान कायम हुने गरेको छ। अहिले सगरमाथासँग गाँसिएका सयभन्दा बढी कीर्तिमान छन् भने यस्ता कीर्तिमान थपिने क्रम जारी छ। सगरमाथा आरोहणमा बन्ने कीर्तिमानहरूमा शेर्पा आरोहीहरूको नाम सर्वाधिक आउने गरेको छ, जसका कारण अहिले शेर्पा आरोहीहरू सगरमाथामा नयाँ-नयाँ किसिमका कीर्तिमान कायम गर्ने सुरमा छन्। यस्तै किसिमको नौलो कीर्तिमान यस पटकको सगरमाथा आरोहणका क्रममा एक शेर्पा आरोहीले कायम गरेका छन्। त्यो हो– 'विश्वकै सर्वाधिक उचाइमा नाङ्गो हुने।'

हिमालयन गाइड कम्पनीका हिमाल आरोहण सहयोगी २४ वर्षीय

## धरहरामा जिन्स फेसन



साप्ताहिक समाचार

**काठमाडौं– धरहराको ठ्याक्कै पछाडि सञ्चालनमा आएको 'क्लब धरहरा'को परिसरमा गत शुक्रबार फेसन सो हुने भनिएको थियो। बन्दका कारण शनिबार साँझ सारिएको उक्त फेसन सोमा दर्शकहरू साढे पाँच बजेपछि नै आउन थालिसकेका थिए। पौने सातबजेतिर कार्यक्रम सुरु भयो। गर्मीले अत्तालिएका दर्शक सो सुरु भएपछि रमाउन थाले। एकपछि अर्को गर्दै १६ जना पुरुष तथा महिला मोडलहरू र्‍याम्पमा देखा परे।**

**उनीहरूले जिन्सका स्कर्ट, समर ज्याकेट, स्टोनवास गरिएका पाइन्ट, हाफ ज्याकेट आदि आकर्षक ढंगबाट प्रस्तुत गरे। जिन्सका पहिरनको उक्त सिक्वेन्स नै कार्यक्रमको आकर्षण बन्यो। मोडल तथा नृत्याङ्ना शर्मिला श्रेष्ठको आइटम नृत्य धेरैले मन पराए। द राइट आर्म इन्टरनेसनलले 'द फेसन सो एन्ड म्युजिकल इभनिङ' शीर्षकमा आयोजना गरेको उक्त कार्यक्रममा गायक प्रनिल एल. तिमल्सेना, विमल पराजुली तथा गायिका जुना प्रसाईंले आ–आफ्ना गीत सुनाएका थिए।**

## फुर्सदको कुराकानी



**यतिबेला योङ कम्युनिष्ट लिग (वाइसिएल) चर्चामा छ। चर्चित रक्तचन्दन पक्राउदेखि राज्यले खोजिरहेको व्यक्ति सीताराम प्रसाईंलाई समातेर प्रहरीलाई बुझाउनेसम्मका काममा वाइसिएल सक्रिय देखिएको छ। वाइसिएलको यो सक्रियताका बारेमा लिगका महासचिव दिलीप प्रजापतीसँग गरिएको कुराकानी :**

**वाइसिएलका विषयमा प्रधानमन्त्रीको अभिव्यक्तिलाई कसरी लिनुभएको छ ?**

-गिरिजाप्रसादले हामीलाई अपराधी भनेका छन्, त्यसलाई हामीले उनले आफ्नो अपराध लुकाउन व्यक्त गरेको छटपटाहटको रूपमा लिएका छौं।

**अब सीताराम प्रसाईंलाई कारबाही हुन्छ जस्तो लाग्छ ?**

-हामीले प्रशासनलाई विश्वास गरेर बुझाएका छौं। जसको हातमा कानुन छ, अब उनीहरूले नै प्रसाईंलाई कारबाही गरून तर कारबाही भएन भने फेरि पनि खुलामञ्चमा लगेर जनतालाई बुझाइदिनेछौं।

**वाइसिएल भूमिगत राजनैतिक अवस्थादेखि नै सक्रिय थियो ?**

-वाइसिएल २०४८ सालमा स्थापना भएको हो तर पार्टी जनयुद्धमा गइसकेपछि यो सांगठनिक रूपमा क्रियाशील रहेन। पछिल्लो अवधिमा पार्टी सरकारमा र जनमुक्ति सेना शिविरमा गइसकेपछि समग्र युवा पंक्तिलाई बदलिंदो राजनैतिक स्थितिअनुसार समेटेर अगाडि बढ्नुपर्ने आवश्यकता महसुस गरी वाइसिएलको पुनर्गठन भएको हो।

**वाइसिएलको संगठनभित्र जनमुक्ति सेना पर्छ कि पर्दैन ?**

-जनमुक्ति सेना जनमुक्ति सेना नै हो, वाइसिएल वाइसिएल नै हो। दुवैको सांगठनिक संरचना छुट्टै छ। काम कारबाहीका तौरतरिकाहरू पनि फरक छन्।

**पार्टी सत्तामा गएपछि त्यसैमार्फत् सरकारी संयन्त्रलाई परिचालन गर्नुको साटो वाइसिएल बढी बाठो भएको जस्तो देखिएको छ नि ?**

-यो हाम्रो पनि सरकार हो, त्यसकारण पनि हामी यो सरकारलाई सक्दो सहयोग गर्छौं। यसविरुद्ध लाग्ने जो कोहीको प्रतिकारमा हामी लाग्छौं।

**तपाईंहरूलाई कानुन हातमा लिने अधिकार छ ?**

-हामीले कहाँ कानुन हातमा लिएका छौं, प्रसाईंकै केसमा पनि हामीले उसलाई कानुनी कारबाही नगरी प्रशासनलाई बुझाएका छौं। यदि हामीले कानुन हातमा लिएको भए खुला मञ्चमा जनअदालत खडा गरेर जनताबाटै प्रसाईंलाई दण्ड दिन्थ्यौं।

**वाइसिएलका कमजोरी छैनन् ?**

- कतै कमजोरी हुन्छ कि भनेर हामी सचेत छौं।

**वाइसिएलले गर्दै आएको जबरजस्तीका घटनालाई कसरी व्याख्या गर्नुहुन्छ ?**

-हामीले कतै पनि जर्बजस्ती गरेका छैनौं।

**वाइसिएलका कमजोरीहरू छन् भनेर तपाईंकै नेताहरू स्वीकार गरिरहनुभएको छ नि ?**

-होला, कामका क्रममा कहीं कतै केही कमजोरी भए होलान् तर लिवाङको घटना, सिडिओलाई हातपात गरेको भनेको घटना, पिके क्याम्पसमा भएको घटनामा वाइसिएलको संलग्नता छैन।

**वाइसिएलले आर्थिक स्रोत कहाँबाट जुटाइरहेको छ ?**

-ठेक्कापट्टाहरू सञ्चालन गरेका छौं, चन्दा मागेका छौं। अपराध गरेको अपराधीले अब म सच्चिन्छु भनेर आर्थिक सहयोग गरेका छन्।

**अपराधीले पैसा दियो भन्दैमा लिने यो कस्तो नीति हो ?**

-अपराधीलाई पैसा दियो भन्दैमा छोड्ने होइन, उसलाई दण्ड दिन्छौं, ऊ सच्चिन्छु भनेर आत्मालोचना गर्न तयार भएको खण्डमा मात्र उसले दिने सहयोग लिन्छौं।

**वाइसिएलले जफत गरेका सामग्री के गर्नुभएको छ ?**

-जफत गरेका सामग्री फिर्ता गर्दै आएका छौं।

**तपाईंको दैनिकी कसरी बित्छ ?**

-बिहानदेखि वेलुकासम्म पार्टी काममै व्यस्त भइन्छ।

**जीवनमा मनोरञ्जन कति आवश्यक छ ?**

-अत्यन्तै आवश्यक छ तर यसलाई ग्रहण गर्ने शैली भने फरक हुनसक्छ।

**तपाईंको पार्टी क्रान्तिकारी विचार राख्ने भएकाले मनोरञ्जन अनावश्यक मानिंदैन ?**

-त्यस्तो होइन, हामी निश्चित समयमा मनोरञ्जनका कार्यक्रमहरू सञ्चालन गरिरहेका हुन्छौं।

**प्रेम र यौनको परिभाषा के हो ?**

-सामन्ती सत्ताले युवापुस्तालाई प्रेम र यौनभित्र मात्र कैद गर्न खोजिरहेको छ। हामी त्यसलाई सच्याउन लागेका छौं। यौन एउटा जैविक आवश्यकता हो।

**तपाईं विवाहित हो ?**

हो, मेरो एघार वर्षको छोरा छ। जनयुद्ध हुनु अगावै मेरो विवाह भैसकेको थियो।

**तपाईंको परिवार नै आन्दोलनमा सक्रिय थियो कि ?**

मेरी श्रीमती पनि आन्दोलनमै हुनुहुन्थ्यो, उहाँ अहिले जिल्लास्तरमा कार्यरत हुनुहुन्छ।

**छोरा कसरी हुर्काउनुभयो त ?**

-पहिलो डेढ वर्ष सँगै राखेर हुर्कायौं, त्यसपछि बुबा-आमाको जिम्मेवारीमा छोडेका थियौं।

**श्रीमान–श्रीमती अलग–अलग रहेर काम गर्नुभयो ?**

हामी सँगै र अलग-अलग भएर पनि काम गर्‍यौं।

**फुर्सदमा के गर्नुहुन्छ ?**

-अध्ययनमा बिताउँछु,।

**–विख**

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।